आर्थिक वर्ष २०८२।०८३ को
वार्षिक प्रगति प्रतिवेदन

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी, प्रदेश नेपाल

E-mail : info@sunilsmritimun.gov.np
ssrminfo@gmail.com
Website: sunilsmritimun.gov.np

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी, प्रदेश नेपाल

शुभकामना

जनताका आवश्यकता, अपेक्षा र आकांक्षालाई सम्बोधन गर्दै स्थानीय स्तरमा उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग मार्फत सुनिलस्मृति गाउँपालिकाको आ.व. २०८२/०८३ मा भए गरेका कार्यक्रमहरुको बार्षिक प्रगति प्रतिवेदन, २०८३ प्रकाशन गर्न लागेको हुँदा अत्यन्तै खुसि भएको छु। गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, खानेपानी, सडक तथा पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन, वन तथा वातावरण संरक्षण, विपद् व्यवस्थापन, सामाजिक विकास, रोजगारी सिर्जना तथा संस्थागत क्षमता विकासलगायतका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ।

आ.व. २०८२/०८३ मा कुल स्वीकृत बार्षिक बजेट रु.५६,५७,५८,९४९मा वास्तविक आय रु.५०,३१,२०,२३३.६१ रहेको थियो भने वास्तविक आयमा कुल खर्च रु. ४६,४७,०४,९०४.६८ रहेको थियो जसमा ९२.३६ प्रतिशत वित्तिय प्रगति भएको देखिन्छ। यसरी वित्तिय प्रगतिलाई हेर्दा कार्यसम्पादनलाई सन्तोषजनक रुपमा लिन सकिन्छ तथापी आगामी वर्षहरुमा वित्तिय प्रगतिलाई थप सुधार गर्दै लैजानु पर्ने देखिन्छ। यस **वार्षिक प्रगति प्रतिवेदन**ले गाउँपालिकाबाट एक आर्थिक वर्षमा सम्पादन गरिएका योजना, कार्यक्रम, सेवा प्रवाह तथा प्राप्त उपलब्धिहरूलाई तथ्यपरक रूपमा अभिलेखीकरण गर्ने विश्वास लिएको छु। प्रतिवेदनले गाउँपालिकाको कार्यसम्पादनप्रति नागरिक, जनप्रतिनिधि, कर्मचारी, विकास साझेदार तथा सरोकारवाला सबैलाई जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउनुका साथै आगामी योजना निर्माण र कार्यदिशा निर्धारणका लागि महत्वपूर्ण आधार प्रदान गर्नेछ।

विकास केवल भौतिक पूर्वाधार निर्माणमा मात्र सीमित हुँदैन। नागरिकले सहज, सरल, पारदर्शी र प्रभावकारी रूपमा सार्वजनिक सेवा प्राप्त गर्नु पनि विकासको महत्वपूर्ण पक्ष हो। त्यसैले गाउँपालिकाको सेवा प्रवाहलाई थप नागरिकमैत्री, प्रविधिमैत्री, पारदर्शी र जवाफदेही बनाउँदै **"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्प : दिगो विकास र सुशासन मात्र विकल्प"** भन्ने मूल भावनालाई व्यवहारमा रूपान्तरण गर्ने हाम्रो निरन्तर प्रयास रहनेछ। गाउँपालिकाको विकास र समृद्धिको यात्रामा सहयोग, सुझाव र सहकार्य गर्नुहुने सम्पूर्ण गाउँपालिकावासी, जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज, निजी तथा गैरसरकारी क्षेत्र, विकास साझेदार, सञ्चारकर्मी एवं सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु। आगामी दिनमा पनि यहाँहरूको रचनात्मक सहयोग, साथ र खबरदारी निरन्तर प्राप्त हुने अपेक्षा गर्दछु।

अन्त्यमा, यस वार्षिक प्रगति प्रतिवेदन प्रकाशन तथा तयारीमा संलग्न सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा सम्बन्धित शाखा/इकाइलाई धन्यवाद ज्ञापन गर्दै गाउँपालिकाको समग्र विकास, सुशासन र समृद्धिका लागि हामी सबैको साझा प्रयास निरन्तर अघि बढोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

श्रावण २०८३

(मणिराम बुढाथोकी)
अध्यक्ष

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी, प्रदेश नेपाल

शुभकामना

गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा कार्य सम्पादन गरेको विषयमा वार्षिक प्रगति प्रतिवेदन २०८३ प्रकाशन गरेकोमा मलाई खुसी लागेको छ । प्रतिवेदनमा गाउँपालिकाको भौगोलिक, शैक्षिक तथा जनसंख्या स्थिति सहित सबै विषयगत शाखा, वडा कार्यालयले गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र विनियोजित बजेट अनुसार वर्षभरी गरेको कामको वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुभएको छ। यस प्रतिवेदनले नागरिकको सुसूचित हुने हकलाई समेत सुनिश्चित गर्दछ।

यस गाउँपालिकाको **"जनआकांक्षा पुरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"** भन्ने मूल ध्येयकासाथ कार्य सम्पादन गर्दै आइरहेको छ । नेपालको संविधानले व्यवस्था गरेको नागरिकको मौलिक अधिकारको संरक्षण गर्दै नेपालले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता एवम् सन्धी, महासन्धीहरूका प्रावधान कार्यान्वयनमा स्थानीय तहको पनि महत्वपुर्ण भूमिका रहेको छ । मूल प्रवाहीकरण, सशक्तिकरण तथा समावेशीकरण जस्ता रणनीतिको माध्यमबाट सभ्य, सुसंस्कृत र सामाजिक न्याय सहितको समाजको निर्माण गर्नु अहिलेको आवश्यकता हो । त्यही कुरालाई मध्यनजर गर्दै गाउँपालिकाले समेत कार्य गर्दै आई रहेको छ । वार्षिक प्रगति प्रतिवेदनले गाउँपालिकाको यथार्थ चित्रण गर्नुका साथै कार्यसम्पादनका क्रममा देखिएका कमिकमजोरीहरूलाई सुधार गर्दै आगामी वर्षहरूमा गरिने क्रियाकलापका लागि मार्गदर्शन गर्नेछ जसले सेवाप्रवाहमा थप सुधार भई नागरिक सन्तुष्टि अभिवृद्धि हुने अपेक्षा गरेको छु।

अन्त्यमा यो वार्षिक प्रगति प्रतिवेदन चालु आवमा सम्पादन गरिने कामको मार्गदर्शिकाको रूपमा हुने कुरामा विश्वस्त रहँदै प्रतिवेदन लेखन कार्यमा संलग्न हुनुहुने प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका शाखा प्रमुख तथा अन्य कर्मचारीहरू र सेवाग्राही गाउँपालिकावासीहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु।

श्रावण २०८३

(मिना थापा)
उपाध्यक्ष
सुनिलस्मृति गाउँपालिका

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी, प्रदेश नेपाल

शुभकामना

यस सुनिलस्मृति गाउँपालिकाले आ.व. २०८२/०८३ मा गाउँपालिकाबाट भए गरेका सम्पूर्ण क्रियाकलापहरूलाई समेटेर वार्षिक प्रतिवेदनको रुपमा यहाँहरू समक्ष ल्याउन पाउदा अत्यन्तै खुसी लागेको छ। आफ्नो शाखा तथा वडा कार्यालयहरूबाट हुने वार्षिक कार्यक्रमहरू सफलता पूर्वक सम्पन्न गरी प्रतिवेदन तयार पार्न अहोरात्र खट्नु हुने शाखा प्रमुखहरू, वडा सचिवहरू तथा सहयोगी सबै कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु।

आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमलाई सम्पन्न गर्नमा महत्वपूर्ण सहयोग तथा हौसल्ला प्रदान गर्नुहुने श्रीमान गाउँपालिका अध्यक्षज्यू तथा उपाध्यक्ष ज्यू प्रति विशेष आभार प्रकट गर्दछु। विषयगत शाखा तथा वडा कार्यालयबाट सञ्चालित योजना तथा कार्यक्रम सम्पन्न गर्न सहयोग गर्नुहुने वडा अध्यक्ष, वडा सदस्य तथा सबै शाखा प्रमुख र वडा सचिवहरूलाई धन्यवाद दिन चाहन्छु।

अन्त्यमा वार्षिक प्रगति प्रतिवेदनलाई प्रकाशन गर्न अहोरात्र खट्नु हुने सम्पादन समितिका कर्मचारीहरू, शाखा प्रमुख तथा अन्य कर्मचारीहरूमा हृदयदेखि आभार व्यक्त गर्न चाहन्छु।

श्रावण २०८३

(नगेन्द्र प्रसाद रिजाल)
प्रमुख प्रशासकीय अधिकृत

विषय सूची

परिचय १

गाउँपालिकाको काम, कर्तव्य र अधिकार ७

क) नगर प्रहरी ७

ख) सहकारी संस्था ८

ग) एफ.एम. सञ्चालन ८

घ) स्थानीय कर, सेवा शुल्क तथा दस्तुर ८

ङ) स्थानीय सेवाको व्यवस्थापन ९

च) स्थानीय तथ्याङ्क र अभिलेख संकलन ९

छ) स्थानीय स्तरका विकास आयोजना तथा परियोजना ९

ज) आधारभुतर माध्यमिक शिक्षा १०

झ) आधारभूत स्वास्थ्य र सरसफाई ११

ञ) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षणर जैविक विविधता ११

ट) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाई १२

ठ) गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन १२

ड) स्थानीय अभिलेख व्यवस्थापन १३

ढ) जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण १३

ण) कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन, पशुस्वास्थ्य, सहकारी १३

त) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन १४

थ) बेरोजगारको तथ्याङ्क सङ्कलन १४

द) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण १४

ध) खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा १५

न) विपद व्यवस्थापन १५

प) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण १६

फ) भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास १६

क) खेलकुद र पत्रपत्रिका १६

ख) स्वास्थ्य १७

ग) विद्युत, खानेपानी तथा सिँचाई जस्ता सेवाहरु १७

घ) सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क १७

ङ) वन, जंगल, वन्यजन्तु, चराचुरङ्गी, जलउपयोग, वातावरण,पर्यावरण तथा जैविक विविधता १८

च) सामाजिक सुरक्षार गरिबी निवारण १८

छ) व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क १९

ज) सकुम्वासी व्यवस्थापन १९

झ) प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी १९

ञ) सवारी साधन अनुमति १९
ट) भुमि व्यवस्थापन १९
ठ) सञ्चार सेवा २०
ड) यातायात सेवा २०
२. शाखागत कार्य विवरण २१
क) प्रशासन शाखा २१
अ) समान्य प्रशासन तथा जनशक्ति विकास उपशाखा २१
आ) दर्ता चलानी तथा नागरिक सहयोग इकाई २२
इ) नगर प्रहरी इकाईः २२
ई) सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखा २२
उ) पंजीकरण तथा सामाजिक सुरक्षा उपशाखा २३
ऊ) पर्यटन प्रवर्द्धन, वातावरण तथा विपत् व्यवस्थापन उपशाखा २३
ख) बजेट, कार्यक्रम तथा योजना शाखा २४
ग) उद्योग, सहकारी तथा राजस्व प्रशासन शाखा २५
घ) आर्थिक प्रशासन शाखा २७
ङ) पूर्वाधार विकास शाखा २७
अ) सार्वजनिक निर्माण तथा वैकल्पिक ऊर्जा शाखा २८
आ) खानेपानी व्यवस्थापन उपशाखा २८
च) नक्सा पास तथा भवन नियमन शाखा २९
छ) शिक्षा, युवा तथा खेलकुद विकास शाखा २९
ज) स्वास्थ्य शाखा ३०
झ) लैगिक समानता तथा सामाजिक समावेशीकरण शाखा ३१
अ) कानून, न्याय तथा फैसला कार्यान्वयन उपशाखा ३२
आ) लैगिक समानता तथा बाल अधिकार प्रवर्द्धन उपशाखा ३२
ञ) सूचना तथा प्रविधि शाखा ३३
ट) कृषि विकास शाखा ३४
ठ) पशुपंक्षी विकास शाखा ३५
ड) आन्तरिक लेखा परीक्षण शाखा ३५
६. आर्थिक वर्ष २०८१।०८२ को शाखागत र वडागत वार्षिक प्रगति: ३६
क) प्रशासन शाखा ३६
ख) आर्थिक प्रशासन शाखा ३८
ग) वजेट कार्यक्रम तथा योजना शाखा
घ) स्वास्थ्य शाखा ४२
ङ) शिक्षा शाखा ४९
च) पूर्वाधार शाखा ५०

छ) कृषि विकास शाखा ५०
ज) पशु विकास शाखा ५१
झ) उद्योग सहकारी तथा राजश्व प्रशासन शाखा ५४
ञ) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण शाखा ५७
ट) आन्तरिक लेखा परिक्षण शाखा
ठ) कानुन तथा पैसला कार्यान्यन शाखा ६७
ड) रोजगार शाखा ७१
ढ) भवन अधिलेख तथा नक्शा पास शाखा ७८
ण) सूचना प्रविधि शाखा ७८
त) पर्यटन प्रवर्द्धन वन वातावरण तथा विपद व्यवस्थापन उपशाखा ८१
थ) पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा ८८
द) नगर प्रहरी इकाई
ध) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ८८
न) बहुक्षेत्रिय पोषण कार्यक्रम ८८
प) सुरक्षित आप्रवसन कार्यक्रम ८९
फ) १नं वडा कार्यालय ९२
ब) २नं वडा कार्यालय ९६
भ) ३ नं वडा कार्यालय ९९
म) ४ नं वडा कार्यालय १०१
य) ५ नं वडा कार्यालय १०३
र) ६ नं वडा कार्यालय १०४
ल) ७ नं वडा कार्यालय १०५
ष) ८ नं वडा कार्यालय १०९

७. अनुसूची १ सुनिलस्मृति गाउँपालिका कर्मचारी संगठनात्मक संरचना ११२
८. अनुसूची २ गााउँपालिकामा स्वीकृत दरबन्दी र कार्यरत कर्मचारीको विवरण (स्वास्थ्य संस्था बााहेक) ११९
९. अनुसूची ३ निर्मित स्थानीय कानुन १२२
१०. अनुसूची ४ सम्पादित क्रियाकलापको तस्बिरहरु १३१

परिचय

नेपालको संविधान २०७२ लागू भए सँगै स्थानीय तहहरु निर्माण गर्ने क्रममा नेपाल सरकारकै मिति २०७३ फागुन २२ गतेको निर्णय तथा फागुन २७ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार रोल्पा जिल्लाका १० स्थानीय तहमध्ये एक पर्दछ।वि.स २०७३ सालमा सुवर्णावती गाउँपालिकाको नाममा स्थापना भएको यस गाउँपालिका स्थानीय सरकारको निर्माण पश्चात तत्कालीन सुवर्णावती गाउँपालिकाको दोस्रो गाउँसभाले यसै गाउँपालिकाका वडा नं ५ गजुलका शहिद किम बहादुर थापा(सुनिल)को सम्झना एवं सम्मानमा सुनिलस्मृति गाउँपालिका नामाकरण गरेको थियो । पूर्वी रोल्पाको प्रवेशद्धारको रुपमा रहेको यस गाउँपालिका साविकको घोडागाउँ, खुडग्री, मिझिङ, गजुल, तेवाङ, अरेश र फगाम गा.वि.सको १ नम्बर वडा मिलेर बनेको छ। नयाँ संरचना अनुसार यस गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन ।



सुनिलस्मृति गाउँपालिका भौगोलिक हिसाबले ८२ ३६,५४" देखि ८२ ४७ ५६.४ पूर्वी देशान्तर र २८ १० ४०.८ देखि २८ २२३७.२ उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ । समुन्द्री सतहवाट ६५० मिटरदेखि २९४७ मिटरको उचाइमा रहेको यस गाउँपालिका १५७.९१ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ । सुनिलस्मृति गाउँपालिकाको पूर्वमा सुनछहरी गाउँपालिका र लुङ्ग्री गाउँपालिका, पश्चिममा रोल्पा नगरपालिका र रुन्टीगढी गाउँपालिका, उत्तरमा सुनछहरी गाउँपालिका र रोल्पा नगरपालिका र दक्षिणमा प्युठान जिल्ला पर्दछ ।

वडा नं.	परिवार संख्या	जनसंख्या			औसत परिवार आकार	क्षेत्रफल	जन घनत्व प्रति वर्ग कि.मी.
		महिला	पुरुष	जम्मा			
१	८५६	१९४५	१३९८	३३४३	३.९१	१८.८४	१७७.४४
२	९९३	२२७९	१७०८	३९८७	४.०२	३०.००	१३२.९
३	९६६	२१४७	१९०४	४०५१	४.१९	१४.९९	२७०.२४
४	१०८५	२२९७	२०२६	४३२३	३.९८	१७.३७	२४८.८७
५	६८२	१६९९	१६०७	३३०६	४.८५	२३.३७	१४१.४६
६	७२७	१५७७	११५७	२७३४	३.७६	१८.५७	१४७.२२
७	८०३	२१८०	२१३७	४३१७	५.३८	१८.३६	२३५.१३
८	८९७	२३९८	२१८८	४५५६	५.०८	१५.०३	३०३.१२
जम्मा	७००९	१६५२२	१४०९५	३०६१७	४.३७	१५६.५२	१९६.००

लैङ्गिक अनुपात	८५.३१ पुरुष प्रति १०० महिला
जनघनत्व	१९६
कूल परिवारहरु	७००९
कूल साक्षरता दर	
पुरुष साक्षरता दर	८४.४ %
महिला साक्षरता दर	६६.३ %

श्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (राष्ट्रिय जनगणना, २०७८)




2
वडा नं. २
जम्मा जनसंख्याः ३९८७
महिलाः २२७९
पुरुषः १७०८
घरधुरीः ९९३
३० वर्ग कि.मि.
खेतीयोग्य जमिन (१४.३६ वर्ग कि.मि.)
खुल्ला क्षेत्र (०.०५ वर्ग कि.मि.)
घाँसे मैदान (०.०३ वर्ग कि.मि.)
जंगल (९.५२ वर्ग कि.मि.)
झाडी क्षेत्र (५.६८ वर्ग कि.मि.)
नदि नाला (०.१८ वर्ग कि.मि.)


3
वडा नं. ३
जम्मा जनसंख्याः ४०५१
महिलाः २१४७
पुरुषः १९०४
घरधुरीः ९६६
१४.९९ वर्ग कि.मि.
खेतीयोग्य जमिन (१०.२० वर्ग कि.मि.)
खुल्ला क्षेत्र (०.०१ वर्ग कि.मि.)
घाँसे मैदान (०.१९ वर्ग कि.मि.)
जंगल (३.१६ वर्ग कि.मि.)
झाडी क्षेत्र (१.४२ वर्ग कि.मि.)
नदि नाला (०.०० वर्ग कि.मि.)


4
वडा नं. ४
जम्मा जनसंख्या: ४३२३
महिला: २२९७
पुरुष: २०२६
घरधुरी: १०८५
१७.३७ वर्ग कि.मि.
खेतीयोग्य जमिन (०९.६८ वर्ग कि.मि.)
खुल्ला क्षेत्र (०.०३ वर्ग कि.मि.)
घाँसे मैदान (०.३९ वर्ग कि.मि.)
जंगल (४.८६ वर्ग कि.मि.)
झाडी क्षेत्र (२.४० वर्ग कि.मि.)
नदि नाला (०.०३ वर्ग कि.मि.)


5
वडा नं. ५
जम्मा जनसंख्या: ३३०६
महिला: १६९९
पुरुष: १६०७
घरधुरी: ६८२
२३.३७ वर्ग कि.मि.
खेतीयोग्य जमिन (१०.४६ वर्ग कि.मि.)
खुल्ला क्षेत्र (०.०१ वर्ग कि.मि.)
घाँसे मैदान (०.१९ वर्ग कि.मि.)
जंगल (१०.९७ वर्ग कि.मि.)
झाडी क्षेत्र (१.८२ वर्ग कि.मि.)
नदि नाला (०.०० वर्ग कि.मि.)


6
वडा नं. ६
जम्मा जनसंख्या: २७३४
महिला: १५७७
पुरुष: ११५७
घरधुरी: ७२७
१८.५७ वर्ग कि.मि.
खेतीयोग्य जमिन (५.५४ वर्ग कि.मि.)
खुल्ला क्षेत्र (०.०० वर्ग कि.मि.)
घाँसे मैदान (०.०२ वर्ग कि.मि.)
जंगल (११.६४ वर्ग कि.मि.)
झाडी क्षेत्र (१.३५ वर्ग कि.मि.)
नदि नाला (०.०० वर्ग कि.मि.)


7
वडा नं. ७
जम्मा जनसंख्या: ४३१७
महिला: २१८०
पुरुष: २१३७
घरधुरी: ८०३
१८.३६ वर्ग कि.मि.
खेतीयोग्य जमिन (८.११ वर्ग कि.मि.)
खुल्ला क्षेत्र (०.०० वर्ग कि.मि.)
घाँसे मैदान (०.०० वर्ग कि.मि.)
जंगल (८.६९ वर्ग कि.मि.)
झाडी क्षेत्र (१.५६ वर्ग कि.मि.)
नदि नाला (०.०० वर्ग कि.मि.)


8
वडा नं. ८

गाउँपालिकाको काम, कर्तव्य र अधिकार

नेपालको संविधान, २०७२ को अनुसुचि ८ मा स्थानीय तहको अधिकार निम्नानुसार व्यवस्था भएको छ।

क) नगर प्रहरी
ख) सहकारी संस्था
ग) एफ.एम सञ्चालन
घ) स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्टेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवस्था कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन
ङ) स्थानीय सेवाको व्यवस्थापन
च) स्थानीय तथ्यांक र अभिलेख संकलन
छ) स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु
ज) आधारभूत र माध्यमिक शिक्षा
झ) आधारभूत स्वास्थ्य र सरसफाइ
ञ) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
ट) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिचाइ
ठ) गाउँ सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र अध्यस्थताको व्यवस्थापन
ड) स्थानीय अभिलेख व्यवस्थापन
ढ) घर जग्गा धनी पुर्जा वितरण
ण) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
त) ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति र अशक्ताहरुको व्यवस्थापन
थ) बेरोजगारको तथ्यांक संकलन
द) कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा
ध) विपद व्यवस्थापन
न) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
प) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिकाको काम कर्तव्य र अधिकार देहाय वमोजिम उल्लेख छ:

१) गाउँपालिकाको एकल अधिकार संविधानको अनुसी (८) मा उल्लेख भए वमोजिम हुने छन्।
२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क) नगर प्रहरी

१) नगर प्रहरीको गठन सञ्चालन व्यवस्थापन, अनुगमन तथा प्रहरी सम्वन्धी नीति, कानुन र मापदण्डको

निर्माण तथा कार्यान्वयन

२) देहायका कार्यमा सहयोग पुऱ्याउनको लागि नगर प्रहरीको लागि परिचालन गर्न सक्ने

- नगरपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन
- गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण
- स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,
- स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन
- गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन
- न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन
- सार्वजनिक ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा,
- विपद व्यवस्थापन सम्बन्धी खोजी
- अनधिकृत विज्ञापन सम्बन्धी खोजी उद्धार राहत तथा पुनर्स्थापना
- छाडा पशु चौपायाको नियन्त्रण
- अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण
- कार्यापालिकाले तोकेको अन्य कार्य।

ख) सहकारी संस्था

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन
- सम्बन्धित गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र संचालन हुने सहकारी संस्थाको दर्ता अनुमति खारेजी र विघटन,
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,
- सहकारी सम्बन्धी राष्ट्रिय केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास।

ग) एफ.एम. सञ्चालन

- एक सय वाट सम्मको एफ.एम रेडियो सञ्चालन अनुमति नविकरण, नियमन र खारेजी,
- प्रदेश कानुनको अधीनमा रहि एफ.एम सञ्चालन सम्बन्धी अन्य कार्य।

घ) स्थानीय कर, सेवा शुल्क तथा दस्तुर

- संघीय तथा प्रदेश कानुनको अधिनमा रहि सम्पत्ति कर, बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भुमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानुन मापदण्ड, कार्यान्वयन र नियमन,
- स्थानीय पुर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,
- ट्रेकिङ, कायाकिड, क्यानोनिड, वन्जीजम्प, जिप पल्यार, च्याफटिड, मोटरबोट, केवुलकार

सेवालगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नविन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

- जडीवुटी कवाडी र जिवजन्तु कर निर्धारण तथा संकलन,
- स्थानीय राजश्वको आधार विस्तार तथा प्रवर्द्धन,
- ढुङ्गा गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर संकलन,
- सिफारिस, दर्ता, अनुमती, नविकरण आदीको शुल्क, दस्तुर निर्धारण र संकलन,
- स्थानीय राजश्व प्रवर्द्धनका लागि प्रोत्साहन,
- राजश्व सुचना तथा तथ्याङ्ककको आदान प्रदान,
- संघीय प्रदेश कानुनको अधिनमा रहि स्थानीय तहमा राजश्व चुहावट नियन्त्रण सम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- स्थानीय पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- मालपोत संकलन,
- कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य।

ङ) स्थानीय सेवाको व्यवस्थापन

- स्थानीय सेवाको व्ववस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा, शर्त, योजना कार्यान्वयन र नियमन
- संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,
- संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,
- स्थानीय कानुन वमोजिम संगठन तथा व्यवस्थापन सर्भेक्षण गरि संगठन संरचना तथा दरवन्दी निर्धारण,
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,
- जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

च) स्थानीय तथ्याङ्क र अभिलेख संकलन

- स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन,
- आधारभूत तथ्याङ्क संकलन र व्यवस्थापन,
- जन्म मृत्यु विवाह सम्बन्ध विच्छेद बसाई सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पन्जीकरण व्यवस्थापन,
- सूचना तथा संचार प्राविधियुक्त आधारभुत तथ्याङ्ककको संकलन र व्यवस्थापन,
- स्थानीय तथ्याङ्क र अभिलेख संकलन सम्बन्धी अन्य कार्य।

छ) स्थानीयस्तरका विकास आयोजना तथा परियोजना

- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,

- आर्थिक सामाजिक सांस्कृतिक, वातावरणीय, पूविधि र पुर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन,
- आयोजनाको अध्ययन,अनुसन्धान तथा प्रभाव मूल्यांकन,
- सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,
- संघीय तथा प्रदेश कानुनको अधिनमा रहि शहरी विकास, वस्ती विकास र भवन सम्बन्धी नीति कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा आयोजना पहिचान अध्ययन, कार्यान्वय र नियमन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड वमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,
- सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार र व्यवस्थापन
- संघीय र प्रदेश स्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग
- सुरक्षित वस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्यांकन।
- सार्वजनिक निर्माण कार्यका लागि प्रचलित कानुन वमोजिमको "घ" वर्गकङ्को इजाजतपत्रको जारी नविकरण अनुगमन र नियमन
- नवीन पर्यटकीय वा कार्यहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन र नियमन
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य।

ज) आधारभुत र माध्यमिक शिक्षा

- प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन मापदण्ड योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, व्यवस्थापन, मूल्यांकन र नियमन,
- मातृभाषा शिक्षा दिने विद्यालयकङ्को अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएको विद्यालयहरुको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तरीय अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, सामायोजना तथा नियमन,

- सामुदायिक विद्यालयको शैक्षिक पुर्वाधार निर्माण, मर्मत सम्भार सञ्चालन र व्यवस्थापन
- आधारभूत तहको परिक्षा सञ्चालन, अनुगमन र व्यवस्थापन
- विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्ययन सेवाका अनुमति र नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
- स्थानीय पुस्तकालय र वाचानालयको सञ्चालन तथा व्यवस्थापन
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बनोट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाई शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

झ) आधारभूत स्वास्थ्य र सरसफाई

- आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन
- आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पुर्वाधार विकास तथा व्यवस्थापन
- स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण र नियमन
- सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्य जन्य फोहोर मैलाको व्यवस्थापन
- स्वास्थ्य जन्य फोहोरमैला सङ्कलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सोको शुल्क निर्धारण र नियमन
- रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन
- औषधी पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन
- सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्काशित फोहोरमैला व्यवस्थापनमा निजी र गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी
- परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन र नियमन,
- महिला तथा बालबालिकाको कुपोषण न्युनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन।

ञ) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

- स्थानीय व्यापार, वस्तुको माग, आपुर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन
- बजार तथा हाट बजार व्यवस्थापन
- स्थानीय बस्तुहरुको उत्पादन, आपुर्ति तथा निकासी प्रक्षेपण, मुल्य निर्धारण र अनुगमन
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पुर्वाधार निर्माण

- स्थानीय वस्तु र सेवा व्यापारको मुल्य तथा गुणस्तरको अनुगमन र नियमन
- स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन
- स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य
- स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,
- स्थानीय बौदिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन
- उपभोक्ता सचेतना अभिवृद्धी लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण
- वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन
- स्थानीयस्तरमा वातावरणीय जोखिम न्युनीकरण
- स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने किसिमका उपभोक्ता वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदुषण र हानीकारक पदार्थहरुको हानीकारक पदार्थहरुको नियन्त्रण, अनुगमन तथा नियमन
- स्थानीयस्तरमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन
- स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्वन
- स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण तथा प्रवर्द्धन
- स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण व्यवस्थापन
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य।

ट) स्थानीय सडक, ग्रमीण सडक, कृषि सडक र सिचाई

- स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाई सम्बन्धी नीति, कानुन मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा कार्यान्वय अनुगमन र नियमन
- स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार र नियमन
- स्थानीय स्तरका सिँचाई प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन नियमन
- यातायात सुरक्षाको व्यवस्थापन र नियमन
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य।

ठ) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

- गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानुन र कार्यविधि
- स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,
- सभाका समितिहरुको गठन र सञ्चालन
- स्थानीय तहवीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन

- कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक आवश्यक निर्देशन
- विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन
- गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन
- स्थानीय मेलमिलाप र मध्यस्थता
- गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

ङ) स्थानीय अभिलेख व्यवस्थापन

- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन
- जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तिकरण सुचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्व चित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन
- सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन
- सार्वजनिक सम्पत्तिः सामुदायिक सम्पत्ति भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख
- आफ्नो क्षेत्रभित्र सम्पन्न भएका वस्तु तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन
- स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य।

ढ) जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण

- स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज
- जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन
- भुमिको वर्गीकरण अनुसारको लगत
- सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण
- नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण
- जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य।

ण) कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
- कृषि तथा पशपन्छी बजार सूचना, बजार तथा हाटबजारको पुर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपुर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

- कृषि तथा पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा माहामारी रोगको नियन्त्रण,
- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,
- पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,
- उच्च मुल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,
- पशु आहारको गुणस्तर नियमन,
- स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्ककको व्यवस्थापन र सूचना प्रणाली,
- पशु वाधशाला र शीत भण्डारण व्यवस्थापन र नियमन,
- पशुपन्छी सम्बन्धी वीमा र कर्जा सहजीकरण,
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य।

त) **जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन**

- संघ र प्रदेश कानुनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन
- जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण
- जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन
- संघ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्रको सञ्चालन र व्यवस्थापन
- सडक बालबालिका, अनाथ,असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरुको पुर्नस्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

थ) **बेरोजगारको तथ्याङ्क सङ्कलन**

- रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीकको स्थापना
- स्थानीयस्तरमा रहेका विदेशी तथा स्वदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन
- विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन
- सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्याङ्ककको सङ्कलन तथा व्यवस्थापन
- रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक पुनः एकीकरण
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, र उद्यमशीलताको उपयोग
- बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य।

द) **कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण**

- कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन, अनुगमन र नियमन
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन

- कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण
- कृषि वीउवीजन, नश्ल, मसलन्द र रसायन तथा औषधीहरुको आपुर्ति, उपयोग र नियमन
- कृषक समुह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय संघ संस्थाहरुको समन्वय, व्यवस्थापन र नियमन
- स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण
- कृषि सम्बन्धी सूचनाको प्रचार प्रसार
- स्थानीयस्तरका श्रोत केन्द्रहरुको विकास र व्यवस्थापन
- प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य।

ध) खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा

- स्थानीय खानेपानी, सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन
- खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन
- एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, अनुगमन र नियमन।
- स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन
- स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन
- खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य।

न) विपद व्यवस्थापन

- विपद व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन
- स्थानीयस्तरमा विपद पुर्व तयार तथा प्रतिकार्य योजना, पुर्व सूचना प्रणाली, खोज तथा उद्धार राहत सामग्रीको पुर्व भण्डारण, वितरण र समन्वय
- स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन
- विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण
- विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य
- विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र श्रोत साधनको पहिचान
- विपद जोखिम न्युनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन नियमन
- विपद पश्चात स्थानीयस्तरको पुर्नस्थापना र पुनःनिर्माण
- स्थानीयस्तरको विपद सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन, अनुसन्धान
- स्थानीय आपतकालिन कार्य सञ्चालन प्रणाली

- समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन
- विपद व्यवस्थापन सम्बन्धी अन्य कार्य।

प) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

- जलाधार, वन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन
- पानी मुहानको संरक्षण
- सामुदायिक भु-संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रम
- भु-संरक्षण र जलाधार व्यवस्थापन जन्य सामुदायिक अनुकुलन
- खानी तथा खनिज पदार्थसम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन
- बहुमुल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्वर्द्धनमा सहयोग, ढुङ्गा, गिट्टी, बालुवा,माटो, खरिढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तको सर्वेक्षण, उत्खनन तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन
- भौगर्भिक नक्सा प्रकाशन।

फ) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन
- पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, प्रवर्द्धन र विकास
- परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन
- प्रचलित कानुन विरुद्धका कुरिती तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य।

३) गाउँपालिका तथा नगरपालिकाले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख भए बमोजिम हुनेछ। (४) उपदफा (३) को सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी देहायको विषयमा संघ तथा प्रदेश कानुनको अधिनमा रही गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:

क) खेलकुद र पत्रपत्रिका

- स्थानीयस्तरका खेलकुदको संरचनाको पुर्वाधार निर्माण, सञ्चालन तथा विकास
- स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघ संस्थाको नियमन र समन्वय
- खेलकुदको विकास र प्रवर्द्धन
- खेलकुद प्रतियोगिता आयोजना र सहभागिता
- खेलकुद सम्बन्धी पुर्वाधारको विकास
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन।

ख) स्वास्थ्य

- संघीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड वमोजिम स्थानीय स्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण
- जनरल अस्पताल, नर्सिङ्ग होम, ध्यान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन, अनुमति र नियमन
- स्थानीयस्तरमा औषधीजन्य वनस्पति, जडीबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन प्रशोधन र वितरण
- स्वास्थ्य विमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन
- स्थानीयस्तरमा औषधी तथा अन्य मेडिकल उत्पादनहरुको न्युनतम मुल्य निर्धारण र नियमन
- स्थानीयस्तरमा औषधीको उचित प्रयोग र शुक्ष्म जीव निरोधक प्रतिरोध न्युनीकरण
- स्थानीयस्तरमा औषधी र स्वास्थ्य उपकरणको खरिद भण्डारण र वितरण
- स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)
- स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन
- स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थानात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन
- स्वास्थ्य जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन
- सुर्ती मदिरा र लागु पदार्थ जन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि
- आयुर्वेर्दिक, युनानी, आम्ची, होमीयोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन
- जनस्वास्थ्य, आपतकालिन स्वास्थ्य तथा महामारीको नियन्त्रण र योजना कार्यान्वयन
- रोग नियन्त्रण तथा रोकथाम
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन।

ग) विद्युत, खानेपानी तथा सिँचाई जस्ता सेवाहरु

- विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन
- खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन
- स्थानीय साना सतह तथा भुमिगत सिचाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन।

घ) सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

- स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन र नियमन,
- प्राकृतिक श्रोत साधन र सेवा शुल्क रोयल्टी संकलन, समन्वय र नियमन,
- खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी संकलन,

- सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलन ।

ङ) वन, जंगल, वन्यजन्तु, चराचुरङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

- वन, जंगल, वन्यजन्तु, चराचुरङ्गी जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति कानुन मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
- स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समुहको व्यवस्थापन,
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कवुलियती वनको व्यवस्थापन,
- स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
- स्थानीयस्तरमा निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन,
- स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखो वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,
- स्थानीयस्तरमा जडीवुटी तथा अन्य गैर काष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन,
- वन, वीऊ, वगैचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,
- नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,
- वन्यजन्तु र चराचुरङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,
- मानव तथा वन्यजन्तु वीचको द्वन्द्व व्यवस्थापन,
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र संचालन,
- स्थानीय वन्यजन्तु पर्यटन र आय आर्जन,
- स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,
- स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचरुङ्गीको अभिलेखाङ्कन र अध्ययन, अनुसन्धान,
- विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका बन, सिमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,
- मिचाहा प्रजातिको नियन्त्रण,
- स्थानीयस्तरको जोखिम न्यूनीकरण,
- जैविक विविधताको अभिलेखाङ्कन,
- स्थानीयस्तरमा हरियाली प्रवर्द्धन,
- स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत आयोजना, तर्जुमा कार्यान्वयन, अनुगमन र नियमन,
- रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,
- स्थानीयस्तरमा वातारणीय जोखिम न्युनीकरण
- स्थानीय स्तरमा प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन र व्यवस्थापन
- स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरण मैत्री विकास अवलम्बन
- स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

च) सामाजिक सुरक्षा र गरिबी निवारण

- सामाजिक सुरक्षा तथा गरिवी निवारण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, नियमन र अध्ययन

अनुसन्धान

- लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, श्रोत परिचालन र व्यवस्थापन
- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन
- गरिव घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन।

छ) व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क

- व्यक्तिगत घटना (जन्म,मृत्यु,विवाह,बसाईसराई विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता
- व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन
- स्थानीयस्तरमा पुरातत्व,प्राचीन स्मारक र सङ्ग्रहालय संरक्षण, सम्वर्द्धन र पुनः निर्माण।

ज) सकुम्वासी व्यवस्थापन

- सुकुम्वासीको पहिचान र अभिलेख व्यवस्थापन
- सुकुम्वासी सम्बन्धी जीविको पार्जन र वसोवास व्यवस्थापन।

झ) प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी संकलन तथा बाडफाँड।

ञ) सवारी साधन अनुमति

- यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति,नविकरण,खारेजी,सेवाको गुणस्तर,भाडा दर निर्धारण र नियमन
- वातावरण मैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद जोखिम, अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन।
- (५) उपदफा (१) र (३) मा उल्लिखित अधिकारका अतिरिक्त गाउँपालिका तथा नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार देहाय वमोजिम हेनछ।

ट) भुमि व्यवस्थापन

- संघीय तथा प्रदेश कानुनको अधिनमा रही स्थानीय स्तरको भुउपयोग नीति, योजना, कार्यक्रम तर्जुमा योजना र कार्यान्वयन।
- संघिय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थति वस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा विकास व्यवस्थापन
- स्थानीयस्तर क्षेत्रको सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने।

ठ) सञ्चार सेवा

- संघीय तथा प्रदेश कानुनको अधिनमा रही स्थानीय क्षेत्र भित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तार बिहीन टेलिभिजन प्रसारणको अनुमति,नविकरण र नियम
- स्थानीय क्षेत्रको सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने।

ड) यातायात सेवा

- स्थानीय वस, ट्रली वस, ट्राम जस्ता मध्यम क्षमताको मास ट्रानज्जिट प्रणालीको नीति,मापदण्ड, योजना, कार्यान्वयन,अनुगमन र नियमन
- राष्ट्रिय रेल पुर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको जाल, व्यवस्थापन, मर्मत सम्भार,समन्वय,साझेदारी र सहकार्य।
- संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुन वमोजिम आफ्नो अधिकार क्षेत्र भित्रको कुनै विषय गाउँपालिका वा नगरपालिकालाई कानुन वमोजिम निक्षेपण गर्न सक्नेछ।
- गाउँपालिका वा नगरपालिकाको उपदफा (१), (३), (४) र (५) वमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसारको कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ।
- स्थानीय तहले प्रदेश सरकारको परामर्श नेपाल सरकारको पुर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकार सँग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ।

२) शाखागत कार्यविवरण

क) प्रशासन शाखा

- संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने तथा नयाँ नियुक्ति भएका कर्मचारीको व्यवस्थापन
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना कार्यान्वयन र नियमन,
- संगठन विकास, संगठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, क्षमता विकास र वृत्ति विकास,
- वडा कार्यालयहरुसँग सम्पर्क, समन्वय र सहजिकरण,
- गाउँ कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, ऐन, नियम तथा कानूनको मस्यौदा तयारीमा शाखागत समन्वय र संयोजन,
- सार्वजनिक खरिद, तथा गाउँको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख व्यवस्थापन,
- संघ तथा प्रदेश तहमा संविधान र कानून बमोजिम सहभागिता तथा प्रतिनिधिनित्व
- सबै शाखासँग समन्वय गरि बार्षिक खरिद योजना तयारी,
- गाउँ प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- गाउँसभा तथा गाउँकार्यपालिकाको बैठक व्यवस्थापन र अन्य सभा समारोह सम्बन्धि कार्य,
- कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन व्यवस्थापन,
- आफु मातहतका शाखाहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण,
- गाउँ तथा वडाको लागि नागरिक वडा पत्र तयारी तथा हरेक वर्ष अध्यावधिक,
- बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा तथा उपभोक्ता हित संरक्षण सम्बन्धी,
- पुरस्कार, उपाधी तथा विभुषण सम्बन्धी सिफारिसको अभिलेख राख्ने,
- अन्य शाखा तथा शाखामा नपरेका सबै कामहरु,

अ) समान्य प्रशासन तथा जनशक्ति विकास उपशाखा

- जनशक्ति विकासका लागि अल्पकालीन र दीर्घकालीन योजना तर्जुमा,
- कर्मचारीहरुको अध्यावधिक विवरण तयारी गर्ने,
- क्षमता विकास सम्बन्धी कार्यक्रमहरुको प्रस्ताव तयारी,
- कार्यपालिका, गाउँ सभाको बैठक तथा अन्य सभा समारोह व्यवस्थापन,
- कार्यपालिका तथा गाउँ सभाका निर्णयहरु अभिलेखीकरण, प्रकाशन तथाकार्यान्वयनका लागि सम्प्रेषण,
- कार्य सम्पादन मूल्यांकनको अभिलेख व्यवस्थापन,
- कर्मचारीको व्यवस्थापन, सरुवा, वृद्धि विकास, दण्ड, पुरस्कारकोलागि सिफारिस,
- कर्मचारीका दैनिक हाजिरी नियन्त्रण,
- गाउँपालिकाबाट भएको सिफारिससँग सम्बन्धित सिफारिस पत्रको अभिलेखराख्ने,
- कार्यालयको दर्ता चलानी नियन्त्रण, व्यवस्थापन,
- प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको सचिवालय व्यवस्थापनसम्बन्धी कार्य गर्ने।

आ) दर्ता चलानी तथा नागरिक सहयोग इकाई

- कार्यालयमा प्राप्त हुन आएका चिठी पत्रहरुआफ्नो कार्यालयको भए नभएको एकीन गरी बुझ्ने र पेश गर्ने
- कार्यालयमा प्राप्त पत्रहरुको दर्ता अभिलेख राख्ने
- कार्यालयबाट अन्यत्र जाने पत्रहरुको अभिलेख राख्ने
- प्राप्त पत्रहरु दर्ता गरेर सम्बन्धित शाखा तथा पदाधिकारी समक्षपुर्याउन लगाउने,
- दर्ता किताव, चलानी किताव सुरक्षित तवरले राख्ने,
- कार्यालयमा आउने सेवाग्राहीहरुलाई उनीहरुको काममा आवश्यक सहयोगगर्ने।

इ) नगर प्रहरी इकाईः

- नगर प्रहरी परिचालन,
- नगरँ प्रहरी परिचालन सम्ब्न्धी नीति, कानून, मापदण्ड, निर्णयहरुकार्यान्वयनमा सहयोग,
- सार्वजनिक सम्पत्तिको संरक्षण,
- गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वकोव्यवस्थापनमा सहयोग,
- हाट बजार व्यवस्थापन तथा पार्किङ्ग स्थलको व्यवस्थापनमा सहयोग,
- नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजनार कार्यक्रम कार्यान्वयन,
- गाउँ बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपरछानविन र अनुसन्धान,
- स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग,
- कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिकभवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
- विपद् व्यवस्थापनमा सहयोग,
- अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,
- फूटपाथ व्यवस्थापन,
- इरिक्सा, रिक्सा, टेम्पु जस्ता साना सवारी साधनको अनुमति, व्यवस्थापनर नियमन,
- निर्माण नियमन,
- गुणस्तर नियन्त्रणमा सहयोग,
- नगर प्रहरी सम्बन्धी अन्य कार्य।

ई) सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखा

- गाउँपालिकाको लागि सार्वजनिक खरिद तथा अन्य बन्दोबस्तीका सामानकोआवश्यकता पहिचान गरी खरिदको योजना तयार गर्ने,
- विभिन्न प्रकारका वस्तु तथा सेवा आपूर्ति गर्न इच्छुक व्यक्ति, संस्था, कम्पनी लगायतको सूचि अध्यावधिक गराउने,
- हरेक आर्थिक वर्षको सुरुमै अनुमान गरिएका आवश्यक सामानहरुकोदररेट माग गरी स्वीकृत गराई राख्ने,
- गाउँपालिकाभित्रको सरकारी सम्पत्ति, आफ्नो स्वामित्वमा रहेकोभवन लगायत स्थिर

सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने,

- लिलाम गर्नुपर्ने तथा मर्मत गर्नुपर्ने सामानको प्रत्येक वर्षकोपहिलो चौमासिकमा विवरण तयार गरी लिलाम गर्नुपर्ने लिलाम गर्ने प्रक्रिया अघि बढाउने, मर्मत गर्नुपर्ने सामानको लागत अनुमानतयार गरी मर्मतको लागि पेश गर्ने,
- कार्यालयको नाममा रहेका सम्पूर्ण सवारी साधनको अध्यावधिक विवरणतयार गरी मर्मत गर्नुपर्ने, लिलाम गर्नुपर्ने देखिएका सवारी साधनको सोही बमोजिम प्रक्रिया अगाडि बढाउने,
- खरिद गर्नुपर्ने देखिएका सामानहरु समयमा नै खरिद गरी कार्य सञ्चालनमाअभाव नहुने व्यवस्था मिलाउने,
- प्रचलित कानून बमोजिम प्रत्येक वर्ष जिन्सी निरीक्षण गराउने,
- कार्यालयका लागि आवश्यक जिन्सी सामानकोव्यवस्थापन, भण्डार दाखिला, निकासी।

उ) पंजीकरण तथा सामाजिक सुरक्षा उपशाखा

- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांकसंकलन एवम् व्यवस्थापन सम्बन्धी कार्य,
- आधुनिक प्रविधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री) को व्यवस्थापन गर्ने,
- सबै वडाबाट हुने व्यक्तिगत घटना सम्बन्धी अभिलेखको व्यवस्थापनतथा मासिक प्रतिवेदन तयार गर्ने,
- सामाजिक सुरक्षाकार्यक्रमको व्यवस्थापन, सञ्चालन, अभिलेख व्यवस्थापन र प्रतिवेदन,
- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डनिर्धारण
- सहयोगापेक्षी सडक मानव व्यवस्थपान।

ऊ) पर्यटन प्रवर्द्धन, वातावरण तथा विपत् व्यवस्थापन उपशाखा

- भाषा, संस्कृति, साहित्य, सम्पदा र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- पुरातात्विक महत्वका प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रबद्र्घन र विकास,
- परम्परागत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,
- पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रर्वधन,
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन,
- पार्कहरुको विकास, संरक्षण र प्रर्वधन,
- स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवद्र्घन र अभिलेखाङ्कन,
- नदी किनार, नदी उकास, दहत्तर, वहत्तर, नहर किनार तथा सडक किनारमावृक्षारोपण व्यवस्थापन,
- जलवायू परिवर्तन अनुकुलन कार्यक्रमहरु,
- हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन,

- वातावरणीय जोखिम न्यूनीकरण,
- वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,
- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीयस्तरका आयोजनाको कार्यान्वयन र नियमन,
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना,
- विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,
- विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी,
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धीकार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन,
- ल्याण्डफिल साईट व्यवस्थापन,
- सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन,
- फोहरलाई स्रोतमै वर्गिकरण गरी व्यवस्थापन गर्ने उपायहरुको अवलम्बलन,
- फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवाशुल्क निर्धारण र नियमन,
- स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनको मापदण्ड निर्धारण, व्यवस्थापनतथानियमन,
- सार्वजनिक शौचालय व्यवस्थापन,

ख) बजेट, कार्यक्रम तथा योजना शाखा

- बजेट सीमा निर्धारण र बजेट तर्जूमा सम्बन्धी कार्य गर्ने
- सहभागितामुलक बार्षिक विकास योजना तथा कार्याक्रमको तर्जुमासम्बन्धी कार्य गर्ने
- गाउँपालिकाको वार्षिक नीति तथाकार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने
- गाउँपालिकाको वार्षिक, आवद्यिक, रणनीतिक, मध्यकालिन तथादीर्घकालीन योजना तथा विभिन्न विकास गुरु योजना, मापदण्ड, नीतिको तर्जुमा सम्बन्धीकाम गर्ने।
- वडा समितिमार्फत सञ्चालन हुनेकार्यक्रमहरुको लागि आवश्यक सहजिकरण गर्ने
- उपभोक्ता समितिका लागि प्रशिक्षणकार्यक्रम सञ्चालन गर्ने,
- निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुको परिचालन, समन्वयर सहजीकरण गर्ने
- योजनाकार्यक्रम हस्तान्तरण गर्ने,
- सम्पन्न भएका सम्पूर्ण पूर्वाधार सम्बन्धी योजनाहरुको अभिलेखराख्ने,
- संघ तथा प्रदेशको जिम्मामा परेका बाहेक सबै स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, पुल, झोलुङ्गे पुल, कल्भर्ट र तटबन्धन सम्बन्धी योजनाको अभिलेखराख्ने,

- कार्य सम्पन्न पश्चात सिफारिश भई आएका योजना तथाकार्यक्रमको भुक्तानीको लागि पेशगर्ने,
- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन,
- स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीनविकास योजना एवं गुरुयोजना तर्जूमा, अनुगमन तथा मूल्यांकन,
- आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्यविकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन,
- वार्षिक विकास योजना तथा योजना तथाकार्यक्रम तर्जुमा, अवस्थाको अनुगमन, मूल्यांकन र पृष्ठ पोषण,
- विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण,
- संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य,
- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा,
- विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथाप्रक्रिया निर्धारण,
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,
- विषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन र पृष्ठ पोषण।

ग) **उद्योग, सहकारी तथा राजस्व प्रशासन शाखा**

- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रर्वधन,
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी,
- सीप विकास सम्बन्धी कार्यको प्रबद्र्धन,
- प्रचलित कानून बमोजिम लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी,
- पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी आर्थिकविकासका योजना तर्जुमा र कार्यान्वयन गर्ने,
- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डकोनिर्माण, कार्यान्वयन,
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटनकोलागि सिफारिस गर्ने,
- सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारणगर्ने,
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिकर स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययनअनुसन्धान,
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि,
- स्थानीयसहकारी क्षेत्रको प्रवद्र्घन, विकास र परिचालन,
- रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचनाप्रणालीको स्थापना,
- स्थानीयस्तरमा रहेका विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचनाव्यवस्थापन,
- रोजगारीका अवसरहरुको सिर्जना,
- असँगठित क्षेत्रका श्रमिकहरुको पञ्जिकरण,

- रोजगार डेक्स सञ्चालन व्यवस्थापन,
- गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमनर अध्ययन अनुसन्धान,
- स्थानीयस्तरमा सुकुम्वासी सम्बन्धी जीविकोपार्जन र वसोवासव्यवस्था
- गरिबी निवारणको स्थानीय रणनीति तर्जूमा,
- राजश्वको दायरा विस्तार गर्ने क्षेत्रहरुको पहिचान, तथ्यांकसंकलन तथा विश्लेषण गर्ने,
- सम्पूर्ण करदाताको अभिलेख व्यवस्थापन गर्ने,
- आफ्नो क्षेत्रभित्र राजस्वका दर तथा शुल्क निर्धारण, संघीयर प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन,
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुरअसुली,
- मालपोत संकलन÷सम्पत्ति कर संकलन,
- हाट बजार व्यवस्थापन,
- प्रचलित कानून बमोजिम दण्ड जरिवाना,
- राजश्व परामर्श समितिलाई आवश्यक सूचना उपलब्ध गराउने रसचिवालय सम्बन्धी कार्य गर्ने,
- राजश्व संकलनलाई प्रभावकारी बनाउन प्रवद्र्धनात्मक, उपायहरुकोअवलम्बन गर्ने,
- सम्बन्धित शाखा तथा निकायसँग राजस्व सूचना तथा तथ्याङ्ककोआदान प्रदान,
- बाँकी बक्यौता रकमको लगत र असुल उपर,
- करदाता शिक्षा सम्बन्धीकार्यक्रम सञ्चालन गर्ने,
- प्राकृतिक स्रोतबाट प्राप्त हुन सक्ने सम्भावित रोयल्टी, शुल्क आदीको विश्लेषण तथा पूर्व अनुमान गरी अभिलेख व्यवस्थापन गर्ने,
- कानून बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन व्यवस्थापन र सो सम्बन्धीशुल्क सङ्कलन,
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयनतथा प्रदेश र संघीय मापदण्ड पालना,
- बाँकी बक्यौता रकमको लगत र असुल उपर,
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन,
- गाउँ कार्यपालिका, वडा कार्यालय वा गाउँपालिकाद्वारा व्यवसायिकप्रयोजनमा लगाएका स्थान, भवनहरुको वहाल, लिज बमोजिमको राजश्व असुलीएवं दायित्व भुक्तानीकोसिफारिस,
- गाउँपालिकाको भोग चलनमा रहेका तथा अन्य सार्वजनिक, ऐलानी, पर्ति जग्गाहरुको अद्यावधिक अभिलेख राख्ने,
- ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्लेतथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन,

घ) आर्थिक प्रशासन शाखाः

- आर्थिक (कार्यविधि) नीति, कानून र मापदण्डको कार्यान्वयनर आर्थिक प्रशासन सञ्चालन,
- सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन,
- लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्य सञ्चालन कोषतथा अन्य सरकारी कोषको सञ्चालन तथा एकीकृत विवरण तयारी,
- समष्टिगत आर्थिक अवस्थाको विश्लेषण,
- लगानी प्रक्षेपण (सरकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन,
- लगानी र लाभांशको व्यवस्थापन (जनसहभागिता तथा सामुदायिकलगानीको अभिलेख समेत),
- कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन,
- व्ययको अनुमान,
- बेरुजू फछ्र्यौट,
- आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय,
- लेखा परीक्षण गराउने कार्य,
- ऋण, अनुदान तथा जमानतको अभिलेख व्यवस्थापन,
- धरौटी स्याहा तथा फिर्ता,
- संघ, प्रदेश सरकारबाट प्राप्त सर्शत बजेटको खर्च व्यवस्थापन,
- संघ, प्रदेश सरकारबाट प्राप्त रकमको व्यवस्थापन,
- विभिन्न कोषहरुको सञ्चालन तथा व्यवस्थापन,
- आर्थिक कारोबारको लेखा परीक्षण गराउने,
- वडा कार्यालयबाट हुने गरी तोकिएको आर्थिक कारोबारको आर्थिकप्रशासन, व्यवस्थापन र लेखा परीक्षण,
- शाखासँग सम्बन्धित अन्य कार्यहरु।

ङ) पूर्वाधार विकास शाखा

- स्थानीय सडक तथा यातायात सम्बन्धी मापदण्डको कार्यान्वयनतथा नियमन
- स्वीकृत बार्षिक पूर्वाधार सम्बन्धी योजनाहरुको कार्यान्वयन, अनुगमन तथा नियमन,
- पुर्वाधार विकास सम्बन्धित विकास योजनाको मर्मत, सम्भार,
- निर्माण व्यवसाय दर्ता, नवीकरण, खारेजी, अनुगमन र नियमन,
- सिंचाई सम्बन्धी गुरुयोजनाको कार्यान्वयन,,
- नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा, सडक बत्ती तथा खानेपानीयोजनाको मापदण्डको कार्यान्वयन र नियमन
- खानेपानी आयोजनाको सञ्चालन, व्यवस्थापन र नियमन तथा सडकबत्तीको व्यवस्थापन,
- सार्वजनिक निर्माणको गुणस्तर कायम,

- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण सम्बन्धी कार्य गर्ने,
- पार्किङ्ग स्थलको निर्माण तथा सञ्चालन गर्ने,
- निर्माण व्यवसाय दर्ता, नवीकरण, खारेज गर्ने
- स्थानीय यातायात सुरक्षा व्यवस्थापन कायम गराउने,
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँचको व्यवस्थागर्ने
- यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहनगर्ने
- निजी यातायात नियमन व्यवस्थापन गर्ने ।

अ) सार्वजनिक निर्माण तथा वैकल्पिक ऊर्जा शाखा

- स्वीकृत बार्षिक पूर्वाधार सम्बन्धी योजनाहरुको कार्यान्वयन, अनुगमन तथा नियमन,
- पुर्वाधार विकास सम्बन्धित विकास योजनाको मर्मत, सम्भार,
- नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा, सडक बत्ती तथा खानेपानीयोजनाको मापदण्डको कार्यान्वयन र नियमन
- इस्टिमेट, ड्रइङ्ग, डिजाइन तयारी,
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण सम्बन्धी कार्य गर्ने,
- पार्किङ्ग स्थलको निर्माण तथा सञ्चालन गर्ने,
- निर्माण व्यवसाय दर्ता, नवीकरण, खारेज गर्ने
- स्थानीय यातायात सुरक्षा व्यवस्थापन कायमगराउने,
- सार्वजनिक निर्माणको गुणस्तर कायम गर्ने,
- अन्य सार्वजनिक निर्माण सम्बन्धी कार्यहरु,
- यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने,
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँचको व्यवस्थागर्ने
- यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन गर्ने
- निजी यातायात नियमन व्यवस्थापन गर्ने

आ) खानेपानी व्यवस्थापन उपशाखा

- स्वीकृत बार्षिक योजना अनुसार खानेपानी सम्बन्धी योजनाहरुकोकार्यान्वयन गर्ने,
- गाउँको जिम्मा रहेका खानेपानी आयोजनाको महसुल निर्धारण र खानेपानीसेवा व्यवस्थापन ,
- पानीको मुहानको संरक्षण
- सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन
- स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय

- खानेपानी तथा सिंचाई सम्वन्धी खरिद योजना।

च) नक्सापास तथा भवन नियमन शाखा

- शहरीकरण, बस्ती विकास सम्बन्धी मापदण्डको निर्धारण तथासो सम्बन्धी योजना, कार्यान्वयन र नियमन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम सुरक्षितसार्वजनिक, सरकारी भवन निर्माणको अनुमतिको लागि सिफारिस, अनुगमन, नियमन,
- भू–उपयोग नीति, योजनाको कार्यान्वयन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम सुरक्षित सार्वजनिक, सरकारी भवन निर्माणको अनुमतिको लागि सिफारिस, अनुगमन, नियमन,
- भवन निर्माणको लागि नक्शा स्वीकृति तथा संशोधनको लागि सिफारिस,
- स्वीकृत नक्साको अध्यावधिक अभिलेख,
- नक्सा स्वीकृतप्रक्रियालाई व्यवस्थित र सरलीकृत गर्न अवम्लवन गर्नु पर्ने विभिन्न उपायहरुको विकल्पसहित विश्लेषण गरी सिफारिस,
- नगरपालिकाको भोग चलनमा रहेका तथा अन्य सार्वजनिक, ऐलानी, पर्ति जग्गाहरुको अद्यावधिक अभिलेख राख्ने, संरक्षणका योजना बनाउने र संरक्षण सम्बन्धीआवश्यक कार्य गर्ने,
- भवन मापदण्ड सुधार गर्न आवश्यक अध्ययन अनुसन्धान,
- वडा कार्यालयहरुको लागि उपयुक्त हुने नमुना नक्सा तयार,
- कार्यालयको तर्फबाट नक्सा तयार गर्ने गरी भएको व्यवस्थाकोप्रभावकारी कार्यान्वयनको लागि समयमै घर नक्सा निर्माण,
- शाखासंग सम्बन्धित अन्य कार्यहरु।

छ) शिक्षा, युवा तथा खेलकुद विकास शाखा

- प्रारम्भिक बाल शिक्षा, आधारभूत तह, माध्यमिक तह, अनौपचारिकशिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथाविशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- परीक्षा सञ्चालन तथा व्यवस्थापन,
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- स्थानीय स्तरकोपाठ्यक्रम निर्माण र कार्यान्वयन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
- खेलकूदको विकास रप्रवर्द्धन,

- विद्यालय शिक्षक तथा कर्मचारीको अभिलेख व्यवस्थापन,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजनको लागिसिफारिस,
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको आवश्यकता पहिचानगरी सिफारिस,
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- प्रोत्साहन तथा छात्रवृत्ति पाउने विद्यार्थीको अभिलेखव्यवस्थापन,
- बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र रबाल विकास केन्द्र व्यवस्थापन,
- आधारभूत तहसम्मको शैक्षिककार्यक्रमहरुको समन्वय र नियमन,
- सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालयहरुको अनुगमननियमन,
- विद्यालय बाहेकका स्थानीय स्तरमा सञ्चालित शैक्षिक संघसंस्थाहरुसँगको समन्वय, सहजिकरण, अनुगमन, नियमन,
- पाठ्यक्रम र पाठ्य सामग्रीको वितरण तथा कार्यान्वयन,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रर्वधन र स्तरीकरण,
- विद्यालयमा रहेका पुस्तकालयहरुको अभिलेख व्यवस्थापन,
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्रसञ्चालन तथा व्यवस्थापन,
- युवा जागरण, सशक्तिकरण र परिचालन,
- युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास,
- खेलकूदको लागि संरचना पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,
- खेलकूदको विकास र प्रवद्र्घन,
- खेलकूद प्रतियोगिता आयोजना र सहभागिता,
- अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय,
- शाखासँग सम्बन्धित अन्य कार्यहरु।

ज) स्वास्थ्य शाखा

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन,
- राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरकोस्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
- राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्गहोम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमतिर नियमन,
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबद्र्घन,
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- औषधि पसल सञ्चालनका दर्ता तथा अनुमतिका लागि सिफारिस,
- औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाकार्यक्रमको व्यवस्थापन,
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,
- जनस्वास्थ्यनिगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),
- प्रवर्धानात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभस्वास्थ्य सेवाको सञ्चालन,
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रणतथा सचेतना अभिवृद्धि,
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सालगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रर्वधन,
- जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रणयोजना र कार्यान्वयन,
- सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम,
- योग, ध्यान केन्द्रको सञ्चालन,
- योग, ध्यान, प्राकृतिक चिकित्सा प्रर्वधन,
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- औषधि पसल सञ्चालन र नियमन,
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,
- प्रवद्र्घनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थापनात्मक,प्यालिएटिभस्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापन,
- जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रणयोजना र कार्यान्वयन,
- स्वास्थ्य शाखागत प्रशासनिक कार्य गर्ने,

झ) लैगिक समानता तथा सामाजिक समावेशीकरण शाखा

- महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन,
- लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवद्र्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना,
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समितितथा बाल सञ्जाल,

- असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन, बाल हिंसानियन्त्रण,
- बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमतिर नियमन,
- ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधासम्बन्धी कार्य,
- ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रयकेन्द्रको सञ्चालन तथा व्यवस्थापन,
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्रवितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धीअन्य कार्य,
- कमजोर वर्ग, समुदाय, लिगं, क्षेत्र तथा अल्पसंख्यक भाषा, धर्म, सस्कृतिको सम्बन्धि नीति, कानुन, मापदण्ड सम्बन्धि कार्य,
- आदिवासी, जनजाति, मुिस्लम, अल्पसंख्यकहरुको हित प्रर्वधनसम्बन्धी नीति, कानून, कार्यान्वयन, अनुगमन र नियमन,
- स्थानीय स्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण, खारेजी, परिचालन तथा अनुगमन नियमन,
- गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन,
- सामाजिक परिचालन सम्बन्धी कार्य गर्ने,
- टोल विकास संस्था परिचालन गर्ने,

अ) कानून, न्याय तथा फैसला कार्यान्वयन उपशाखा

- न्याय, कानून, मानव अधिकार प्रर्वधन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन
- न्यायिक समितिको सचिवालय सम्बन्धी कार्य,
- मानव अधिकारको संरक्षण तथा प्रर्वधन सम्बन्धी कार्य,
- व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको अभिलेख व्यवस्थापन,
- न्यायिक समितिको निर्णय तथा फैसला कार्यान्वयन,
- न्यायिक प्रतिरक्षा एवं पूर्वपक्षसँग सम्बन्धित कार्यको व्यवस्थापनर सहजिकरण,
- नीति, कानूनको प्रमाणिक प्रतिको संरक्षण, प्रकाशन र अभिलेख,
- कार्यालयको कामको सन्दर्भमा कानूनी राय तथा परामर्श सम्बन्धीकार्यहरु,

आ) लैगिक समानता तथा बाल अधिकार प्रवर्द्धन उपशाखा

- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण, क्षमता विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने,
- लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रर्वधनात्मक, संरक्षणात्मकउपाय र

पुनःस्थापना सम्बन्धी कार्य गर्ने,

- बजेटको लैंगिक हिसाबले विश्लेषण गर्ने र लैगिंक उत्तरदायी बजेटनिर्माण गर्न सहजिकरण गर्ने,
- स्थानीय स्तरमा समावेशिता र मूल प्रवाहीकरण सम्बन्धी अन्य कार्यहरुगर्ने,
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना,निर्माण र कार्यान्वयन,
- बालबालिकाको हकहित संरक्षणसँग सम्बन्धित कार्यहरु गर्ने,
- बाल सञ्जाललाई सबलिकरण गर्ने,
- बाल न्याय प्रवर्द्धन गर्ने,
- असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन गर्न विभिन्न संघसंस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने,
- बाल हिंसा नियन्त्रणका लागि विभिन्न उपायहरु अवलम्वन गर्ने,
- बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमति,
- स्थानीय स्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिकतथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण, खारेजी, परिचालन तथा अनुगमन नियमन,
- गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन,
- गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यको लागि कार्यविधि तथामापदण्ड तयार गर्ने,
- सामाजिक परिचालन सम्बन्धी कार्य गर्ने,
- टोल विकास संस्था परिचालन गर्ने,

ञ) सूचना तथा प्रविधि शाखा

- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरलपहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन,
- आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथातारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण,
- एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण,
- आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेखव्यवस्थापन,
- अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग,
- वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी प्रवद्र्धन,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन,
- सूचना केन्द्रको स्थापना र सञ्चालन व्यवस्थापन,
- तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना,

कार्यान्वयन,

- सूचना तथा अभिलेख केन्द्रको सञ्चालन,
- स्थानीय तथ्याङक संकलन, प्रशोधन, अभिलेखीकरण तथा वितरण,
- आधारभूत तथ्यांक संकलन र व्यवस्थापन ः जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन रप्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिकएवं अभिलेख,
- कार्यालयसँग सम्बन्धित सबै किसिमका तथ्यांकहरुको एकीकरणतथा वितरण,
- प्रदेश तथा संघसँग तथ्यांक एवं सूचना आदानप्रदान र समन्वय,
- सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख (प्रोफाईल)व्यवस्थापन।

ट) कृषि विकास शाखा

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीयनीति, कानून, मापदण्ड, योजना तयारी तथा कार्यान्वयन,
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्तिर कृषक क्षमता विकासकार्यक्रमको सञ्चालन,
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,
- कृषि सम्वन्धी वीमा र कर्जा सहजीकरण,
- शीत भण्डारणको व्यवस्थापन,
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीपविकास र सशक्तीकरण,
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूकोसमन्वय, व्यवस्थापन र नियमन,
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,
- कृषि तथ्याङ्ककको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धीसूचनाको प्रचारप्रसार,
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन,
- कृषि थोक बजार केन्द्रको सञ्चालन व्यवस्थापन,
- कृषि थोक बजार केन्द्र निर्माणको सहजिकरण।

ठ) पशुपंक्षी विकास शाखा

- पशुपालन, पशु स्वास्थ्य, मत्स्य विकास सम्बन्धी स्थानीयनीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन,
- पशुपंक्षी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकासकार्यक्रमको सञ्चालन र नियमन,
- पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
- पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन,
- पशुनश्ल सुधार पद्धति विकास र व्यबस्थापन,
- पशुपंक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,
- पशु आहारको गुणस्तर नियमन,
- स्थानीयस्तरमा पशुपंक्षी सम्बन्धी तथ्याङ्ककको व्यवस्थापनर सूचना प्रणाली,
- पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य,
- छाडा चौपाया नियन्त्रण,
- कान्जी हाउस सञ्चालन, व्यवस्थापन।

ड) आन्तरिक लेखा परीक्षण शाखा

- आन्तरिक तथा पूर्व लेखापरीक्षण,
- लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत)को अभिलेख व्यवस्थापन ,
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण,
- लेखापालनसम्वन्धी क्षमता विकास कार्य,
- सामुदायिक विद्यालयहरुको आन्तरिक लेखा परीक्षण र अन्तिमलेखा परीक्षणमा सहजिकरण र समन्वय,
- शाखासँग सम्बन्धित अन्य कार्यहरु।

६. आर्थिक वर्ष २०८२।०८३ को शाखागत र वडागत वार्षिक प्रगतिः

क) प्रशासन शाखा

१) कार्यालयको बिबरण

क्र.स.	कार्यालय	संख्या	कैफियत
१	गाउँ कार्यपालिकाको कार्यालय	१	सुलिचौर
२	वडा कार्यालय	८	
३	प्राथमिक स्वास्थ्य केन्द्र	१	सुलिचौर
४	स्वास्थ्य चौकी	५	घोडागाउँ;खुङ्ग्री;गजुल;तेबाङ्र अरेश
५	आधारभूत स्वास्थ्य सेवा केन्द्र	२	मिझिङ र काभ्रा
६	सामुदायिक स्वास्थ्य एकाई	४	थुम्पाकी;गोगनपानी;च्यानधारा र क्वालीगाउँ
७	आयुर्बेद औषधालय	१	प्रबेश नगर
जम्मा		२२	

२) गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रहने शाखागत बिबरण

क्र.स.	शाखा/उपशाखा/एकाई	कैफियत
१	प्रशासन शाखा	
२	आर्थिक प्रशासन शाखा	लेखा शाखा
३	बजेट,कार्यक्रम तथा योजना शाखा	
४	पूर्बाधार बिकास शाखा	
५	भवन अभिलेखिकरण तथा नक्शापास उपशाखा	
६	शिक्षा,युवा तथा खेलकूद शाखा	
७	स्वास्थ्य शाखा	
८	महिला तथा वालवालिका शाखा	
९	कृषि बिकास शाखा	
१०	पशु सेवा शाखा	पशुपन्छी बिकास शाखा
११	उद्योग,सहकारी तथा राजश्व प्रशासन शाखा	
१२	पर्यटन प्रबर्द्धन;वन;वातावरण तथा बिपद ब्यबस्थापन उपशाखा	
१३	सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा	
१४	सूचना प्रबिधि शाखा	
१५	नगर प्रहरी एकाई	
१६	पोषण शाखा	बहुक्षेत्रीय पोषण कार्यक्रम
१७	रोजगार,सीप तथा उद्यमशीलता केन्द्र	राष्ट्रिय रोजगार कार्यक्रम
१८	उद्यम बिकास शाखा	गरिवी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम(MEDPA)
१९	सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता सुदृढ्किरण आयोजना सेवा एकाई	SSSCRP

२०	सुरक्षित आप्रवाशन कार्यक्रम	सामी

३) स्वीकृत दरबन्दी तथा कार्यरत कर्मचारी बिबरण

क्र.स.	कार्यालय	दरबन्दी			पदपूर्ती		
		स्थायी	करार	जम्मा	स्थायी	करार	जम्मा
१.	गाउँ कार्यपालिकाको कार्यालय	४७	३४	८१	२२	२८	५०
२.	वडा कार्यालय	१६	८	२४	५	२०	२५
३.	स्वास्थ्य संस्थाहरु	३६	३५	६१	३६	३५	६१
	जम्मा	९९	६७	१६६	६३	७३	१३६

४) क्रियाकलाप खण्ड

क्र.स.	कार्यक्रम/क्रियाकलाप	एकाई	लक्ष्य	प्रगति
१.	गाउँसभा	पटक	२	२
२.	कार्यपालिका बैठक	पटक	१२	१९
३.	कर्मचारी बैठक	पटक	१२	१२
४.	बिषयगत समितिको बैठक	पटक	२	२
५.	प्रगति समीक्षा	पटक	४	४
६.	सार्बजनिक सुनुवाई	पटक	३	३
७.	बजेट तथा कार्यक्रम कार्यान्वयन	कार्यक्रम	५	५

५) स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगतको भौतिक तथा बित्तीय प्रगति

क्र.स.	कार्यक्रम/क्रियाकलाप	बिनियोजित बजेट रु.हजारमा	खर्च रकम रु.हजारमा	प्रगति प्रतिशत
१.	क्षमता तथा सीप बिकास तालिम	६५०	५१७.४७५	७९.६१
२.	संगठन तथा ब्यबस्थापन सर्बेक्षण	५००	५००	१००
३.	टोल बिकास संस्थाको संस्थागत बिकास	४००	३०९.१०५	७७.२७
४.	सेवा परामर्शखरिद	१०००	९६६.२२६	९६.६२
५.	पोषणमैत्री स्थानीय शासन प्रबर्द्धन	३००	१७५.६०१	५८.५३
जम्मा		२८५०	२४६८.४०७	८६.६१

- ❖ कूल बिनियोजित बजेट: रु.२८,५०,०००।–
- ❖ कूल खर्च: रु.२४,६८,४०७।-
- ❖ भौतिक प्रगति : १००%
- ❖ बित्तीय प्रगति : ८६.६१%

ख) आर्थिक प्रशासन शाखा

आय व्ययको विवरण

प्राप्ती			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
शुरु मौज्दात (अन्त रसरकारी अख्तियारी सहित)		४९२०९७५४.९९	**चालु खर्च**		३४३७१२४५५.६८
१. संचित कोष खाता (ग४.१)	३२२०२९५२.५८	३२२०२९५२.५८	१. पालिकातर्फ	१३२१३५६८३.५४	१३२१३५६८३.५४
२. धरौटी खाता (ग ३.१ -पालिकातर्फ)	१२८७७२८४	१२८७७२८४	२. संघीयस शर्त	२११५७६७७२.१४	२११५७६७७२.१४
३. विविध खर्च खाता (ग२.७)			३. संघीय विशेष		
४. विविध को षखाता (ग५.१)	३०६८२२६	३०६८२२६	४. प्रदेश सशर्त		
५. प्रकोप व्यवस्थापन कोष खाता (ग७.२)	१०६१२९२.४१	१०६१२९२.४१	५. प्रदेश विशेष		
६. आन्तरिक राजश्व खाता (ग१.१)	०	०	६. अन्य		
७. एम्बुलेन्स खर्च खाता (स्थानीय कार्यविधि बमोजिम सञ्चालित)	०	०	**पुँजीगत खर्च**		१२०९९२४४९
८. लैङ्गिक हिंसा निवारण कोष खाता (स्थानीय कार्यविधि बमोजिम सञ्चालित)	०	०	१. पालिकातर्फ	८०४२०९८८	८०४२०९८८
९. धरौटी (अन्तरसरकारी अख्तियारी) तर्फ	०	०	२. संघीयस शर्त	१५६२४२३३	१५६२४२३३
क. संघ	०	०	३. संघीय विशेष	३०५२८००	३०५२८००
ख. प्रदेश	०	०	४. संघीय समपुरक	६५१७०११	६५१७०११
यस वर्षकोआय			५. प्रदेशस शर्त	९०१७२२२	९०१७२२२
१. आन्तरिक आय	१०५६६१९८.५९	१०५६६१९८.५९	६. प्रदेशसम पुरक	६३६०१९५	६३६०१९५

अन्य आय	४८२४५३.६२	४८२४५३.६२			
२. वित्तीय हस्तान्तरण (संघ)		४७९२५६९७७.४३			
क. समानिकरण अनुदान	९४२८४९५०	९४२८४९५०	**अन्तर सरकारी अख्तियारी (संघ)**		१३२६५९७६१
ख. राजश्वबाँडफाँड (रोयल्टी बाहेक)	१०४२९९६६९.३	१०४२९९६६९.३	क. सामाजिक सुरक्षा	१२३९६३८७५	१२३९६३८७५
ग. सशर्त अनुदान	२६४९३५०००	२६४९३५०००	ख. गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम	५००५१०	५००५१०
घ. समपुरक अनुदान	८९०००००	८९०००००	ग. राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम	८१९५३७६	८१९५३७६
ङ. विशेष अनुदान	६८०००००	६८०००००	घ.		
च. रोयल्टी (जलस्रोत, बन, पर्यटन)	३७३५८.१३	३७३५८.१३	**अन्तर सरकारी अख्तियारी (प्रदेश)**		
			धरौटी फिर्ता/ सदर स्याहा (अन्तर सरकारी अख्तियारी)		
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३९३२७०७१.५९	क. संघ		
क. समानिकरण अनुदान	६८७३०००	६८७३०००	ख. प्रदेश		
ख. राजश्व बाँडफाँड	१०४५४०७१.५९	१०४५४०७१.५९	**ऋण फिर्ता (साँवा)**		
ग. सशर्त अनुदान	१२५०००००	१२५०००००	**ऋणको व्याज भुक्तानी**		
घ. समपुरक अनुदान	७५०००००	७५०००००	**धरौटी फिर्ता तथा सदरस्याहा (पालिका तर्फ)**	८२२८६२३	८२२८६२३
ङ. विशेष अनुदान	२०००००	२०००००	**कार्य सञ्चालन कोषबाट भएको खर्च**		९४९३१०

च. रोयल्टी	०	०	क. विविध खर्च खाता	५३४३१०	५३४३१०
४. स्थानीय राजश्व बाँडफाड (विज्ञापन कर)	०	०	ख. प्रकोप व्यवस्थापन कोष	४१५०००	४१५०००
५.अन्तर सरकारी अख्तियारी (संघ)		१३२६५९७६१	ग. एम्बुलेन्स खर्च खाता		
क. सामाजिक सुरक्षा	१२३९६३८७५	१२३९६३८७५	**गैर सरकारी संस्थाबाट सञ्चालित योजना**		
ख. गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम	५००५१०	५००५१०	**अन्य सहयोगमा सञ्चालित योजना**		
ग. राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम	८१९५३७६	८१९५३७६	**अन्य खर्च भएमा**		
घ.			**अनुदान फिर्ता**		५०४८६०४६.८६
६. अन्तर सरकारी अख्तियारी (प्रदेश)			**१. संघतर्फ**	४३८६४१८३.८६	४३८६४१८३.८६
क. सामाजिक सुरक्षा			क. सशर्त अनुदान	३७७३३९९४.८६	३७७३३९९४.८६
ख. गरिबसँग विश्वेश्व रकार्यक्रम			ख. विशेष अनुदान	३७४७२००	३७४७२००
७. धरौटी (अन्तर सरकारी अख्तियारी) तर्फ			ग. समपुरक अनुदान	२३८२९८९	२३८२९८९
क. संघ			**२. प्रदेशतर्फ**	६६२१८६३	६६२१८६३
ख. प्रदेश			क. शसर्त अनुदान	३४८२७७८	३४८२७७८
८. ऋण/वित्तिय व्यवस्था			ख. विशेष अनुदान	२००००००	२००००००
९. धरौटीआय (पालिका तर्फ)	३३६७३७७	३३६७३७७	ग. समपुरक अनुदान	११३९०८५	११३९०८५
१०. कार्य सञ्चालन कोष आय		१६५२८४२	**अन्तिम मौज्दात**		५९४९३९९०.६८
क. प्रकोप व्यवस्थापन कोष	४२११२५	४२११२५	१. संचित कोष खाता (ग४.१)	४६६४४९०२.२७	४६६४४९०२.२७

ख. विविध खर्च खाता कोष	१२३१७१७	१२३१७१७	२. धरौटी खाता (ग३.१ -पालिकातर्फ)	८०१६०३८	८०१६०३८
ग. एम्बुलेन्स खर्च खाता			३. विविध खर्च खाता (ग२.७)	३७६५६३३	३७६५६३३
घ. अन्य कोषको आय			४. विविध कोष खाता (ग५.१)		
११. गैर सरकारी संस्थाबाट सञ्चालित योजना			५. प्रकोप व्यवस्थापन कोष खाता (ग७.२)	१०६७४१७.४१	१०६७४१७.४१
१२. अन्य सहयोगमा सञ्चालित योजना			६. एम्बुलेन्स खर्च खाता (स्थानीय कार्यविधि बमोजिम सञ्चालित)		
१३. अन्य आय भएमा			७. लैङ्गिक हिंसा निवारण कोष खाता (स्थानीय कार्यविधि बमोजिम सञ्चालित)		
			८. धरौटी (अन्तर सरकारीअख्तियारी) तर्फ		
जम्मा		७१६५२२६३६.२२	**जम्मा**		७१६५२२६३६.२२

आय व्यय

income	Amount	Expenditure	Amount
opening Balance	३,२२,०२,९५२.५८	Recurrent expenses	३४,३७,१२,४५५.६८
Grand from federal	३७४९१९९५०	Capital expenses	१२,०९,९२,४४९
Grand from province	२८८७३०००	return	५,०४,८६,०४६.८६
Revenu sharing	११४७९१०९९.०२	closing Balance	४,६६,४४,९०२.२७
internal income	१०५६६१९८।५९		
other income	४८२६५३।६२		
Toal income	५६,१८,३५,८५३.८१	Toal expensive	५६,१८,३५,८५३.८१

घ) स्वास्थ्य शाखा

पृष्ठभूमि

सुनिलस्मृति गाउँपालिकाको स्वास्थ्य शाखाले गाउँपालिका भित्रका स्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवा, मातृ तथा नवजात शिशु स्वास्थ्य, बाल स्वास्थ्य तथा पोषण, खोप, परिवार नियोजन, सरुवा तथा नसर्ने रोग नियन्त्रण, मानसिक स्वास्थ्य, आयुर्वेद, आकस्मिक सेवा, स्वास्थ्य बीमा तथा स्वास्थ्य प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ। आर्थिक वर्ष२०८२/०८३ को स्वास्थ्य क्षेत्रको वार्षिक समीक्षा सामग्रीलाई आधार बनाई यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको हो।

वार्षिक समीक्षा कार्यक्रमको उद्देश्य स्वास्थ्य संस्थाहरूको प्रगतिको तुलनात्मक विश्लेषण, अघिल्लो समीक्षाबाट पहिचान भएका समस्याको कार्यान्वयन अवस्था मूल्याङ्कन, नीति/रणनीति/निर्देशिकाको कार्यान्वयन समीक्षा तथा आगामी वर्षका प्राथमिकता र कार्य योजना पहिचान गर्नु रहेको छ।

२. गाउँपालिकाको स्वास्थ्य क्षेत्रको संक्षिप्त परिचय

सुनिलस्मृति गाउँपालिकाको कुल जनसंख्या २९,७०२ रहेको छ। आ.व. २०८२/०८३ का लागि १ वर्ष मुनिको लक्षित जनसंख्या ६३१, ०–२३ महिनाको १,२५२, ५ वर्ष मुनिको ३,०४०, ६–५९ महिनाको २,६७२, १०–१९ वर्षका किशोरी ३,०५२, १५–४९ वर्षका महिला ९,३३६, अपेक्षित जीवित जन्म ६३१ र अपेक्षित गर्भावस्था ७४३ रहेको छ।

३. स्वास्थ्य संस्थागत संरचना

स्वास्थ्य संस्थाको प्रकार	संख्या
प्राथमिक स्वास्थ्य केन्द्र	१
स्वास्थ्य चौकी	५
आधारभूत स्वास्थ्य सेवा केन्द्र	२
सामुदायिक स्वास्थ्य इकाई	४
आयुर्वेद औषधालय	१
गाउँ घर क्लिनिक	२३
खोप क्लिनिक	२८
सुरक्षित प्रसूति केन्द्र	६
महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका	५४

नेपाल स्वास्थ्य संस्था पञ्जीकरणमा प्रस्तुत स्वास्थ्य संस्थाहरू अद्यावधि करहेको विवरण छ। ८ वटा स्वास्थ्य संस्थामा गाउँघर/ खोप क्लिनिक सञ्चालन तथा ८ वटा स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड (MSS) मूल्याङ्कन गरिएको छ।

४. स्वास्थ्य जनशक्ति अवस्था

पद/समूह	स्वीकृत दरबन्दी	हाल कार्यरत
मेडिकल अधिकृत	१	२
स्टाफ नर्स	१	१
हे.अ.	१	१

सि.अ.न.मि./अ.न.मी.	१५	२०
सि.अ.हे.ब./अ.हे.ब.	२०	१५
ल्याब	६	६
रेडियो ग्राफर	१	१
फार्मेसी	०	१
कार्यालय सहयोगी	९	१५
एम्बुलेन्स चालक	०	४
जम्मा	५५	५६

रिक्त दरबन्दी मध्ये हे.अ. पदका लागि ६ र अ.न.मी./सम्बन्धित पदका लागि ४ जनाको माग गरिएको भएपनि आ.व. २०८२/०८३ मा पदपूर्ति नभएको विवरण छ।

५. आधारभूत स्वास्थ्य सेवाको अवस्था

- वर्षभरि ९८ प्रकारका निःशुल्क आधारभूत औषधि उपलब्ध गराउने स्वास्थ्य संस्थाः ६।
- आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक १८ प्रकारका औषधिजन्य सामग्री/उपकरण उपलब्ध भएका संस्थाः ६।
- आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन भएका वडाः २।
- आधुनिक र आयुर्वेदिक दुवै सेवा प्रदान गर्ने संस्थाः १।
- आधारभूत आयुर्वेद सेवा प्रदान गर्ने केन्द्रः १।
- गाउँघर तथा खोप क्लिनिक सञ्चालन गर्ने स्वास्थ्य संस्थाः ८।
- MSS मूल्याङ्कन गरिएका स्वास्थ्य संस्थाः ८।
- वर्षमा कम्तीमा एक पटक सामाजिक परीक्षण गरेका स्वास्थ्य संस्थाः ८।

६. नीति, कानून तथा कार्यविधिको कार्यान्वयन

स्थानीय तहमा स्वास्थ्य ऐन, स्वास्थ्य नीति, विपन्न नागरिक सहायता कार्यविधि, मानसिक तथा मनोसामाजिक प्रभावित व्यक्तिको सहायता कार्यविधि, फार्मेसी सञ्चालन कार्यविधि तथा एम्बुलेन्स सञ्चालन कार्यविधि कार्यान्वयनमा रहेको विवरण छ।

७. आ.व. २०८२/०८३ का स्वीकृत कार्यक्रमको प्रगति

संघीय सशर्ततर्फ जम्मा बजेट करिब रु. ४ करोड ८० लाख ६० हजार रहेको र प्रस्तुत विवरणअनुसार भौतिक प्रगति ९३.८५ प्रतिशत तथा वित्तीय प्रगति १०० प्रतिशत रहेको छ।

प्रमुख कार्यक्रम	बजेट (रु. हजार)	भौतिक प्रगति	वित्तीय प्रगति
स्वास्थ्यकर्मीको तलब/भत्ता	३ करोड ४ ८लाख	९५.९५%	१००%
मृगौला/डायलाइसिस/क्यान्सर/मेरुदण्ड उपचार सहायता	१,३६०	९०.४४%	१००%
मातृ तथा नवजात न्यानो झोला लगायत	२,८५८	६४%	१००%

नसर्ने रोग स्क्रिनिङ	१५०	१००%	१००%
CBIMNCI समीक्षा/अनुशिक्षण	१००	१००%	१००%
क्षयरोग खोजपड्ताल	१०५	९३.८९%	१००%
पोषण कार्यक्रम	४०४	९९%	१००%
किशोर-किशोरी स्वास्थ्य	९०	९८%	१००%
खोप कार्यक्रम	६२३	९८.९३%	१००%
परिवार योजना	६०	१००%	१००%
मातृ तथा नवशिशु कार्यक्रम	२,०३२	९९.९२%	१००%
महिला स्वास्थ्य स्वयंसेविका	१,२००	१००%	१००%
मानसिक स्वास्थ्य/आत्महत्या न्यूनीकरण	५०	९८%	१००%
आधारभूत/आकस्मिक सेवाका औषधि खरिद	१,०८७	१००%	१००%
बहुक्षेत्रीय पोषण कार्यक्रम	३००	१००%	१००%

८. वित्तीय समानीकरणतर्फका प्रमुख कार्यक्रम

कार्यक्रम	बजेट (रु. हजार)	भौतिक	वित्तीय
स्वास्थ्य संस्थाको प्रशासनिक खर्च	२४०	९९.८८%	१००%
PNC भ्रमण सञ्चार खर्च	१००	१००%	१००%
किशोरीआइरन/फोलिक एसिड समीक्षा	१००	९९.८५%	१००%
एकीकृत स्वास्थ्य घुम्ती शिविर	५००	१००%	१००%
पूर्ण पोषणयुक्त वडा/पालिका घोषणा तथा सर्वेक्षण	२००	१००%	१००%
पूर्ण संस्थागत सुत्केरी दिगोपना/सर्वेक्षण	३००	९७.२५%	१००%
FCHV समीक्षा तथा सम्मान	१,२३२	१००%	१००%
पूर्ण खोप सुनिश्चितता/दिगोपना	१००	१००%	१००%
विपन्न नागरिक सहायता	५००	७९.३०%	१००%
ल्याब सामग्री खरिद	४५०	९९.८०%	१००%
HMIS Tools/खोपकार्ड/अनुसूची छपाइ	१६०	९९.३८%	१००%
गर्भवती महिला, निःशुल्क भिडियो एक्सरे, साबुन/आयोडिन नुन	३००	९९.३७%	१००%
औषधि तथा सर्जिकल सामग्री खरिद	१,४५०	१००%	१००%
विपन्न/दीर्घरोगी महिलाको स्वास्थ्य बीमा	४००	—	—

९. राष्ट्रिय खोप कार्यक्रम

सूचक	२०८०/८१	२०८१/८२	२०८२/८३
BCG	८४.६०%	८१.६४%	७३.६९%
Penta-3	९३.८१%	९४.३०%	८५.९०%
MR-2	९२.१५%	१०७.१८%	८२.२९%

JE	१००.३०%	७९.८०%	६५.२२%
पूर्णखोप	९२.१५%	१०७.१८%	८२.२९%
Td2 & Td2+	६४.११%	७७.३४%	६८.३७%

खोप कार्यक्रम नियमित सञ्चालन, तालिम प्राप्त स्वास्थ्यकर्मी, नियमित समीक्षा तथा सूक्ष्म योजना र खोपको नियमित आपूर्तिलाई सकारात्मक अभ्यासका रूपमा उल्लेख गरिएको छ।

१०. IMNCI कार्यक्रम

पाँच वर्ष मुनिका बालबालिकाको IMNCI सेवा उपयोगको स्थानीय तह औसत आ.व. २०८२/८३ मा ९११.१८ प्रति हजार रहेको छ। PSBI भएका ०–२ महिनाका शिशुलाई पहिलो Gentamicin dose दिने सूचक १०० प्रतिशत र निमोनिया भएका पाँच वर्षमुनिका बालबालिकालाई Amoxycillin उपचार दिने सूचक १०० प्रतिशत रहेको छ। झाडापखाला भएका बालबालिकामा Zinc तथा ORS उपचार सूचक पनि १००प्रतिशत रहेको छ।

- सबै ८ स्वास्थ्य संस्थामा स्थलगत अनुशिक्षण।
- पालिका स्तरीय समीक्षा तथा स्वास्थ्यकर्मी तालिम।
- औषधि/सामग्रीको नियमित आपूर्ति र व्यवस्थापन।
- समयमै अभिलेख तथा रिपोर्टिङर error correction।

११. पोषण कार्यक्रम

सूचक	२०८०/८१	२०८१/८२	२०८२/८३
SAM केस OTC मा भर्ना	५	४	९
Vitamin A पहिलो चरण	१०८%	९४.७४%	९६.३३%
Vitamin A दोस्रो चरण	९४.७४%	११४.७०%	७४.८८%
Anthelmintic पहिलो चरण	११४.४०%	११४.४०%	९६.०९%
Anthelmintic दोस्रो चरण	९४.७६%	११६.५०%	७३.३४%
०–११ महिनाको वृद्धि अनुगमन दर्ता	१००.२%	१०३.६%	७५.१२%
०–२३ महिनाको औसत वृद्धि अनुगमन भ्रमण	२१.२३	२२.५३	२२.९६
गर्भावस्थामा १८० दिन IFA प्राप्त	६९.१६%	८४.३९%	६७.५१%
सुत्केरीपछि ४५ दिन IFA	१००%	१००%	९६.८८%
किशोरी १३ हप्ता IFA	८३.२२%	८१.९६%	७१.४७%
किशोरी २६ हप्ता IFA	७१%	६४.५३%	६९.७७%

पोषिलो खाना प्रदर्शनी, पोषण खोजपड्ताल, स्तनपान सप्ताह र पोषण सप्ताह।

- किशोरी आइरन–फोलिक एसिड कार्यक्रम र हेमोग्लोबिन परीक्षण।
- सर्वोत्तम पिठो, अण्डा, आयोडिन नुन, क्यालिसयम तथा IFA वितरण।
- सुनौलो हजार दिनका आमा तथा परिवारसँग स्वास्थ्य प्रवर्द्धन अन्तरक्रिया।

- निःशुल्क भिडियो एक्सरे तथा ल्याब सेवा।

१२. परिवार नियोजन कार्यक्रम

सूचक	२०८०/८१	२०८१/८२	२०८२/८३
आधुनिक गर्भनिरोधक प्रयोगकर्ता	२३०.३%	२५९.६%	२३०.८%
आधुनिक विधिका नयाँ प्रयोगकर्ता	४.३५%	४.२९%	३%
Post-abortion FP सेवा	१.८५%	२७.२७%	४१.१२%
५ विधि उपलब्ध सेवास्थल	६	७	७
CPR	३१.०५%	३७.०९%	४०%

परिवार नियोजन सूक्ष्म योजना, स्वास्थ्यकर्मी तालिम, ९ संस्थामा Implant तथा ६ संस्थाबाट IUCD सेवा सञ्चालन र सुरक्षित गर्भपतन सेवा उपलब्ध हुनु प्रमुख अभ्यास हुन्।

१३. मातृ तथा नवजात शिशु स्वास्थ्य

सूचक	२०८०/८१	२०८१/८२	२०८२/८३
कम्तीमा १ ANC	९५.८%	१००%	९०.३%
४ पटक ANC	७४.९%	१०२%	७३.७%
८ पटक ANC	६१.५%	६९.८%	५६.९%
संस्थागत प्रसूति	५९%	५७.९%	५०.९%
४ पटक PNC	७५.२%	१०३%	७३.७%

निःशुल्क भिडियो एक्सरे, आयोडिन नुन, साबुन, सञ्चार खर्च।

- किशोरी आइरन समीक्षा, अण्डा तथा क्यालिसियम वितरण।
- निःशुल्क ल्याब, IFA तथा अन्य आवश्यक सामग्री।
- सुनौलो हजार दिनका आमा तथा परिवारसँग स्वास्थ्य प्रवर्द्धन।

१४. सरुवा रोग नियन्त्रण

सूचक	२०८०/८१	२०८१/८२	२०८२/८३
TB notification rate	१३८.४	१२१	'
TB treatment success rate	८८.३७%	९५%	९६.४३%
नयाँ कुष्ठरोग	२	१	३
मलेरिया	०	३	'
Dengue	२३/०	४९/७	'
Intestinal protozoa	१४०७	९०३	'
URTI उपचार	१०६१	६७२	'
Mumps	४८४	९६	'

क्षयरोग खोजपड्ताल AI X-ray तथा अन्य विधिबाट, ८ वटै वडामा बृहत् एकीकृत स्वास्थ्य शिविर, मानसिक स्वास्थ्य विशेषज्ञ शिविर तथा नियमित स्वास्थ्य सेवा सञ्चालन गरिएको छ। चुनौतीका रूपमा क्षयरोगी संख्या बढ्नु, मदिरापान र औषधि नियमित सेवनमा कठिनाइ उल्लेख गरिएको छ।

१५. नसर्ने रोग तथा मानसिक स्वास्थ्य

सूचक	२०८०/८१	२०८१/८२	२०८२/८३
Hypertension	९४९	१२९०	१७१७
Diabetes	३१०	४५८	४७४
Cancer	१७	२०	५०
COPD	९३	१२१	२२४
RTA	११८	५६	४०
कुल मानसिक स्वास्थ्य केस	१०७	१५३	५३१
Depression	४२	३३	१२
Anxiety disorder	६५	४०	१८
Acute Psychosis	२	४	८

नसर्ने रोग स्क्रिनिङ, मानसिक स्वास्थ्य तथा आत्महत्या न्यूनीकरण सचेतना, जंकफुड निरुत्साहन तथा लागू औषध दुरुपयोगसम्बन्धी अन्तरक्रिया सञ्चालन गरिएको छ। रक्तचाप, मोटोपना, मधुमेह तथा मानसिक स्वास्थ्य समस्याको वृद्धि प्रमुख चुनौतीका रूपमा देखिएकोछ।

१६. आकस्मिक तथा आयुर्वेद सेवा

सूचक	२०८०/८१	२०८१/८२	२०८२/८३
आकस्मिक सेवा प्राप्त गर्ने	१२०५	१२७५	२१४८
आकस्मिक बिरामी रेफर	६७२	३८४	१३७
आयुर्वेद सेवा प्राप्त गर्ने	५१९४	५३१६	६३८३
पूर्वकर्म सेवा	२२३	३९४	४०५
योग सेवा	१०३	१५०	२१३
शतावरी प्राप्त महिला	७०	८७	९४
नागरिक आरोग्य अभियान	२८५	२१०	४२

१७. स्वास्थ्य बीमा कार्यक्रम

आ.व. २०८२/८३ मा स्वास्थ्य बीमामा ५,८३८ परिवार आबद्ध रहेको र ८ जना दर्ता सहयोगी रहेको विवरण छ। आ.व. २०८३/८४ का लागि ८८ जना सम्म दर्ता सहयोगीको लक्ष्य राखिएको छ। स्वास्थ्य बीमा सेवा प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरबाट प्रदान भइरहेको छ र स्थानीय सरकारले विपन्न नागरिकका लागि बीमा कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको छ।

- बीमा अभिकर्ता सक्रिय नहुनु/छोड्नु।
- समुदायमा स्वास्थ्य बीमा बारे पर्याप्त जानकारी नहुनु।
- बीमा गरेपछि नवीकरण नगर्ने प्रवृत्ति।
- सरकारबाट बीमाको पहुँच विस्तारमा थप प्रयास आवश्यक हुनु।

१८. प्रमुख उपलब्धिहरू तथा नवीनतम प्रयासहरू

- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रम सञ्चालन।
- निःशुल्क भिडियो एक्सरे तथा ल्याब सेवा विस्तार।
- सुनौलो हजार दिनका आमालाई अण्डा, क्याल्सियम तथा पोषण सहयोग।
- कम तौलका बालबालिका तथा हेमोग्लोबिन कम भएका गर्भवतीलाई पोषिलो पिठो/पोषण सहयोग।
- महिला स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्य सामग्री तथा आवश्यक सहयोग।
- मेरुदण्ड पक्षाघात भएका बिरामीलाई अफ्रोड ह्वीलचेयर वितरण।
- ८ वटै वडामा एकीकृत स्वास्थ्य शिविर सञ्चालन।
- नसर्ने रोगको व्यापक स्क्रिनिङ अभियान।
- विपन्न तथा दीर्घरोगी महिलालाई स्वास्थ्य बीमा कार्यक्रम।

१९. प्रमुख समस्या तथा चुनौती

- स्वास्थ्य क्षेत्रमा जनशक्ति अभाव तथा रिक्त दरबन्दी पूर्ति हुन नसक्नु।
- स्वास्थ्य पूर्वाधार, सामग्री र उपकरणको आवश्यकता।
- खोप तथा केही मातृ/बाल स्वास्थ्य सूचकमा अपेक्षित प्रगति नहुनु।
- पोषण तथा IFA कार्यक्रमका केही सूचकमा गिरावट आउनु।
- परिवार नियोजनका नयाँ प्रयोगकर्ता वृद्धि कम हुनु।
- नसर्नेरोग, मोटोपना, मधुमेह तथा मानसिक स्वास्थ्य समस्या बढ्दै जानु।
- क्षयरोगी संख्या बढ्नु तथा औषधि सेवनमा निरन्तरता कायम गर्न कठिनाइ।
- स्वास्थ्य बीमामा अभिकर्ता सक्रियता, जनचेतना र नवीकरणमा समस्या।
- बजेट पर्याप्तता तथा समयमै कार्यक्रम/भुक्तानी व्यवस्थापनको आवश्यकता।
- HMIS लगायत सूचना प्रणाली नियमित अद्यावधिक, data verification र error correction लाई निरन्तरता दिनुपर्ने।

२०. स्वास्थ्य क्षेत्र सुधारका लागि प्रस्तावित कार्यदिशा

प्राथमिकताक्षेत्र	मुख्य क्रियाकलाप
जनशक्ति	रिक्त दरबन्दीमा पदपूर्ति, आवश्यक जनशक्ति माग तथा क्षमता विकास
मातृ/नवजात	ANC/PNC, संस्थागत प्रसूति, निःशुल्क एक्सरे/ल्याब र पोषण सेवाको गुणस्तर सुधार
खोप	कम कवरेज भएका वडामा सूक्ष्म योजना, tracking तथा नियमित समीक्षा
पोषण	वृद्धिअनुगमन, IFA, Vitamin A र कुपोषण खोजपड्तालमा विशेष अभियान
परिवार नियोजन	नयाँ प्रयोगकर्ता बढाउने परामर्श तथा सेवा विस्तार

NCD/मानसिक स्वास्थ्य	नियमित screening, परामर्श, referral र समुदाय स्तरीय स्वास्थ्य प्रवर्द्धन
TB/सरुवा रोग	सक्रिय खोजपड्ताल, उपचारमा निरन्तरता र समुदाय साझेदारी
बीमा	अभिकर्ता परिचालन, नवीकरण तथा समुदायमा जनचेतना
आपूर्ति/पूर्वाधार	औषधि, उपकरण, ल्याब सामग्री तथा स्वास्थ्य संस्थाको MSS सुधार
सूचना प्रणाली	HMIS/DHIS-2/eLMIS लगायत प्रणालीमा समयमै data entry, verification र error correction

२१. निष्कर्ष

आर्थिक वर्ष २०८२/०८३ मा सुनिलस्मृति गाउँपालिका स्वास्थ्य शाखाले आधारभूत स्वास्थ्य सेवा, खोप, मातृ तथा नवजात स्वास्थ्य, पोषण, परिवार नियोजन, सरुवा तथा नसर्ने रोग, मानसिक स्वास्थ्य, आकस्मिक तथा आयुर्वेद सेवाका क्षेत्रमा उल्लेख्य कार्यक्रम सञ्चालन गरेको छ। संघीय सशर्त कार्यक्रमको समग्र भौतिक प्रगति ९३.८५ प्रतिशत तथा वित्तीय प्रगति १०० प्रतिशत रहेको विवरणले कार्यक्रम कार्यान्वयनको समग्र अवस्था सन्तोषजनक देखाउँछ।

यसका साथै मातृ तथा बाल स्वास्थ्यका केही सूचकमा गिरावट, खोप कवरेजमा कमी, पोषण तथा IFA सेवाका केही सूचकमा अपेक्षित उपलब्धि नहुनु, नसर्ने तथा मानसिक स्वास्थ्य समस्या बढ्नु, जनशक्ति तथा बीमा कार्यक्रमका चुनौतीहरू आगामी वर्षका मुख्य सुधार क्षेत्रका रूपमा रहेका छन्। उपलब्ध स्रोतको प्रभावकारी परिचालन, तथ्यमा आधारित योजना, स्वास्थ्य संस्थाको गुणस्तर सुधार र समुदायको सक्रिय सहभागिताबाट आगामी वर्ष स्वास्थ्य सेवा थप प्रभावकारी बनाउन सकिने अपेक्षा गरिएकोछ।

ङ) शिक्षा शाखा

- कूल विनियोजित बजेट रु. २२,६७,६९,०००/-
- कूल खर्च रु. १९,५०,१०,०००/-
- खर्च नभएको रकम रु. ३,१७,५९,०००/-
- वित्तीय प्रगति ८५.९९%
- भौतीक प्रगतिः१०० %

  सम्पादित मुख्य/मुख्य योजना /कार्यक्रम
- उत्कृष्ट शिक्षक तथा विद्यार्थीहरुका लागि पुरस्कार वितरण कार्यक्रम सम्पन्न।
- विषयगत शिक्षकहरूका लागि क्षमता विकास कार्यक्रम तथा EMIS र एकीकृत पाठ्यक्रम सम्बन्धी तालिम सञ्चालन।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न।
- उच्च शिक्षा तथा CTEVT मा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति प्रदान।
- कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्पन्न।
- बालबालिकाको उचित पालनपोषण, विकास र शिक्षामा अभिभावकलाई सक्षम तथा सचेत बनाउन ६ वडामा वृहत अभिभावक शिक्षा कार्यक्रम सम्पन्न भएको।
- शिक्षकको कार्यक्षमता, उत्साह र शिक्षणमा गुणस्तर अभिवृद्धि गर्न सबै शिक्षकहरुको लागि

उत्प्रेरणामूलक कार्यक्रम संचालन गरिएको।

- विद्यार्थीहरूमा सिकाइप्रति रुचि, आत्मविश्वास, सकारात्मक सोच र लक्ष्यप्राप्तिको प्रेरणा बढाई शैक्षिक उपलब्धि सुधार गर्नविद्यार्थी उत्प्रेरणामूलक कार्यक्रमहरु संचालन भएका।
- विद्यालय तहका खेलाडिहरुको प्रतिभा प्रष्फुटन गर्न राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता संचालन गरी मार्सल आर्टस् सहित ६६ वटै इभेन्टसमा प्रतिष्पर्धा गराइ अन्तरविद्यालय स्तरीय जिल्लास्तर र छनौट भएकालाइ प्रदेशस्तर सम्म अवसर प्रदान गरिएको।
- शिक्षक र विद्यार्थीलाई उत्कृष्ट कार्य, उपलब्धि तथा राम्रो प्रदर्शनको कदर गर्दै थप प्रोत्साहन दिन स्थानीय तह स्तरको आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षामा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थी शिक्षक र विद्यालयलाइ सम्मान गरिएको।
- भौगोलिक बनोट, विद्यार्थी संख्या र आवश्यकताको आधारमा श्री शिवालय प्राथमिक विद्यालय तेवाङमा कक्षा ८, श्री उदय आधारभूत विद्यालय रिझामा कक्षा ७ र रोल्पा सनलाइट वोर्डिङ स्कूलमा कक्षा १० वडा थप अनुमति दिइ अहिले संचालनमा रहेको।
- आधारभूत तह (कक्षा -८) को परीक्षा संचालन तथा प्रमाणिकरणको कार्य सम्पन्न भएको।

च) पूर्वाधार शाखा

- कुल बजेटः ११,७७,२४,९४९।–
- कुल खर्चः ९,१७,७९,३७४
- वित्तिय प्रगतिः७७.९६% (बजेट स्रोत शिर्षकको आधारमा)
- भौतिक प्रगतिः८६.०६ %(योजना संख्याको आधारमा)

सम्पादित मुख्य/मुख्य योजना /कार्यक्रम

- गाउपालिका कार्यालय भवन निर्माण सम्पन्न।
- अरेश स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न।
- लिस्ने बाल आ.बि.भवन निर्माण सम्पन्न।
- तेवाङ्ग स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न।
- खुङ्ग्री महेन्द्री हरिगाऊ आपचौर मोटरबाटो स्तरउन्नति
- रामेश्वोरी मा.वि. भवन निर्माण वडा न ०१ सम्पन्न।
- बालबोध आ.वि. भवन निर्माण वडा न ०५ सम्पन्न।
- सुर्योदय मा.वि. भवन निर्माण वडा न ०४ सम्पन्न।
- गंगा प्रा.वि पन्चिकोटको भवन निर्माण सम्पन्न भएको।

छ) कृषि विकास शाखा

- कूल विनियोजित बजेट रु. ४१,००,०००/-
- कूल खर्च रु. ३७,७०,८६२/-
- खर्च नभएको रकम रु. ३,२९,१३८/-
- वित्तीय प्रगति ९१.९७%
- भौतीक प्रगतिः१००%

सम्पादित मुख्य/मुख्य योजना /कार्यक्रम

- १०७३ जना कृषकहरुलाई ८१ क्विन्टल गहुँको, ६४ क्विन्टल मकैको र ९ क्विन्टल धानको उन्नत विउ ५०% अनुदानमा वितरण गरियो।
- २६ जना व्यवसायिक कृषकहरुलाई ५०% अनुदानमा कृषि उत्पादन सामग्री (टनेल, मल्चिङ,थोपा सिँचाई,स्प्रेयर आदि) वितरण गरियो।
- ३ नं वडामा कृषिको आधुनिकीकरण र यान्त्रिकरण गर्न कृषकहरुलाई ५०% अनुदानमा १० ओटा Mini tiller र २५ वटा टनेल वितरण गरियो।
- अदुवा खेतीलाई प्रवर्द्धन गर्न वडा नं ८ का अदुवा खेती गर्ने कृषकहरुलाई ३४ क्वीन्टल अदुवाको बीउ र २ वटा समूहलाई अदुवा खेती उत्पादनमा आधारित अनुदान बापत रु. १६८००० उपलब्ध गराईयो।
- व्यवसायिक मौरीपालन गर्ने २१ जना कृषकहरुलाई मौरीपालन सम्बन्धी ३ दिने तालिम र मौरीगोला सहितका घार र अन्य सामग्रीहरु ५०% अनुदानमा हस्तान्तरण गरियो।
- च्याउ खेतीलाई व्यवसायिक बनाउन १ समूह र ११७ जना कृषकहरुलाई ५०% अनुदानमा १०५० पोका च्याउको बीउ वितरण गरियो।
- वडा नं ६ र ८ मा जम्मा १०८ जना कृषकहरुको सहभागितामा माटो परिक्षण शिविर सञ्चालन गरि माटोको अम्लीयपना सुधारका लागि माटो अम्लीय देखिएका ४२ जना कृषकहरुलाई जम्मा ६ टन कृषि चुन निशुल्क उपलब्ध गराईयो।
- बालीनालिमा देखिने रोग तथा कीराहरुको व्यवस्थापनको लागि यस गाउँपालिकाको वडा नं ५,६,७ र ८ मा बाली उपचार तथा बृहत कृषक परामर्श शिविर सञ्चालन गरियो ।यसबाट कुल ३७१ जना कृषकहरु लाभान्वित भएका थिय।
- वडा नं १ का व्यवसायिक तरकारी खेती गर्ने ४० जना कृषकहरुलाई एकिकृत शत्रुजीव व्यवस्थापन तथा जैविक विषादी निर्माण सम्बन्धी २ दिने तालिम सञ्चालन गरि तालिमका सहभागीहरुलाई ४० सेट आई.पि.एम तथा जैविक विषादी निर्माण सम्बन्धी सामग्रीहरु निशुल्क वितरण गरियो।
- फलफुल खेतीलाई प्रवर्द्धन गर्न२७४ जना कृषकहरुलाई करिव ५००० फलफुलका विरुवा ५०% अनुदानमा वितरण गरियो।
- वडा नं २ का ४० जना र वडा नं ७ का ४० जना गरि जम्मा ८० जना सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारका लागि करेसाबारी स्थापना सम्बन्धी तालिम र करेसाबारी स्थापनाको लागि बीउ सहित अन्य सामग्रीहरु वितरण गरियो।

ज) पशु विकास शाखा

पालिकाको जनसंख्या स्थितिः

- कुल जनसंख्याः ३०६१७
- महिलाः१६५२२
- पुरुषः१४०९५
- कुल घरधुरी संख्याः ७००९
- कृषक घरधुरी संख्याः ५७३३ (८१.७९%)
- पशु चौपाया पाल्ने कृषक परिवारको संख्याः ५३९९ (९४%)

- पशु चौपाया/पञ्छी संख्या
- गाई/गोरुः ९०५०
- राँगा/भैसीः ४१३२
- बाख्रा/च्यांग्रा २४८७६
- भेडा/भेडीः १८२१
- संगुर/बंगुरः २५२
- कुखुराः ४६६४७

शाखाको कार्य विवरण

(सुवर्णावती गाउँपालिका, गाउँ कार्यपालिका कार्यविभाजन नियमावली २०७४)

- पशुपंछी सम्बन्धि स्थानिय निति, कानून निर्माण, नियमन, अनुगमन।
- पशुपन्छी बजार सूचना, हाटबजारको पुर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन।
- पशु नश्ल सुधार, पद्धती विकास र व्यवस्थापन,
- पशुपन्छी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण।
- पशु आहाराको गुणस्तर व्यवस्थापन तथा नियमन।
- पशु बिकास तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य।

जनशक्ती विवरण (कर्मचारी)

विवरण	स्वीकृत स्थायी दरबन्दी	कार्यरत कर्माचारी
पशु बिकास अधिकृत (७/८ औ)	१	१
प.से.प्रा. (सहायक पाँचौं)	१	०
प.स्वा.प्रा. (सहायक पाँचौं)	२	१
ना.प.से.प्रा. (सहायक चौंथो)	२	०
ना.प.स्वा.प्रा. (सहायक चौंथो)	२	०
सहायक चौंथो	०	(OVOT) १ करार - १
जम्मा	८	४

आ. ब २०८२/०८३मा भए गरेको कार्यक्रम तथा प्रगति विवरणः

क्र.स.	कार्यक्रम	एकाई	वार्षिक लक्ष्य	प्रगती	कैफियत
१	औषधी खरिद	पटक	२	२	
२	पशु स्वास्थ्य शिविर	पटक	४	४ पशुपंक्षी ११२७४ घरधुरी ४१८	वडा १, २, ७, ८

३	पोषण सुधारका लागी चल्ला वितरण	पटक	१	७५० चल्ला ९३ जना	वडा नं २, ३, ५
४	कृत्रिम गर्भाधान कार्यक्रम	पटक	आ.अ.	२०६	गाई- भैसी- बाखा-
५	नश्ल सुधारको लागि बोका वितरण	संख्या	९ वडा	वडा नं ७ र ८	
६	बाख्रा पकेट विकास निरन्तरता कार्यक्रम	पटक	१	३ वटा कृषि फर्म	
७	पशु उपचार सेवा	संख्या	आ अ	घरधुरी -३९३९ पशु संख्या -२५६६८	

पशु खोप कार्यक्रम

- पि पि आर खोप – २०००० डोज
- रेविज खोप – ६३७
- खोरेत खोप – ३४००

कुकुर स्पेईङ तथा बन्ध्यकरण

- भाले कुकुर – ३१ वटा
- पोथी कुकुर – २७ वटा
- जम्मा ५८ वटा
- निष्कर्ष – यो शिविरले समुदायमा कुकुरहरुको संख्या नियन्त्रण गर्न तथा जनस्वास्थ्य सुधार गर्न महत्वपुर्ण योगदान पुऱ्याएको छ। यस्ता कार्यक्रम नियमित रुपमा सञ्चालन गर्न आवश्यक देखिन्छ।

कार्यक्रम सम्पादनको क्रममा आई परेका समस्या तथा चुनौतीहरु –

- दरबन्दि अनुसारको प्राविधिक कर्मचारीहरुको अभाव।
- भएका कर्मचारीहरु लाई सेवा सुविधाको कमि ।
- कृषकहरु घर गोठमै प्राविधिक सेवा लिन खोज्नु ।
- भौगोलिक विकटता।
- कृषकहरुको अपेक्षानुसार अनुदानका कार्यक्रम गर्न नसक्नु ।
- स्वच्छ माछा मासु विक्रि वितरण गर्नको लागि बजेट सिमितताको कारण मासु पसलहरुको सुधार हुन नसक्नु।

अपेक्षा सल्लाह तथा सुझाव

- अरु प्राविधिक कर्मचारीहरु जस्तै पशु सेवाको क्षेत्रमा अहोरात्री खटिने पशु प्राविधिकहरु लाई पनि कामको मुल्याँकन भएमा फिल्ड भताको व्यवस्था को अपेक्षा गरिएको अवस्था।
- करार का कृषि तथा पशु सेवा प्राविधिकहरु लाई तह अनुसारको न्यूनतम तलव स्केलको व्यवस्था।

झ) उद्योग सहकारी तथा राजश्व प्रशासन शाखा

शाखाको परिचय

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ प्रदेश र स्थानीय तह गरी तीन तहको कार्य जिम्मेवारी निर्धारण गरेको छ। राज्यशक्तिको बाँडफाँड संविधानको धारा ५७ ले स्पष्टसँग संघ प्रदेश र स्थानीय तहमा दिएको छ।सोहि धारा बमोजिम संविधानको अनुसूची ८ मा स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र स्थानीय राजश्वका अधिकार क्षेत्रहरुको बारेमा उल्लेख गरिदिएको छ। जस अन्तर्गत कर तथा गैरकरका स्रोतको अधिकार प्रदान गरिएको छ।खास गरी सम्पत्ती कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन रहेका छन् भने अनुसूची ९ मा संघ प्रदेश र स्थानीय तहको साझा अधिकारको सम्बन्धमा स्पष्ट उल्लेख गरिएको छ । यसरी कानुन स्थानीय तहले प्राप्त गरेका अधिकार क्षेत्रबाट कर संकलनसम्बन्धी कार्यका साथै स्थानीय राजश्व परामर्श समितिले गर्ने कार्यमा सहयोग गर्न वि स २०७७ जेठ महिनामा उद्योग सहकारी तथा राजश्व प्रशासन शाखाको स्थापना गरिएको हो ।यो शाखाले राजश्व प्रशासनका अलावा प्रदेश कानुन वमोजिम प्राइभेट फर्महरुको रजिष्ट्रेशन समेत गर्दै आएको छ।

कार्य विवरण

- लघु घरेलु तथा साना उद्योगको विकास र प्रवर्धन
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी
- प्रचलित कानून बमोजिम लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी
- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन
- राजश्वको दायरा विस्तार गर्ने क्षेत्रहरुको पहिचान तथ्यांक संकलन तथा विश्लेषण गर्ने
- सम्पूर्ण करदाताको अभिलेख व्यवस्थापन गर्ने
- राजश्वका दर तथा शुल्क निर्धारण
- मालपोत/सम्पत्ति कर संकलन
- प्रचलित कानून वमोजिम दण्ड जरिवाना
- सम्बन्धित शाखा तथा निकायसँग राजश्व सूचना तथा तथ्यांकको आदान प्रदान

कर्मचारी विवरण

क्र स	पद	दरवन्दी संख्या	कार्यरत
१	अधिकृत छैठौ प्रशासन	१	०
२	सहायक चौथो प्रशासन	२	०

आ व २०८२।०८३ मा संकलन भएको राजश्व

- कुल राजश्व संकलनः१,०५,६६,१९८.२१
- लक्ष्य :१,०९,८४,९४९.६

शिर्षक अनुसार राजश्व विवरण

क्र सं	शिर्षक	रकम
१	व्यवसाय कर	५,२८,०३६.६५
२	भुमि तथा मालपोत कर	१०,८६,८८३.४७
३	घर वा जग्गा बहाल कर	८,००,०७९.९५
४	अन्य मनोरञ्जन कर	५०००
५	अन्य कर	५३,५४९
६	न्यायिक दस्तुर	२३८०
७	परीक्षा शुल्क	६४,५००
८	अन्य प्रशासनिक सेवा शुल्क	१,८०,०००
९	व्यक्तिगत घटना दर्ता शुल्क	५,९०,७००
१०	प्रशासनिक दण्ड जरिवाना र जफत	८१,२३३.८५
११	अन्य राजश्व(अखेपहारमा लाग्ने)	३५,२६२.५०
१२	प्रदुषण नियन्त्रण शुल्क	८२,८६०
१३	बेरुजु	१,२८,२०६.०८
१४	नाता प्रमाणित दस्तुर	१,१७,४००
१५	सिफारिस दस्तुर	१०,२२,२५३.१३
१६	अन्य दस्तुर	३,४२,०८८.२७
१७	सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त आय	२,१४,१७०.३८
१८	व्यवसाय रजिष्ट्रेशन दस्तुर	११,१४०
१९	नक्सापास दस्तुर	७८,५६१.७०
२०	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	३,६९,०९०
२१	सम्पत्ती कर	५,२९,६४८.०८
२२	निकासा फिर्ता	३९४५
२३	अन्य क्षेत्रको आय	१२,६००
२४	विद्युत सेवा शुल्क	१४,८००
२५	अन्य निकायबाट प्राप्त लाभांश	१०००
	जम्मा	६३,५५,३८८.०६
	बैंकमा सोझै जम्मा भएको	३,४३,६५३.३८

	ढुंगा गिट्टीबाट प्राप्त	१०,६४,०६८.७७
	घर जग्गा रजिष्ट्रेशन	२८,०३,०८८
	जम्मा	१,०५,६६,१९८.२१

वडागत राजश्व विवरण

कार्यालय	आ व २०८२।०८३ को राजश्व संकलन
गाउँपालिका	३२,२७,२२८.५७
१ नं वडा कार्यालय	३,३३,४८७.२०
२ नं वडा कार्यालय	५,१२,७४६.८०
३ नं वडा कार्यालय	२,९१,३०२.४६
४ नं वडा कार्यालय	५,९०,९११.१३
५ नं वडा कार्यालय	३,१६,०६४.९०
६ नं वडा कार्यालय	३,२६,२७३.५२
७ नं वडा कार्यालय	३,५७,०९८.५७
८ नं वडा कार्यालय	४,०५,६७४.९१
जम्मा	६३,६०,७८८.०६

गाउँपालिकामा दर्ता र नविकरण भएका प्राइभेट फर्मको विवरण

क्र स	व्यवसाय दर्ता आ व २०८२।०८३	व्यवसाय नवी-करण आ व २०८२।२०८३	आ व २०७७।०७८ देखि हालसम्म दर्ता भएका व्यवसाय	हालसम्म खारेज भएको व्यवसाय	कैफियत
१	६२	१५०	४१४	२५	

बजार अनुगमनको विवरण

स्थान	व्यवसायको संख्या	दर्ता भएको	नवीकरण भएको	कै
सुलिचौर बजार क्षेत्र	२५९	१५९	३२	
रुइनिवाङ बजार क्षेत्र	२१०	९०		

ञ) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण शाखा

१. परिचय

नेपालको संविधानको मर्म र नेपालले अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिवद्धताहरू पूरा गर्न लिएका लक्ष्य र उद्देश्यमा स्थानीय तहले स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति, योजना निर्माण र कार्यान्वयन, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक तथा पिछडिएका जातजातिहरूको सामाजिक, आर्थिक, राजनीतिक सशक्तिकरण तथा क्षमता विकास गर्नुका साथै गाउँपालिका अन्तर्गतका सबै निकायहरूमा लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री, ज्येष्ठ नागरिकमैत्री जस्ता नीति, संरचना तथा सुशासन कार्यान्वयनमा सहजीकरण तथा अन्य तोकिएको कार्यहरू र साविकमा रहेको महिला तथा बालबालिका कार्यालयले गर्ने कार्यहरू स्थानीय तह मार्फत प्रवाह गर्न महिला तथा बालबालिका शाखाले कार्यसम्पादन गर्दै आएको छ ।हाल यस शाखामा कार्यसम्पादन गर्न १ जना महिला विकास निरीक्षक (सहायक पाँचौ) को उपलव्धता रहेको छ ।

यस शाखाको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ ।

१.१ लैङ्गिक समानता

- महिला तथा किशोरकिशोरीको हक सम्वन्धी नीति, योजना, कार्यान्वयन र नियमन
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक, सशक्तिकरण तथा क्षमता विकास
- लैङ्गिक हिंसा निवारणको लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना
- लैङ्गिक उत्तरदायी बजेट

१.२ बालबालिका

- बालबालिकाको हक हित संरक्षण सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- बालबालिकाको हक हित संरक्षण
- बालमैत्री शासकीय प्रवन्ध, बालसमूह, बाल अधिकार समिति तथा बाल सञ्जाल
- बालबालिकाको हक हित संरक्षण सम्वन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य
- बालबालिकाका परिवार सहयोग
- वैकल्पिक स्यहार पद्दतिको कार्यान्वयन
- बाल न्याय
- बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बालविकास केन्द्र व्यवस्थापन
- असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन, बाल हिंसा नियन्त्रण
- बाल सुधार तथा पुनःस्थापना केन्द्र स्थापना सञ्चालन अनुमति र नियमन
- आपतकालिन बाल उद्धार कोष स्थापना र व्यवस्थापन

१.३ ज्येष्ठ नागरिक

- ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान सम्वन्धी कार्य

- ज्येष्ठ नागरिकको क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन

१.३ अपाङ्गता भएका व्यक्ति र एकल महिला

- संघ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुन:स्थापना केन्द्र तथ अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण
- अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य
- एकल महिला सम्वन्धी कार्य

२. महिला तथा बालबालिका शाखाको बार्षिक प्रगति

सुनिलस्मृति गाउँपालिका महिला तथा बालबालिका शाखाको आ.व. २०८२/०८३ स्वीकृत कार्यक्रम तथा शाखाबाट सञ्चालन भएका अन्य क्रियाकलापहरूको विवरणहरू देहाय अनुसार उल्लेख गरिएको छ।

२.१ नीतिगत प्रगति

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र मूलप्रवाहीकरणको क्षेत्रलाई मार्गदर्शन गर्न र प्रभावकारी रुपमा सञ्चालन गर्न शाखाको सहजीकरणमा हाल सम्म २ वटा नीति, ३ वटा रणनीति तथा कार्ययोजना, १२ वटा कार्यविधि, २ वटा निर्देशिका र २ वटा आचारसंहिता निर्माण भई कार्यान्वयनमा आएका छन् भने आ.व. २०८२/०८३ मा बालअधिकार संरक्षण, संवर्द्धन र बालमैत्री घोषणा रणनीति तथा कार्ययोजना, २०८२तयार गरिएको छ।

२.२ संरचनागत प्रगति

निर्माण तथा पारित भएका कानुनहरूको कार्यान्वयन र प्रभावकारीता अभिवृद्धिका लागि कानुन बमोजिम विभिन्न संरचनाहरू निर्माण भइ क्रियाशील रहेका छन्। यसै व्यवस्था बमोजिम यो आ.व.मा कुनै पनि नयाँ संरचनाहरू तयार नभएको पुरानो बनेका संरचनाहरूलाई सवलीकरण गर्ने कार्य गरिएको छ।

२.३ कार्यक्रमगत प्रगति

महिला तथा बालबालिका शाखाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्र अन्तर्गत महिला, बालबालिका, किशोर किशोरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा अन्य पछाडी परेका समुदायको सशक्तिकरण, मूलप्रवाहीकरण र समावेशीकरणका लागि कार्यक्रमहरू गर्दै आइरहेको सन्दर्भमा शाखाले आ.व. ०८२/०८३ मा लिएको वार्षिक लक्ष्य बमोजिम भौतिक प्रगति ९० प्रतिशत र वित्तीय प्रगति ८० प्रतिशत प्राप्त गरेको छ।

शाखाको बार्षिक रुपमा गरेका क्रियापलापहरूको मूख्य उपलव्धीहरू देहायबमोजिम उल्लेख गरिएको छ। बार्षिक कार्यक्रम र बजेटको खर्चको विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।

२.३.१ आर्थिक बर्ष २०८२/०८३ मा विनियोजित बजेट र वित्तीय तथा भौतिक प्रगति

विवरण	विनियोजित बजेट	लक्षित कार्यक्रम	खर्च	सम्पन्न कार्यक्रम	कैफियत
वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँड (संघ र प्रदेश सरकार)	३,०००,०००।	२०	२,४००,७३९	१८	
बहुक्षेत्रीय पोषण कार्यक्रम	१४४,९८०।	२	१४४,९८०	२	
जम्मा	३,१४४,९८०।	२२	२,५४५,७१९	२०	
प्रगति प्रतिशतमा	वित्तीय प्रगति ८०%		भौतिक प्रगति ९०%		

मूख्य उपलव्धीहरू:

- १९औं राष्ट्रिय मानव बेचबिखन विरुद्धको दिवसको अवसरमा हुरेक नेपालसँगको सहकार्यमा ८ वटा मा.वि. र ११ वटा आ.वि. मा विद्यालय स्तरको 'बालविवाह र मानव बेचबिखनको सम्वन्ध' विषयक निवन्ध लेखन प्रतियोगिता सम्पन्न गरिएको छ।
- ६१ औं राष्ट्रिय बाल दिवसको अवसरमा हुरेक नेपालसँगको सहकार्यमा "बालमैत्री गाउँपालिका निर्माणमा बालबालिकाको भूमिका" विषयक गाउँपालिका स्तरिय निवन्ध लेखन प्रतियोगिता सम्पन्न गरिएको छ।
- लैङ्गिक हिंसामा परेका महिलाहरूको संरक्षण, उद्धार तथा पुनर्स्थापनाको लागि लैङ्गिक हिंसा निवारण कोषमा दुई लाख, जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न र राहत उपलव्ध गराउन बाल संरक्षण कोषमा दुई लाख र अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणको लागि पचास हजार रकम वार्षिक थप गरी क्रमशः लैङ्गिक हिंसा निवारणकोष, बाल संरक्षण कोष र अपाङ्गता संरक्षण कोषमा रु.१,२७२,७५०।, रु. १,०००,०००। र १५०,०००। रकम व्यवस्थापन गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिहरू ३ जनालाई बैसाखी वितरण गरिएको छ।
- लैङ्गिक हिंसा निवारणका लागि सचेतना वृद्धि गर्नका लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा युवाक्लवहरूको परिचालन गरी ८ वटै वडामा बालविवाह तथा लैङ्गिक हिंसा न्यूनीकरण सम्वन्धी सडक नाटक कार्यक्रम र समापनको अवसरमा महिला समूहहरूको सचेतनामूलक लोकगीत प्रतियोगिता सम्पन्न गरिएको छ।
- गाउपालिकाका पदाधिकारी तथा कर्मचारीहरूलाई लैससास सम्वन्धी कानुनी अभिमुखीकरण गर्नुको साथै गाउँपालिकाले अङ्गिकार गरेका नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्थाको स्व-लेखाजोखा गरी वर्तमान अवस्थाको विश्लेषण गर्न र सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्ककन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने उद्देश्यले लैससास परीक्षण

गरिएको छ जस अन्तर्गत ९५.५ अङ्क प्राप्त भएको छ।

- महिलाहरूलाई सशक्तिकरण गर्नका लागि नियमित रुपमा महिला विकास समिति, सञ्जाल र महिला सहकारीको नियमित प्रगति समीक्षा गर्ने र समूहको बैठक सञ्चालन तथा समसामयिक विषयमा अभिमुखीकरण गर्ने कार्य गरिएको छ ।
- बाल विवाह सम्वन्धी अन्तिम सर्वेक्षण सम्पन्न गरिएको छ।
- बाल विवाह अन्त्यका लागि ७८ जना धार्मिक तथा सामाजिक अगुवाहरूको सम्मेलन गरी प्रतिवद्धता गरिएको छ।
- लक्षित वर्गलाई लोकसेवा तयारी गरी सक्षम र प्रतिस्पर्धी बनाउन गाउँपालिका भित्रका २७ जनालाई अनलाईन तयारी कक्षा दिइएको छ।
- परिवारमा सम्मान अभिवृद्धिका लागि १५ जना असल छोराबुहारी र १५ जना असल सासुससुरालाई सम्मान गरिएको छ भने ९१ जना तीन पुस्ते सहभागीहरू बीच अन्तरपुस्ता अन्तर्क्रिया सम्पन्न गरिएको छ ।
- कार्यालयमा महिला कर्मचारी र महिला सेवाग्राहीहरूका लागि मर्यादित महिनावारी व्यवस्थापनका लागि २०८२ पौष महिना देखि निरन्तर कार्यालय समयमा स्यानिटरी प्याड सहितको लैङ्गिकमैत्री शौचालयको व्यवस्थापन गरिएको छ।
- सिस्नो पाउडर तथा सर्वोत्तम पीठो उत्पादन समूहका महिलाहरूलाई उद्यमशीलता विकास सम्वन्धी ५ दिने तालिम सम्पन्न गरिएको छ भने असल अभ्यास आदान प्रदान गर्नको लागि अवलोकन भ्रमण गराइएको छ।
- २१ जना अपाङ्गता भएका व्यक्तिहरूलाई परिचय पत्र वितरण गरिएको छ ।
- २५ वटा महिला विकास समिति गाउँपालिकामा दर्ता भई टोलस्तरमा विभिन्न सामाजिक सचेतनाका कार्यक्रमहरू गर्दै आएकाछन् ।
- गाउँपालिका स्तरीय बाल सञ्जाल गठनको गरिनुको साथै ७० जना बाल तथा किशोर किशोरी र सहजकर्ता शिक्षकहरूसँग १ दिने क्षमता विकास कार्यक्रम गरिएको छ ।
- बालमैत्री स्थानीय सूचकका आधारमा बालबालिकाको स्थितिपत्र तयार गरिएको छ ।
- ३ वटा वडाका १७८ जना अभिभावकहरूसँग बालमैत्री परिवार,पोषण र बाल पोषण भत्ता सदुपयोग सम्वन्धी अन्तर्क्रिया सम्पन्न गरिएको छ।
- वडास्तरीय बालसमूह सञ्जालका ९० जना पदाधिकारीहरूलाई बालविवाह न्यूनीकरण र पोषण सम्वन्धी अभिमुखीकरण गरिएको छ ।
- लैङ्गिक हिंसा न्यूनीकरण र पोषण अभिवृद्धिका लागि ४६ जना सुनौलो हजार दिनका बुहारीहरू र सासुहरू बीच अन्तर्क्रिया सम्पन्न गरिएको छ।

अनुसूची : १ वार्षिक बजेट तथा कार्यक्रम खर्च विवरण २०८२/ २०८३

क्र. सं.	योजना तथा कार्यक्रमको नाम	कार्यान्वयन स्थल	मिति	विनियोजित बजेट	भएको खर्च रकम	लाभग्राही संख्या	प्राप्त प्रतिफल	कार्यान्वयन गर्दा गरिएका मुख्य मुख्य क्रियाकलापहरू	कार्यान्वय नहुन नसकेको भए सो को कारण	कार्यान्वयनमा देखिएका समस्या	राय/ सुझाव
१.	बालमैत्री तथा पोषण सम्बन्धी अभिभावक शिक्षा कार्यक्रम	सुनिलस्मृति ७ तेबाड सुनिलस्मृति १ घोडागाउँ सुनिलस्मृति ८ अरेस	२०८३/०३/०३ २०८३/०३/०४ २०८३/०३/०५	१५००००	१२३४००	१७८	बालमैत्री व्यवहार, पोषण र बालपोषण भत्ता सदुपयोग सम्बन्धी सचेतना।	सहभागी छनौट तथा जानकारी, प्रशिक्षण, अन्तर्क्रिया र महसुसीकरण		केही बढामा समय नमिल्नु।	
२.	बालअधिकार समितिका पदाधिकारीहरूलाई क्षमता विकास तालिम			१०००००	०	०			प्रशिक्षकको समय उपलब्ध हुन नसक्नु।		
३.	लक्षितसमूह अनलाईन लोकसेवा तयारी कक्षा सञ्चालन	सबै वडाका सहभागीहरू आआफ्नै स्थानमा	२०८२/०९/१४ देखि २०८३/०३/३१	२७५०००	२७२४९९	२७	स्थायी सरकारी सेवा सम्बन्धी सचेतना अभिवृद्धि।	इच्छुक सहभागीहरूको दरखास्त आह्वान, संस्थाहरूलाई सूचना जारी छनौटसम्बन्धी र कक्षा सञ्चालन।			

४.	बाल तथा किशोरकिशोरी सञ्जालका पदाधिकारीहरुको क्षमता अभिवृद्धि तालिम	गाउँपालिका सभाहल	२०८३/०३/२१	१०००००	८६८१०	७०	समूह व्यवस्थापन सम्बन्धी क्षमता विकास।	जानकारी, परिचय, अभिमुखीकरण, अन्तर्क्रिया र समापन		
५.	सिम्नो पाउडर तथा सर्वोत्तम पीठो उत्पादन समूहका महिलाहरूलाई पुनर्ताजगी तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम	सुनिलस्मृति ४ मुलिचौर	२०८३/०२/२८ देखि २०८३/०३/०१	१५००००	७९८५०	५	उद्यमशीलता विकास तालिम रअसल अभ्यास सिकाइ आदानप्रदान।	५ दिने उद्यमशीलता विकास तालिम र अवलोकन भ्रमण		समूहमा सक्रियताको कमी
६.	लैङ्गीक हिंसा निवारण कोष व्यवस्थापन	सुनिलस्मृति गाउँपालिका	दोस्रो त्रैमासिक	२०००००	२०००००		कोष व्यवस्थापन			
७.	बालविवाह सम्बन्धी अन्तिम नमूना सर्वेक्षण	सबै वडा	२०८३/११/११ देखि २०८३/११/२२	१२५०००	१२४३११	१५	तथ्याङ्क सङ्कलन सीप र मूल्याङ्कन आधार तयार	तथ्याङ्क सङ्कलनकर्ता छनौट, अभिमुखीकरण, परिचालन, सङ्कलन, विश्लेषण र प्रतिवेदन।		
८.	बालसंरक्षण कोष व्यवस्थापन	सुनिलस्मृति गाउँपालिका	दोस्रो त्रैमासिक	२०००००	२०००००		कोष व्यवस्थापन			

९.	अपाङ्गता संरक्षण कोष व्यवस्थापन	सुनिलस्मृति गाउँपालिका	दोस्रो त्रैमासिक	५००००	५००००		कोष व्यवस्थापन	स्यानीटरी प्याड बक्स र बाल्टी खरिद र व्यवस्थापन।			
१०.	कार्यालयमा महिला कर्मचारी तथा महिला सेवाग्राहीका लागि आकस्मिक स्यानिटरी प्याड व्यवस्थापन	सुनिलस्मृति गाउँपालिका	२०८३ पौष देखि निरन्तर	५००००	३९९७	करिब१०० जना	महिला कर्मचारीहरू र सेवाग्राहीहरू लाई सहजता।				
११.	गाउँपालिका स्तरीय महिला सञ्जाल, बाल सञ्जाल तथा किशोर किशोरी सञ्जालका पदाधिकारीहरुलाई बेइजिङ कार्यसञ्च र संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी अभिमुखीकरण	सुनिलस्मृति गाउँपालिका	२०८२/१०/६	५००००	४७७००	३५	कानुनी सचेतना अभिवृद्धि।	जानकारी, परिचय, अभिमुखीकरण, अन्तर्क्रिया र समापन।			
१२.	महिला दिवसीय कार्यक्रम (लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान र अन्तर्राष्ट्रिय महिला दिवस)	सबै वडाहरू र गाउँपालिका	२०८२/०८/०९ देखि २४	१५००००	१४९१००	करिब४५०	लैङ्गिक हिंसा र बाल विवाह विरुद्ध सचेतना अभिवृद्धि।	युवा क्लब परिचालन सडक नाटक र सचेतनामूलक लोकगीत प्रतियोगिता।			

१३.	बालबालिका दिवसीय कार्यक्रम (राष्ट्रिय / अन्तर्राष्ट्रिय बाल दिवस)	गाउँपालिका सभा हल	२०८३/०५/२९	१०००००	७३९००	५६	बालअधिकार सम्बन्धी सचेतना अभिवृद्धि।	माध्यामिक तथा आधारभूत तहको निबन्ध लेखन प्रतियोगिता, अन्तर्क्रियार पुरस्कार वितरण			
१४.	ज्येष्ठनागरिक दिवस तथा असल छोराबुहारीलाई सम्मान कार्यक्रम	गाउँपालिका सभा हल	२०८३/०९/११	१०००००	९९३३०	९१	अन्तरपुस्ता अन्तर्क्रिया र ३० जना असल छोराबुहारी रसामुसमुरा सम्मानित।	कार्यपत्रप्रस्तुत, अन्तर्क्रिया र सम्मान।			
१५.	वडा सचिव तथा अन्य कर्मचारीका लागि बालमैत्री स्थानीय शासन सम्बन्धी क्षमता विकास तालिम			१५००००	०	०			प्रशिक्षकको समय उपलब्ध हुन नसक्नु।		
१६.	बालविवाह अन्त्यका लागि जेसी, पण्डित तथा सरोकारवालाहरूको सम्मेलन	गाउँपालिका सभाहल	२०८३/०१/२४	१०००००	६४१९५	७८					

१७.	महिला विकास समिति, सञ्जाल, तथा सरोकारवालाहरु बीच (संस्थागत प्रगति तथा लैंगिक हिंसा, बालविवाह, सामाजिक कुरीति र कुसंस्कार विरुद्ध) चौमासिक समीक्षा	गाउँपालिका सभा हल	२०८२/७/२६ २०८२/१२/१९	१०००००	६८५७०	३९	संस्थागत सिकाई आदान प्रदान र समसामयिक विषयमा अनुशिक्षण मार्फत सुसुचित भएको।	समितिको चौमासिक प्रतिवेदन प्रस्तुत, समीक्षा, अन्तर्क्रिया र अनुशिक्षण।	
१८.	लैंगिकसमानता तथा सामाजिक समावेशीकरण/ लैङ्गिक उत्तरदायी बजेट परीक्षण	गाउँपालिका सभा हल	२०८२/१०/०७ २०८	१५००००	१३६३६९	४०	लैसमास सम्बन्धि स्वमूल्याङ्कन र कार्ययोजना निर्माण।	अभिमुखीकरण, समूह छलफल, स्वमूल्याङ्कन, कार्ययोजना निर्माणप्रतिवेदन तयार र स्वीकृति।	
१९.	गाउँपालिका स्तरीय बाल सञ्जाल पुनर्गठन तथा अभिमुखीकरण	गाउँपालिका सभा हल	२०८३/०३/१७	१०००००	०	११	बाल सञ्जाल गठन	अभिमुखीकरण, समूह छलफल, सञ्जाल गठन।	
२०.	बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी	गाउँपालिका भरी	२०८२/०२/२९- ०३/१८	५०००००	४८३१००		स्थितिपत्रतयार	सूचना प्रकाशन, संस्था छनौट, समझौता, कार्यादेश, तथ्याङ्क सङ्कलनर प्रतिवेदन तयार।	

२१.	शाखामा ल्यापटप खरीद		१०००००	१०००००		अभिलेख व्यवस्थापन सहज।		
	जम्मा (क)		३००००००	२४००७३९				

बहुक्षेत्रीय पोषण कार्यक्रम

क्र. सं.	योजनातथा कार्यक्रमको नाम	कार्यान्वयन स्थल	मिति	विनियोजित बजेट	भएको खर्च रकम	लाभग्राही संख्या	प्राप्त प्रतिफल	कार्यान्वयन गर्दा गरिएका मुख्य मुख्य क्रियाकलापहरू	कार्यान्वयन हुन नसकेको भए सो को कारण	कार्यान्वयनमा देखिएका समस्या	राय/ सुझाव
१.	वडा स्तरीय बाल समूह सञ्जाल र युवा समूहलाई पोषण र बालविवाह न्यूनीकरण सम्बन्धी अभिमुखीकरण	गाउँपालिका सभाहल	२०८३/०३/१७	१०३१८०	१०३१८०	९०	सचेतना अभिवृद्धि ।	अभिमुखीकरण, समूह छलफल, अन्तर्क्रिया र प्रतिवद्धता ।			
२.	लैङ्गिक हिंसा र पोषण सम्बन्धी सासुबुहारी अन्तर्क्रिया कार्यक्रम	सुनिलस्मृति ३ मिड्डिड	२०८३/०३/१८	४१८००	४१८००	४६	अनुपम परिवार निर्माण सम्बन्धी सचेतना वृद्धि ।				
	जम्मा (ख)			१४४९८०	१४४९८०						
	जम्मा (क+ख)			३१४४९८०	२५४५७१९	वित्तीयप्रगति प्रतिशत: ८०.९५				भौतिक प्रगति प्रतिशत: ९०.९१	

ठ) कानुन तथा फैसला कार्यान्यन शाखा

पृष्ठभूमी

- नेपालको ` २१७ मा भएको ब्यवस्था भए अनुसार कानुन बमोजिमका आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय समिति गठन भएको
  - स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार न्यायिक समितिलाई निम्न किसिमको अधिकार छ-
  - ऐनको दफा ४७ अन्तर्गतका विवाद निरुपण नभएमा निर्णयवाट विवादको निरुपण गर्ने ब्यवस्था
  - ऐनकोको दफा ४७ उपदफा २ मा विवादहरु मेलमिलापको माध्यमबाट मात्र बिवादको निरुपण गर्ने

    विभिन्न ऐन, नियम, कार्यविधिले न्यायिक समितिले हेर्ने भनी तोकेका विषयहरु
- सुनिलस्मृति गाउँपालिकाको न्यायिक समितिको कामकारवाहीलाई ब्यवस्थित गर्न देहायका कानुन कार्यान्वयनमा छन-
  - सुनिलस्मृति गाउँपालिका न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन २०७५ (संशोधन सहित)
  - सुनिलस्मृति गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्वन्धी कार्यविधि २०८०

२. संस्थागत प्रवन्ध

कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रको विवाद निरुपण गर्न सुनिलस्मृति गाउँपालिकामा नेपालको संविधानको धारा २१७ बमोजिमको देहायको तीन सदस्यीय न्यायिक समिति गठन भएको छ।

देहाय:

उपाध्यक्ष श्री मिना थापा	-	संयोजक
कार्यपालिका सदस्य श्री तुल्सी सुनार	-	सदस्य
वडा सदस्य श्री हिमा विष्ट महरा	-	सदस्य

न्यायिक समितिका पदाधिकारी



श्री तुल्सी सुनार
सदस्य



श्री मिना थापा
संयोजक
(गाउँपालिका उपाध्यक्ष)



श्री हिमा विष्ट महरा
सदस्य

३. अधिकार क्षेत्र

उक्त न्यायिक समितिबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ ले दिएको तपसिल बमोजिमको अधिकार सुनिलस्मृति गाउँपालिकाको न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन, २०७५ (संशोधन सहित) ले दिएको अधिकार क्षेत्रहरुमा रही विवाद निरुपण गर्ने गरिरहेको छ।

तपसिल:-

३.१ सहमती नभएमा फैसला समेत हुने विषयहरु

स्थानीय सरकार सञ्चालन २०७४ को दफा ४७ (१)बमोजिमको देहायका क्षेत्राधिकारमा न्यायीक निरुपण गर्ने अधिकार रहेको छः

१) आलीधुर, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
२) अर्काको बाली नोक्सानी गरेको,
३) चरन, घाँस, दाउरा
४) ज्याला, मजदुरी नदिएको,
५) घरपालुवा पशुपन्छी हराएको वा पाएको,
६) जेष्ठ नागरिकको पालन पोषण तथा हेरचाह नगरेको,
७) नाबालक छोराछोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खाना लाउन वा शिक्षा दिक्षा नदिएको,
८) वार्षिक २५ लाख रुपैया सम्मको बिगो भएको घर बाहाल र घर बाहल सुविधा
९) अन्य व्यक्तिको घर जग्गा सम्पत्तिलाई असर पर्ने गरि रुख बिरुवा लगाएको
१०) आफ्नो घर वा बलेसीबाट अरुकाको घर जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,
११) सधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नपर्ने परिमाणको जग्गा नछोडि बनाएको।
१२) कसैको हक वा स्वामित्वमा भएपनि परापुर्व कालदेखि सार्वजनिक रुपमा प्रयोग हुदैँ आएको बाटो बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटिपौवा, अन्त्यष्टि स्थल, धार्मिकस्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्याएको,
१३) विवाद संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपन हुने भनि तोकेका अन्य,

३.२ सहमतीमा मात्र मेलमिलाप हुने विषयहरु

स्थानीय सरकार सञ्चालन २०७४ को दफा ४७ (२)बमोजिमको देहायका क्षेत्राधिकारमा न्यायीक निरुपण गर्ने अधिकार रहेको छः

१. सरकारी सार्वजनिक वा सामुदायिक वाहेक एकको जग्गा अर्कोले च्यापी मिचि घुसाई खाएको
२. सरकारी सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको
३. पति पत्नी वीचको सम्वन्ध विच्छेद
४. अंगभंग वाहेकको बढीमा एक वर्षसम्म कैद हुनसक्ने कुटपिट
५. गाली बेइजती
६. लुटपिट
७. पशुपंक्षी छाडा छोडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको

८. अरुको आवासमा अनधिकृत प्रवेश गरेको
९. अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको
१०. ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याकी छिमेकीलाई असर पुर्याएको
११. प्रचलित कानून वमोजिम मेलमिलाप हुनसक्ने ब्यक्ती बादी भई दायर हुनसक्ने अन्य देवानी र एक वर्षसम्म कैद हुनसक्ने फौजदारी विवाद।

३.३ विभिन्न ऐन नियमले दिएका अधिकार

स्थानीय सरकार सञ्चालन ऐन २०७४ का अतिरिक्त विभिन्न ऐन,नियम कार्यविधिले पनि न्यायिक समितिले हेर्ने भनी तोकेको देखिन्छ, केहि निम्न छन:-

- ✓ ज्येष्ठ नागरिक सम्वन्धी ऐन,२०६३ ले ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाह नगरेको सम्वन्धी विवादको निरुपण गर्ने अधिकार
- ✓ घरेलु हिंसा (कसुर सजाय ऐन),२०६६ ले घरेलु हिंसा भएको,भइरहेको वा हुन लागेको थाहा पाएको उजुरी प्राप्त भएमा निरुपण गर्ने अधिकार
- ✓ विज्ञापन (नियमन गर्ने) ऐन २०७६, ले स्थानीय सरकारवाट अनुमती नलिई सार्वजनिक स्थलवाट देखिने गरी होडिङ बोर्ड राखेको वा त्यस्ता विज्ञापन गरेको सम्वन्धी विवाद निरुपण गर्ने अधिकार
- ✓ अनिवार्य तथा नि:शुल्क शिक्षा सम्वन्धी ऐन, २०७५ ले बालवालिकालाई विद्यालयको पहुचबाट वञ्चित गरेको सम्वन्धी विवाद निरुपण गर्ने अधिकार
- ✓ सामाजिक सुरक्षा सम्वन्धी ऐन २०७५ ले विवरण ढाटी सामाजिक सुरक्षा भत्ता लिएको वा दुरुपयोग गरेको,गलत विवरण पेश गरेको वा गलत सिफारिस गरेको सम्वन्धी विवाद निरुपण गर्ने
- ✓ बालबालिका सम्वन्धी ऐन २०७५ बालवालिकाको बाच्न पाउने अधिकार,नाम राष्ट्रियता र पहिचानको भेदभाव विरुद्धको अधिकार बमबुआमासंग बस्ने र भेटघाट गर्न पाउने अधिकार,संरक्षण पाउने अधिकार,अभिब्यक्ती तथा सूचनाको अधिकार आदी सम्वद्ध अधिकारको प्रचलन र प्रयोगमा अवरोध गरेको सम्वन्धी विवाद निरुपण गर्ने
- ✓ जातीय विभेद तथा छुवाछुत (कसुर तथा सजाय ऐन) २०६८ ले जातीय विभेद तथा छुवाछुत गरेको सम्वन्धी विवादको निरुपण गर्ने,
- ✓ आवासको अधिकार सम्वन्धी ऐन २०७५ ले आवास सुविधाको उपयोग गर्ने ब्यक्ती तथा परिवारहरुवीच हक बेहकसम्वन्धी विवाद वाहेकको विवादको निरुपण गर्ने
- ✓ फोहोरमैला ब्यवस्थापन ऐन २०६८ ले फोहोरमैला ब्यवस्थापन सम्वन्धी विवादको निरुपण गर्ने। आदी

४. अधिकार क्षेत्रको प्रयोग

४.१ अधिकार क्षेत्रलाई प्रयोग गर्न सक्ने अवस्थाहरु

(१) न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समितिको संयोजक र सदस्यहरुले सामुहिक रुपमले गर्दछन र बहुमतको राय न्यायिक समितिको निर्णय मानिनेछ।

(२) उपदफा १ जुनसुकै कुरा लेखेको भएता पनि न्यायिक समितिको संयोजक र अर्को एकजना सदस्यको उपस्थिति भएमा विवादको कारबाही र किनारा गर्न सक्नेछ।

(३) न्यायिक समितिको संयोजक वाहेक अरु दुई जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न

वाहेक अरु कारवाही गर्न सकिनेछ ।

(४) कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य दुई जना सदस्यको सर्वसम्मतीमा विवादको कारबाही र किनारा गर्न सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विवादको सम्वन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गाँसिएको वा त्यस्तो संयोजक वा सदस्यको नाताभित्रका ब्यक्ती विवादको पक्ष भएमा निजवाट सो विवादको कारवाही र किनारा हुन सक्नेछैन ।

(६) उपदफा ५ बमोजिम कुनै संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हका त्यस्तो संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कारवाही र किनारा गर्न नमिल्ने भएमा सम्बन्धित सभाले ३ जना सदस्यलाई सो विवादको कारवाही र किनारा गर्ने गरी तोक्नु पर्नेछ ।

(७) उपदफा ६ बमोजिमको विवादको कारवाही र किनारा गर्दा ३ जना सदस्य मध्येको जेष्ठ सदस्यले न्यायीक समितिको संयोजक भई काम गर्नेछ

५. उजुरी अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) र उपदफा (२) ले दिएको व्यवस्था अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ मा सुनिलस्मृति गाउँपालिकाको न्यायिक समितिमा दर्ता भई फछ्यौंट भएका तपसिल बमोजिमका निवेदन (मुद्धा) हरु यस प्रकार छ ।

❖ तपसिल :-

क्र.सं.	निवेद (मुद्धा)	मिलापत्र/निर्णय मार्फत भएको फछ्यौंट	फछ्यौंट हुन बाँकी निवेदन (मुद्धा)	कैफियत
१	२६	१५	११	

६ . मुख्य उपलब्धीहरु

- कठघरा रहित इजलास निर्माण भएको ।
- न्यायीक समिति तथा जनप्रतिनिधिहरुको लागि कानूनी ज्ञान सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको ।
- न्याय निरुपण अधिकतम मेलमिलापको माध्यमबाट भएको ।
- मेलमिलापको लागि अगुवा, जैसीलाई, धामी/झाक्री कानूनी ज्ञान सम्बन्धी अन्तरक्रिया कार्यक्रमको लागि बजेट व्यवस्था भएको ।

७. कार्यसम्पादनको क्रममा आइपरेको समस्या तथा चुनौतिहरु

- न्यायिक सम्पादनको क्रममा कानुनी तथा प्राविधिक ज्ञानको कमी रहनु ।
- यथेष्ठ प्रमाण जुटाउनु ।
- कानुनी सेवाको कर्मचारी नहुदा कार्यसम्पादनमा कठिनाई हुनु ।
- कानूनी सल्लाहकार नहुदा आवश्यक परामर्श गर्न कठिनाई हुनु ।
- मेलमिलापकर्तामा दक्ष जनशक्ती उपलब्ध हुन नसक्नु ।

ङ) रोजगार शाखा

परिचय

नेपाल सरकार राष्ट्रिय रोजगार कार्यक्रम तथा स्थानीय तहमा रोजगार,सीप तथाउद्यमशीलता केन्द्र मार्फत एकीकृत सेवा प्रवाह मार्फत उद्यमशीलता प्रबर्धन, रोजगारी सृजना गर्ने र वैदेशिक रोजगारसम्बन्धी सेवा प्रभावकारी रूपमा सञ्चालन गर्ने उद्देश्यले सुनिलस्मृति गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। यस प्रतिवेदनमा आर्थिक वर्षभर सम्पन्न भएका योजना/कार्यक्रम, उपलब्धि, चुनौती, असल अभ्यास तथा आगामी कार्ययोजना समावेश गरिएको छ ।

२. उद्देश्य

१. रोजगारी सृजना, सीप विकास र उद्यमशीलता प्रवर्द्धनका सेवाहरू एकीकृत रूपमा प्रवाह गर्ने ।
२. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने ।
३. वैदेशिक रोजगारका कारण सिर्जित मनोसामाजिक समस्याको न्यूनीकरण ।
४. वेरोजगारहरुको सूचीकरण गर्ने ।
५. वैदेशिक रोजगार सहजीकरण

३. सञ्चालन गरिएका प्रमुख कार्यक्रम/योजना र खर्च विवरण

क्र. स.	क्रियाकलाप	खर्च शिर्षक	श्रोत	लक्ष	इकाई	उपलब्धी	बिनियोजन रकम	खर्च	खर्च प्रतिशत	बचत
१	रोजगार सम्बाद मंचको संचालन	२२५२२	नेपाल सरकार सशर्त अनुदान	१	पटक	१	२५०००	२४९०२	९९.६८	८०
२	श्रमको सम्मान रास्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन	२२५२२	नेपाल सरकार सशर्त अनुदान	१	पटक	२	२५०००	२४९००	९९.६०	१००
३	बिपन्न दलित लक्षित सीप बिकास कार्यक्रम	२२५२२	राजस्व बाडफाड प्रदेश सरकार नगद	१	पटक	३	५०००००	४६६९७०	९३.३९	३३,०३०
४	रोजगारीको सम्भावना सम्बन्धी क्रियाकलाप संचालन	२२५२२	नेपाल सरकार सामानिकरण अनुदान	१	पटक	१	५००००	३९०३०	७८.०७	१०९७०
५	श्रमको सम्मान रास्ट्रको अभियान सम्बन्धि क्रियाकलाप संचालन	२२५२२	लुम्बिनी प्रदेश सामानिकरण अनुदान	१०	पटक	१०	१२५०००	१२०९७०	९७.७८	४०३०

६	वैदेशिक रोजगारीमा जाने ब्यक्तिहरुकोलागी सूचनामूलक कार्यक्रम	२२५२२	राजस्व बाडफाड संघिय सरकार	१०	पटक	१६	१०००००	९९३३०	९९.३३	६७०
७	कार्यक्रम खर्च रोजगारीमा खाटिनुपूर्व अभिमुखीकरण कार्यक्रम	२२५२२	राजस्व बाडफाड संघिय सरकार	१०	पटक	७	१०००००	८८९००	८८.९०	१११००
८	संचालित योजनाहरुको अनुगमन मुल्यांकन	२२५२२	नेपाल सरकार सामानिकरण अनुदान	१०	पटक	०	०	०	०	२५०००
९	रास्ट्रिय रोजगार कार्यक्रम संघ सरकारको साझेदारीमा सुनिलस्मृति रोजगार कार्यक्रम	३१११५९	नेपाल सरकार सामानिकरण अनुदान	१०	जना	४७	३१७२०००	२७६९४४२	८७.३१	४०२५५८
१०	रोजगार आयोजना संचालनको लागि ज्याला रकम (क्रियाकलाप कार्यान्वयनको लागि स्थानीय तहले शत प्रतिशत साझेदारी)	२२५२२	नेपाल सरकार सशर्त अनुदान	१०	जना	३७	३१७२०००	२६६३५०५	८३.९७	५०८४९५
११	रोजगार सेवा केन्द्र संचालन खर्च (मसलन्द, अनुगमन, बिबिध...)	२२५२२	नेपाल सरकार सशर्त अनुदान	१	पटक	१९ योजना अनुगमन र छपाई	१०००००	८७५००	८७.५०	१२५००
१२	आन्तरिक रोजगारी प्रबर्धनकालागी वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रबर्धन कार्यक्रम	२२५२२	नेपाल सरकार सशर्त अनुदान	१	पटक	१ (२४ जना)	१०००००	७८५६० (इन्स्योर दोश्रो चरण १,७८,५०० खर्च गरेको)	७८.५७	२१,४४०

क्र. स.	योजनाकोनाम	वडा नं.	कामसुरु मिति	कामसम्पन्न मिति	संलग्न श्रमिक संख्या	ईष्टिमेटरकम	काम गरेको दिन	स्रोत	
								नेपाल सरकार	स्थानिय तह
१	मान्द्रेढुंगादेखि उर्लिखोला र उर्लिखोला देखि थुम्पाकी र धारा देखि थुम्पाकी लेख र धरावाडदेखि थुम्पाकी जाने गोरेटो बाटो मर्मत योजना	सुनिलस्मृति गा.पा.-०१, रोल्पा	२०८२/११/१०	२०८३/०२/२०	३	२३५५६२.३९	१००	√	
२	शिसुकल्याण प्रा वि देखि बडडाँडा र छात्रावास सेवारे डाँडा कुन्टेपानी र कवर टोलदेखि थापा टोल र प्युपाटोल खोला देखि सालपाले सम्म गोरेटो बाटो मर्मत योजना	सुनिलस्मृति गा.पा.-०१, रोल्पा	२०८२/११/१०	२०८३/०२/२०	५	३८८९५९.६०	८८.५		√
३	पंचिकोटदेखि तुसारपानी गूरेतो बाटो मर्मत योजना	सुनिलस्मृति गा.पा.-०१, रोल्पा	२०८२/११/१०	२०८३/०२/२०	२	१५७९१९.९५	१००		√
४	खुडग्रीकोट त्रिपुरेश्वरी मावि गोरेटो बाटो मर्मत योजना	सुनिलस्मृति गा.पा.-०२, रोल्पा	२०८२/११/०९	२०८२/१२/०५	२	१५१८७१.९१	२६		√
५	रोहोबाडदेखि गजुर खोला सम्म गोरेटो बाटो निर्माण योजना	सुनिलस्मृति गा.पा.-०३, रोल्पा	२०८२/११/२१	२०८३/०२/०५	८	६०३९२१.९९	६४		√

६	हलहलेखोला खानेपानी मर्मत र कोइरालखर्क देखि गजाघट भिर चिन्ने जोड्ने गोरेटो बाटोनिर्माण योजना	सुनिलस्मृति गा.पा.-०४, रोल्पा	२०८२/११/१५	२०८३/०२/०८	४	३०२११२.०३	६२.५		√
७	धनमुडादेखि कोलङ जाने गोरेटो बाटो निर्माण योजना	सुनिलस्मृति गा.पा.-०४, रोल्पा	२०८२/११/११	२०८३/०२/२१	५	३७९२३१.३७	१००		√
८	बाउबाङदेखि सानो लिवाङ सम्म गोरेटो बाटो मर्मत योजना	सुनिलस्मृति गा.पा.-०४, रोल्पा	२०८२/११/१७	२०८३/०१/२६	४	३०२२०६.६९	६८.५		√
९	लोलोवाङ देविस्थान गोरेटो बाटो मर्मत योजना	सुनिलस्मृति गा.पा.-०५, रोल्पा	२०८२/११/०६	२०८३/०२/१६	२	१५१३०६.५९	१००		√
१०	बाफलबोटमोह धारा लाकुरी धारा घोरन्ते बोग्रिडाँडा गोरेटोबाटो मर्मत योजना	सुनिलस्मृति गा.पा.-०५, रोल्पा	२०८२/११/०९	२०८३/०२/१९	४	३०३३१६.७९	१००		√
११	छाडे ओडार पुल धाखोला र लरीखोला अमिलाधरा काब्राबाङ गोरेटोबाटो मर्मत योजना	C	२०८२/११/१०	२०८३/०१/१४	५	३७७८३९.२२	४८.५		√
१२	उइजा खोला मन्धा टाकुरा गोरेटो बाटो मर्मत योजना	सुनिलस्मृति गा.पा.-०५, रोल्पा	२०८२/११/१०	२०८३/०२/२०	३	१५७९१९.९५	१००		√

१३	सानो ध्वारे फलिङ खोला फलिबाङ गोरेटोबाटो मर्मत योजना	सुनिलस्मृति गा.पा.-०५, रोल्पा	२०८२/११/१०	२०८३/०२/२०	३	२३४१८५.७३	१००		√
१४	काफलबोट स्यालकोट र अमरे खुमेलगाड गोरेटो बाटो निर्माण योजना	सुनिलस्मृति गा.पा.-०६, रोल्पा	२०८२/११/१०	२०८३/०२/२०	५	३८३५९८.१०	१००	√	
१५	ओडार वारेरागाँकात्ने धारा देखि आरुखारा जाने गोरेटो बाटो निर्माण योजना	सुनिलस्मृति गा.पा.-०६, रोल्पा	२०८२/११/११	२०८३/०२/२१	५	३८३५६१.६१	१००	√	
१६	दोवाटादेखि भिंग्रीपाटि सम्म गोरेटो बाटो निर्माण योजना	सुनिलस्मृति गा.पा.-०७, रोल्पा	२०८२/११/१०	२०८३/०२/२०	५	३८२२९२.८०	१००	√	
१७	सुर्सिवाङ फिल्ड निर्माण योजना	सुनिलस्मृति गा.पा.-०७, रोल्पा	२०८२/११/२१	२०८३/०२/	५	३८१६६५.८७	६६.५	√	
१८	दोखोलादेखि दोवाटा स्कुल सम्म गोरेटो बाटो निर्माण योजना	सुनिलस्मृति गा.पा.-०७, रोल्पा	२०८२/११/१०	२०८३/०२/२०	७	५३४४७०.९८	१००	√	
१९	अफलेगुल्ढुङ फुलधारा हुदैँ मैने जोड्ने गोरेटो बाटो निर्माण क्रमागत	सुनिलस्मृति गा.पा.-०८, रोल्पा	२०८२/११/07	२०८३/०२/१७	७	५२९७९८.९५	१००	√	

क्र. स.	विवरण	योजनामा बिनियोजन	खर्च रकम	जम्मा लाभग्राही	वित्तीय खर्च प्रतिसत	भौतिक प्रगति
१	सामुदायिक योजना	६३,४४,०००	५४,३२,९५६.०४	८४	८५.६४	८५.८२

२	कार्यक्रम, मसलन्द, पारिश्रमिक	१३,२८,०००	१०१७२,५८,	-	८१.७२	१०००%
३	बिपन्न दलित सीप बिकास कार्यक्रम	५,००,०००	४,६६,९७०	३४	९३.३९	
	जम्मा	८१,७२,०००	६९,८५,१९७.०४		८५.४७	९२.९१

४. मुख्य उपलब्धिहरू

आर्थिक वर्ष २०८२/०८३ मा निम्न उपलब्धिहरू हासिल भएका छन्

रोजगार सेवा केन्द्रबाट नियमित सेवा प्रवाह।

स्थानीय कार्यान्वयन समिति वैठक - ३ पटक

बेरोजगार नागरिकको विवरण अद्यावधिक- १४५३ जना

सीप विकास तालिम सम्पन्न- ३४ जना

सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना विस्तार -५९६ जनामा

रोजगार संवाद मञ्चमार्फत सरोकारवालाबीच समन्वय वृद्धि- समन्वय बैठक तथा आगामी योजना निर्माण

स्थानीय तहमा रोजगार तथा स्वरोजगारका अवसरबारे जनचेतना अभिवृद्धि।

१९ वटा योजना मर्मत तथा निर्माण

१० जनाको सन्तति छात्रवृति सहजीकरण

९८ जनाको पून श्रम स्वीकृति सहजीकरण

८ जनाको आर्थिक सहायता सहजीकरण

५. सीप विकास कार्यक्रमको उपलब्धि

बिपन्न दलित लक्षित सीप बिकास तालिममा सहभागी संख्या

क्र.स.	सीपमुलक तालिमको नाम	सहभागी संख्या
१	आधारभूत ब्युटी पार्लर तालिम	९
२	कटाई–सिलाई इस्तोरन्नती तालिम	६
३	सवारी चालक (ड्राइभिङ) तालिम	१९

वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई इन्स्योर परियोजना दोश्रो चरण संगको साझेदारीमा २४ जनालाई उद्यमशीलता तालिम प्रदान गरियो।

सोही तालिममा महिला तथा बालबालिका शाखाको ५ जना सिस्नो पाउडर समुहलाई उद्यमशीलता तालिम प्रदान गरियो।

लुम्बिनी प्रदेश सामाजिक डिभिजन कार्यालय प्युठानको सहकार्यमा १२ जना युवालाई प्लाम्बिङ तालिम संचालन गरियो।

६. वैदेशिक रोजगार सेवा

सुरक्षित वैदेशिक रोजगार सम्बन्धी परामर्श प्रदान।

श्रम स्वीकृति, बीमा तथा कानुनी प्रक्रियाबारे जानकारी।
परिवारमा आवश्यक कागजात सुरक्षित राख्ने सम्बन्धी सूचना प्रवाह।
पुनःएकीकरण तथा स्वरोजगार सम्बन्धी परामर्श।

७. रोजगार सेवा केन्द्रबाट प्रवाह भएका सेवा

वेरोजगार सूचीकरण
रोजगार परामर्श
रोजगार सूचना
सीप तालिम प्रदान
उद्यमशीलता परामर्श
रोजगारदाता समन्वय

८. चुनौतीहरू

सीमित बजेट।
निजी क्षेत्रको न्यून सहभागिता।
सीप बिकास तालिम पश्चात रोजगारीमा जोड्न कठिनाइ।
युवाको वैदेशिक रोजगारतर्फ आकर्षण।
स्थानीय उद्योग–व्यवसायको सीमित विस्तार।

९. असल अभ्यास

स्थानीय कार्यान्वयन समितिको नियमित बैठक।
रोजगार संवाद मञ्च नियमित सञ्चालन।
सरोकारवालाबीच समन्वय।
सीप विकाससँगै रोजगार परामर्श।
स्थानीय आवश्यकतामा आधारित तालिम।
रोजगार सेवा केन्द्रबाट नियमित सूचना प्रवाह।
उद्यम बिकास शाखा र अन्य सरोकारवालासंग नियमित समन्वय, सकार्य ।

१०. आगामी कार्ययोजना

१. समन्वय बैठक।
२. बैदेशिक रोजगारीसंग सम्बन्धित, संगठित असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरुको योग्यता, सीप, अनुभब, उद्यम तथा व्यवसाय, बेरोजगार, काम बाहिर रहेका, मौसमी बेरोजगारी, श्रम बजारको पूर्वअनुमान संकलन तथा सर्वेक्षण तथ्यांक संकलन/अध्यावधिक।
३. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रबर्धन कार्यक्रम निरन्तर।
४. युवाहरुमा श्रम गर्नेसस्कृतिप्रति आकर्षित गर्नब्यबसाय सुरु तथा सुधारतालिम संचालन।
५. परिणाममुखी नेतृत्व बिकाश तालिम पश्चात प्रस्तावना अनुसार मागमा आधारित सहयोग (उपहार प्रदान कार्यक्रम)।
६. दलित लक्षित सीप बिकास तालिम।

७. सुरक्षित वैदेशिक रोजगार सम्बन्धि परामर्श।
८. आर्थिक सहायता सम्बन्धि सहजीकरण।
९. पून श्रम स्वीकृतिको सहजीकरण।
१०. सरोकारवालासंग समन्वय।
११. सीप तालिमलाई बजारको मागसँग जोड्ने।

ढ) भवन अधिलेख तथा नक्शा पास शाखा

सम्पादित मुख्य/मुख्य योजना /कार्यक्रम

- भवन निर्माणका लागि पेश गरिएका नक्सा अध्ययन र स्वीकृति
- सरकारी मापदण्ड अनुसार संरचनाको प्रमाणीकरण
- भवन निर्माण पूर्व, मध्य र पश्चात अनुगमन

आ.व. २०८२/०८३ मा अभिलेख भएका भवन संख्याहरु

सि.नं.	वडा नं.	भवन संख्या
१	१	०
२	२	२
३	३	२
४	४	९
५	५	०
६	६	१
७	७	०
८	८	०
	जम्मा	१४

ण) सूचना प्रविधि शाखा

शाखाको कार्यविवरण

- वेबसाइट, डिजिटल अभिलेख प्रणालीको सञ्चालन
- सूचना अधिकार ऐन अन्तर्गत सूचना उपलब्ध गराउने
- सार्वजनिक सूचना प्रकाशन गर्ने
- उपकरणहरूको मर्मत, व्यवस्थापन, तथा प्राविधिक सहयोग पुऱ्याउने

शाखाको कार्यविवरण

- वेबसाइट, डिजिटल अभिलेख प्रणालीको सञ्चालन
- सूचना अधिकार ऐन अन्तर्गत सूचना उपलब्ध गराउने
- सार्वजनिक सूचना प्रकाशन गर्ने
- उपकरणहरूको मर्मत, व्यवस्थापन, तथा प्राविधिक सहयोग पुऱ्याउने
- सेवाप्रवाहमा प्रयोगमा रहेका केही सफ्टवेयरहरु योजना व्यवस्थापन प्रणाली,
- Sub-national Treasury Regulatory Application(SUTRA)

- संम्पति व्यवस्थापन प्रणाली
- व्यक्तिगत घटना दर्ता,
- गुनासो सुनुवाई प्रणाली
- कर संकलन प्रणाली,
- डिजिटल वडापत्र
- ई हाजिरी

सम्पादित मुख्य कार्यहरु

- गाउँपालिका मातहतका ८ वडा वडा कार्यालय र ९ स्वास्थ्य संस्था(आयोर्वेद सहित) गरि जम्मा १७ स्थानमा ई-हाजिरी जडान कार्य संम्पन्न गरिएको
- प्रशासकीय भवनमा Network Management कार्य सम्पन्न गरिएको
- गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यका लागी तथ्याङ्क संकलनको कार्य सम्पन्न गरिएको
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन [Local Governance Performance Assessment System (LGPAS)] मा विवरण प्रविष्ट गरि मूल्याङ्कन अंक (८८)QA का लागी पठाउने कार्य सम्पन्न गरिएको
- प्राकृतिकस्रोत तथा वित्त आयोगमा कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदानका लागिसूचकको प्रगति पठाइएको र उक्त कार्यसम्पादनमा गाउँपालिका जिल्लाको प्रथम स्थान(७२.५७) हासिल गरेको
- आ.व २०८२/८३ मा जम्मा ४ वटा सूचना माग सम्वन्धी निवेदन प्राप्त भएको र उक्त सूचना उपलब्ध गराईएको।
- आ.व २०८२ /८३ मा अ.दु.अ.आ. बाट जम्मा १० वटा उजुरी पत्र प्राप्त भएको(ईमेल मार्फत मात्र)
- प्रत्येक ३।३ महिनामा नियमित स्व:प्रकाशन गर्ने गरेको

स्थानियतहबाट हालसम्म जारी भएका कानून ऐन,नियम,निर्देशिका,कार्यविधि,मापदण्ड:

- ऐनहरु:१२
- नियमावली,निर्देशिका,कार्यविधि,मापदण्डहरु: ९७
- अन्य (आचार संहिता,दिग्दर्शन ,नीती रणनीति,योजना): २४



चालु आर्थिक वर्षमा ऐन, नियम, कार्यविधि, मापदण्ड

-९ वटा निर्माण भई कार्यान्वयन भईरहेका छन् जुन निम्न छन:

- विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि-२०८२
- सुनिलस्मृति गाउँपालिकाको भु उपयोग योजना-२०८२
- सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि-२०८२
- सुलिलस्मृती गाउपालिका मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुका लागि विशेष सहयोग सम्वन्धी कार्यविधि-२०८२
- सुनिलस्मृति गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०८२
- खानेपानी, सरसफाई तथा स्वच्छता ऐन-२०८२
- शैक्षिक गुणस्तर सुधार मूल्याङ्कन मापदण्ड-२०८२
- सामुदायिक सिकाइ केन्द्रमा सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यबिधि-२०८२

भावीयोजना

- भुमि व्यवस्था, सहकारी, संघीय मामिलातथा सामान्य प्राशासन मन्त्रालयको परिपत्र अनुसार गाउँपालिका मातहतका विद्यालयहरुमा ई-हाजिरी प्रणाली जडान गर्ने
- गाउँपालिकामा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) जडान गर्ने
- गाउँपालिका मातहतका कार्यालयमा Voice Over Internet Protocol(VoIP)प्रणालिको विकास गर्ने
- गाउँपालिका मातहतका वडा तथा विद्यालयमा सिसिक्यामरा जडान गरि गाउँपालिका वाटै अनुगमन गर्ने व्यवस्था गर्ने

त) पर्यटन प्रवर्द्धन वन वातावरण तथा विपद व्यवस्थापन उपशाखा

१. पृष्ठभुमी :

साविकको स्थानीय नियकाबाट स्थानीय तहको रुपमा परिणत भएपछि संवैधानिक रुपमा नै अधिकारको बाँडफाड भएर कार्य जिम्मेवारी र अधिकारमा बढोत्तरी भएको पनि एक दशक पुग्दै गरेको छ । जननिर्वाचित प्रतिनीधिहरु मार्फत स्थानीय सरकार सञ्चालन गर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम कार्यपालिकाले आफ्नो काम कारवाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ भन्ने व्यवस्था र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ कोवुदाँ नं. ४.६.४कार्यपालिकाले विषयगत महाशाखा/शाखाबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रगत रुपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्ने उद्देश्य अनुरुप सुनिलस्मृति गाउँपालिकाको मिति २०७९ जेष्ठ २० गते बसेको चालु आ.व. २०७८/०७९ को आठौँ कार्यपालिका वैठकबाट वातावरण तथा विपद् व्यवस्थापन समिति गठन गरेको छ। यसरी गठित समितिले आफ्नो कार्यक्षेत्र भित्र रहेर नीति निर्माण गर्ने योजना बनाउने योजना कार्यान्वयन गर्ने गरेको छ। दोश्रो स्थानीय तहको निर्वाचन २०७९ मा निर्वाचित जनप्रतिनिधिहरु मध्येबाट यस वातावरण तथा विपद् व्यवस्थापन समितिमा तपसिलका सदस्यहरु रहने गरी समिति गठन भएको छ।

तपसिल :-

श्री तुल्सी सुनार संयोजक
श्री नेमलाल दमाई सदस्य
श्री दुर्योधन महरा सदस्य-सचिव

यस समितिको काम कार्वाहीलाई चुस्त, दुरुष्त र कार्यान्वयनका लागि सुनिलस्मृति गाउँपालिकाको गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ को नियम ३ को उपनियम (२) को अनुसूची-१ मा व्यवस्था भएको गाउँ कार्यपालिकामा रहने विषयगत शाखा (शाखा, उपशाखा, इकाई)को विवरण अनुसार अनुसूचीको ३ (ङ),(च), ४ (ख) र ५ (ज) बमोजिम कार्यसम्पादन गर्ने व्यवस्था तथा सोही नियमावलीको नियम ४ को उपनियम (१) को अनसूची-२ मा व्यवस्था भएको विषयगत शाखाको कार्य विभाजन अनुसार अनुसूचीको ३ (ङ), (च), ४ (ख), र ५ (ज) बमोजिमको कार्यविभाजन अनुसार कार्यसम्पादन गर्ने गरी पर्यटन प्रवर्द्धन, बन, वातावरण तथा विपद् व्यवस्थापन उपशाखा व्यवस्था रहेको छ।

२. वातावरण तथा विपद व्यबस्थापन समितिको काम कर्तव्य र अधिकार:

- गाउँपालिका क्षेत्र भित्रको वातावरण तथा जैविक विविधता संरक्षण, फोहोर मैला व्यवस्थापन, हरियाली प्रवर्द्धन तथा प्रदूषण नियन्त्रण सम्बन्धमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने।
- गाउँ सभा तथा कार्यपालिकाबाट स्वीकृत वातावरण सम्बन्धी वजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यकसहजिकरण नीति, कार्य नीति, क्रियाकलाप समेत सिफारिस गर्ने।
- सफा, सुन्दर र स्वच्छ गाउँपालिका बनाउन आवश्यक अध्ययन, अवलोकनगरी सुझाब पेस गर्ने।
- वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन कार्य गर्ने शाखा तथा वडा कार्यालयहरु बाट भए गरेका कार्यहरु प्रभावकारी भए नभएकाअनुगमन र निरीक्षण गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउने।

- "Clean and Green City" को अवधारणा अनुसार कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने।
- सार्वजनिक शौचालय निर्माण, वायु प्रदूषण नियन्त्रण, वातावरणसंरक्षणमा समुदायको अधिकतम परिचालन, जैविक फोहोर घरघरमा व्यवस्थापन, सफा टोल अभियान, शहरीक्षेत्रका साना वन व्यवस्थापन, तरकारी, फलफुल तथा माछामासु बजारलाई आधुनिकीकरण तथा नदीकिनारा संरक्षणका लागि गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत नीति तथा कार्यक्रमहरुको कार्यन्वयनकालागि कार्ययोजना तयार गर्ने।
- वन तथा वन्यजन्तु र जैविक विविधताको संरक्षण, सिमसार संरक्षण, पोखरी तथा जलासय निर्माण र संरक्षणका लागि स्थानीय समुदायकोसहभागिता अभिवृद्धि हुने गरी योजना र कार्यक्रम तयार गर्ने।
- खानी तथा नदीजन्य पदार्थ एवम् प्राकृतिक स्रोत र सम्पदा एवम् जडिवुटीको पहिचान, संरक्षण र उपयोगकालागि आवश्यक नीति तथा कार्यक्रम तयार गर्ने।
- फोहोरबाट उर्जा अभियान कार्यान्वयन गर्न आवस्यक कार्यक्रम तयार गर्ने।
- वडाबाट प्राप्तभई आएका कार्यक्रमहरुको एकिकृत खाका तयार गर्ने।
- स्थानीय तहमा विपद पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तर निकाय समन्वय सम्बन्धी कार्य गर्ने।
- भवनसंहिता तथा भवन सम्बन्धी मापदण्ड स्थानीय तहमा कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य गर्ने।
- वातावरण मैत्री स्थानीय शासन कार्यन्वयन गर्न आवश्यक योजना र कार्यक्रम तयार गर्ने।
- गाउँसभाले तोकेका अन्य कार्य गर्ने।

३. आ.व. २०८२/०८३ मा स्वीकृत वजेट, कार्यक्रम र कार्यान्वयनको अवस्था :-

क्र.सं.	स्वीकृत वार्षिक वजेट	कुल खर्च	खर्च नभएको रकम	वित्तिय प्रगति	कैफियत
१	१७०००००	१४३०५२२	२६९४७८	८४.१४	

४. प्रकोप व्यवस्थापन कोष खाता :-

- प्रकोप व्यस्थापन कोष खातामा कुल जम्मा रकम १०६१२९२.४१ (अक्षरुपी दश लाख एकसठी हजार दुई सय बयानव्वे रुपैया एकचालिस पैसा) मात्र रहेको छ।

५. आ.व. २०८२/०८३ मा स्वीकृत, मस्यौदा र खारेज गरिएका कानुनहरु :-

- सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत
- विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८२ स्वीकृत
- स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (मस्यौदा)
- विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ खारेज
- सुनिलस्मृति गाउँपालिकाको फोहर व्यवस्थापन तथा वातावरण, स्वास्थ्य, सरसफाई कार्यविधि, २०७५ खारेज

६. आ.व. २०८२/०८३ मा विभन्न समितिहरुको बसेको वैठकहरु :-

- सुनिलस्मृति गाउँपालकि विपद् व्यवस्थापन समितिको वैठक : १ पटक

- वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषदको वैठक : १ पटक
- वातावरण तथा विपद् व्यवस्थापन समितिको वैठक : ५ पटक
- विपद् व्यवस्थापन कोष सञ्चालन समितिको बैठकः ७ पटक

७. आ.व. २०८२/०८३ मा विपद्मा परेका घरधनीहरुलाई आर्थिक सहायता हस्तान्तरण विवरणः-

क्र. सं	निवेदकको नाम, थर	ठेगाना	विपदको कारण	रकम	कैफियत
१	दिपिका सुनार	सुनिलस्मृति गापा-५, क्वालिगाउँ	पहिरोले घरमा क्षति पुऱ्याएको	१५०००	
२	हिरा बहादुर घर्ती	सुनिलस्मृति गापा-५, क्वालिगाउँ	पहिरोले घरमा क्षति पुऱ्याएको	१५०००	
३	.भावना वि.क	सुनिलस्मृति गापा-८, रोल्पा	पहिरोले घरमा क्षति पुऱ्याएको	१५०००	
४	श्री जनप्रिय नमुना प्रावि	सुनिलस्मृति गापा-७, चिस्पाधारा	विद्यालयको टिनको छानामा खियालागि पानी चुहिने	प्राविधिक लागत अनुमान अनुसार गर्ने।	
५	.श्री जिवनोद्धारा प्रा.वि	सुनिलस्मृति गापा-५, मन्घा	विद्यालयको टिनको छानामा खियालागि पानी चुहिने	प्राविधिक लागत अनुमान अनुसार गर्ने।	
६	तुल्सी सुनार	सुनिलस्मृति गापा-१, घोडागाउँ	३ वटा भेडा कुकुरको आक्रमणबाट मृत्यु	७५००	
७	मतिलाल पुन	,सुनिलस्मृति गापा-५	घरमा चट्याङ लागि विद्युत मिटर नष्ट भएको	७०००	
८	बेली घर्तीमगर	सुनिलस्मृति गापा-८, अरेश	घरमा आगोलागी भई वेली घर्तीमगरको जलेर मृत्यु भएको	२२००००	जिल्ला विपद् व्यवस्थापन समितबाट सोधभर्ना लिएको

९	कृष्णा पुन	सुनिलस्मृति गापा-७, तेबाङ	चट्याङ लागेर कृष्णा पुनको मृत्यु भएको	२००००	जिल्ला विपद् व्यवस्थापन समितबाट सोधभर्ना लिएको
१०	टिका महरा	सुनिलस्मृति गापा-६, गजुल	आगोमा जलि टिका महराको मृत्यु भएको	२००००	जिल्ला विपद् व्यवस्थापन समितबाट सोधभर्नाका लागि पेश गरेको
११	टेक बहादुर रोकामगर	सुनिलस्मृति गापा-७, तेबाङ	हावाहुरीका कारण रुख ढली घरमा क्षति पुऱ्याएको	१५०००	
१२	कमल बहादुर थापा	सुनिलस्मृति गापा-१, घोडागाउँ	गोठमा आगोलागी भई गोठमा भएको १ भैसी ४ बाख्राको जलेर मृत्यू भएको।	२२०००	
१३	चतुर्भुज युवा क्लव	सुनिलस्मृति गापा-२ खुड्ग्री	भर्षातका कारण भवन भत्किएको	१५०००	

८.आ.व. २०८२/०८३ माभएका मुख्यमुख्य क्रियाकलापहरु :-

क) सरसफाई र विपद्को घटनामा आवश्यक पर्ने सामाग्री हस्तान्तरण :- नगर प्रहरी इकाईबाट सञ्चालन हुने सरसफाईका तथा विपद्का क्रमामा प्रयोग हुने सामाग्री खरिद गरि नगर प्रहरी इकाईमा हस्तान्तरण गरिएको।

ख) विपद् व्यवस्थापन सम्बन्धी अभिमूखिकरण :- मिति २०८२/१२/०४ गते गाउँपालिकाभरीका ६५ वटा टोल विकास संस्थाका अध्यक्ष र सचिवहरुलाई विपद् व्यवस्थापन, उद्दार तथा राहत सम्बन्धी अभिमूखिकरण, मिति २०८२/१२/१६ गते जनप्रतिनिधि तथा कर्मचारीहरुलाई विपद् सम्बन्धी कानुनी व्यवस्था सम्बन्धी अभिमुखिकरण, मिति २०८३/०२/३० गाउँपालिकाभरका संस्थागत तथा सामुदायिक विद्यालयका विपद् फोकल पर्सनहरुलाई विपद् व्यवस्थापन उद्दार राहत र विपद् कोष सम्बन्धी अभिमूखिकरणतथा मिति २०८३/०३/१९ गते स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिहरुलाई समुदायमा आधारित रोग निगरानी प्रणाली सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको।

ग) वन समुहको क्षमता विकास कार्यक्रम :- चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सामुदायिक वनका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम INF नेपालसँगको सहकार्यमा ५५ वटा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुलाई २ दीवसिय वन व्यवस्थापन तथा

क्षमता विकास तालिम सम्पन्न गरिएको छ।

घ) उत्कृष्ट सामुदायिक वन समुहलाई सम्मान कार्यक्रम :- चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कानुन बमोजिम सामुदायिक वनको सामाजिक लेखा परिक्षण प्रतिवेदन, वार्षिक योजना तथा १० प्रतिशत राजश्व वुझाउने श्री पटमरे सामुदायिक वन उपभोक्ता समूह, सुनिलस्मृति गाउँपालिका-१, थुम्पाकी धाराबाङ, श्री सुँगुर पोखरी मिना सामुदायिक वन उपभोक्ता समूह, सुनिलस्मृति गाउँपालिका-२, रोल्पा, श्री थाम पोखरा सामुदायिक वन उपभोक्ता समूह, सुनिलस्मृति गाउँपालिका-१, रोल्पा, बाग्मा सामुदायिक वन उपभोक्ता समूह, सुनिलस्मृति गाउँपालिका-४, रोल्पा र बराहथान सामुदायिक वन उपभोक्ता समूह, सुनिलस्मृति गाउँपालिका-३, रोल्पालाई सम्मान तथा प्रमाण-पत्र पदान गरिएको।

ङ) साझेदारीमा पर्यटन पूर्वाधार, प्रतिक्षालय, रिचार्ज पोखरी कुवा निर्माण :- चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलका योजनाहरु सञ्चालन गरिएको छ।

तपसिल

क्र.सं.	सामुदायिक वन उपभोक्ता समिति/टोल विकास संस्थाको नाम	स्वीकृत योजना	योजनाको अवस्था
१	पातिहाल्ना टोल विकास संस्था सुनिलस्मृति गाउँपालिका-६	१ वटा प्रतिक्षालय	सम्पन्न
२	देविस्थान टोल विकास संस्था सुनिलस्मृति गाउँपालिका-१	१ वटा प्रतिक्षालय	सम्पन्न
३	श्री सिस्ने महापोखरी सामुदायिक वन उपभोक्ता समिति सुनिलस्मृति गाउँपालिका-८ अरेश	१ रिचार्ज पोखरी	सम्पन्न

च) मागमा आधारमा चौतारी, मठ, मन्दिर निर्माण तथा मर्मत :- चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलका योजनाहरु सञ्चालन गरिएको छ।

तपसिल

क्र.सं.	स्वीकृत योजनाको नाम	योजनाको अवस्था
१	ब्रहाथान मन्दिर घेरावार थुम्पाकी, वडा नं. १ थुम्पाकी	सम्पन्न
२	भदौरे महादेव मन्दिर निर्माण, वडा नं. ५ काभ्रा	सम्पन्न

छ) ब्रोसर छपाई, हस्तान्तरण तथा वितरण :- चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वातावरणी क्षेत्र प्रवर्द्धन, समिक्षा, छपाई, भ्रमण र अन्य खर्च शिर्षकबाट विपद् सम्बन्धी सचेतना सूचनाहरु छपाई गरी टोल विकास संस्था र सामुदायिक वनका वन समुहमालाई हस्तान्तरण तथा वितरण गरिएको छ।

ज) संघसंस्थाहरुसँगको साझेदारी कार्यक्रम :- "तीनैतहका सरकार मिली गरौं हातेमालो: मानव बेचबिखनको हटाऔं दुष्चक्रको जालो" भन्ने नारा सहित मानव बेचबिखन विरुद्धको १९ औं राष्ट्रिय दिवस (२०८२ भाद्र २० गते)को अवसरमा गाउँपालिका, हुरेक नेपाल (सेफगर्ल्स परियोजना)कोसहकार्यमा "बालविवाह र मानवबेचबिखनको सम्वन्ध" विषयक आधारभूत तथामाध्यामिक विद्यालय स्तरीय निवन्ध प्रतियोगिताको अवसरमा ९ (नौ) वटा आधारभूत विद्यालयहरुमा पुरुष्कारको व्यवस्था तथा "UNIE TO END DIGITAL VIOLENCE AGAINST ALL WOMEN AND GIRLS" अन्तराष्ट्रिय नारा र "प्रविधिको सही प्रयोग गरौ : लैङ्गिक हिंसा अन्त्य गरौं" राष्ट्रिय नाराका साथ मनइएको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा निर्णायक, व्यानर, यातायात तथा विविध खर्च गरिएको।

झ) विपद् घटना उद्दार, व्यवस्थापन र आधारभूत तालिम :- चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मिति २०८३ जेठ ८ गतेका दिन सुर्यदल गण लिबाङ र गाउँपालिकाको आयोजनामा विपद् प्रतिकार्य तथा पूर्व अभ्यास कार्यक्रम (मनसुन-६) सम्पन्न भएको तथासशस्त्र प्रहरी बल, नेपाल, गुल्म हे.क्वा. रोल्पा संगको समन्वय र सहजीकरणमा अग्नी नियन्त्रण तथा उद्धार सम्बन्धी नमुना अभ्यासमिति २०८३/०३/०८ गते श्री सुर्योदय माध्यामिक विद्यालय सुलिचौरमिति २०८३/०३/१० गते श्री रामेश्वरी माध्यामिक विद्यालय घोडागाउँ, रोल्पा र मिति २०८३/०३/११ गते श्री जनज्योति माध्यामिक विद्यालय गजुल रोल्पामा सम्पन्न।

ञ) स्थानीय विपद् जलवायु उत्थाशिल कार्यढाँचा (LDCRF) निर्माण :- सहास नेपाल,INF नेपालसँगको सहकार्यमा "स्थानीय विपद् जलवायु उत्थाशिल कार्यढाँचा (LDCRF) निर्माण"कार्य अगाडि बढाइएको।

ट) "सगरमाथा वृक्षरोपण महाअभियान" राष्ट्रिय वृक्षरोपण दिवस, २०८३ को अवसरमा सुनिलस्मृति गाउँपालिकाको आयोजना, डिभिजन वन कार्यालय लिबाङ रोल्पा, सुवर्णावती सव-डिभिजन वन कार्यालय सुलिचौर, रोल्पा, पटमरे सामुदायिक वन उपभोक्ता समुह सुनिलस्मृति-१ रोल्पा र श्री देवीभक्त आधारभूत विद्यालय सुनिलस्मृति गाउँपालिका-१ रोल्पाको सहकार्य/सहयोगमा पटमरे सामुदायिक वन क्षेत्रमा वृहत वृक्षरोपण कार्यक्रम सम्पन्न।

९. आपतकालिन राहत तथा उद्दारका सामाग्रीहरुको विवरण :-

.क्र.सं	सामाग्रीहरुको नाम	एकाई	परिमाण	कैफियत
१	व्याकप्याक फायर एक्सटिङगुईसर स्प्रेयर	थान	८	
२	स्वाटर	थान	८	
३	कटन जम्पसुट	थान	८	
४	रेक हो विथ आईरन हेन्डल	थान	१०	
५	भ्याङ	थान	१	
६	स्टेचर	थान	२	
७	पिक	थान	३	
८	सावेल	थान	२	
९	फरुवा	थान	२	
१०	त्रिपाल	थान	३	
११	चेन्सा मेसिन	थान	१	
१२	गम वुट	जोडा	५	
१३	लाइफ ज्याकेट	जोडा	५	
१४	च्याफ्टिङ	थान	१	
१५	इलेक्ट्रिक तौल मेसिन	थान	१	

१०. सवल पक्ष :-

- विपद् जोखिम भए पनि तुलनात्मक रुपमा सुनिलस्मृति गाउँपालिका वाढी पहिरो, आगलागी लगायतका जोखिमको दृष्टिले कम जोखिमयुक्त गाउँपालिका हुनु।
- गाउँपालिकाले विपद् व्यवस्थापन गर्न विपद व्यवस्थापन कोषको व्यवस्था भएको।
- नीतिगत व्यवस्थाले गर्दा कार्य सम्पादनमा सहजता पुगेको।

- गाउँपालिकाको अधिकांश क्षेत्रहरु सडक सञ्जालमा जोडिएले राहत र उद्दारमा सहजता भएको।
- गाउँ, टोल र वडा जनप्रतिनिधिहरु भएकोले छिटो छरितो सहि सूचना, जानकारी प्राप्त हुनु तथा समन्वय र सहकार्यमा तत्काल राहत उद्दार पुऱ्याउन सजिलो भएको।
- प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौर, तेबाङ स्वास्थ्य चौकी, गजुल स्वास्थ्य चौकी र खुंग्री स्वास्थ्य चौकीबाट एम्वुलेन्स सञ्चालन हुनु।
- विपद् व्यवस्थापनमा विभिन्न संघसंस्थाको सहयोग र समन्वय प्राप्त भएको।
- सवै वडा तथा गाउँपालिकाको विपद नक्सा (जोखिम क्षेत्र पहिचान) तयारी भएको।

११. चुनौती पक्ष :-

- सचेतनाको कमीका कारण प्रकोपजन्य रोग, सानातिना दुर्घटनाहरुको सामना गर्नुपर्ने।
- अधिकांश यूवा जनशक्ति वैदेशिक रोजगारमा भएकाले विपद् उद्दार कार्य गर्नुपरेमा गाउँमा यूवा जनशक्ति नभेटिने।
- विपद्पछि खोज, उद्दार तथा राहतका लागि स्थानीय दक्ष जनशक्तिको अभाव।
- गाउँपालिकाको मानव विकास सूचकांक, स्वास्थ्य शिक्षा क्षेत्र सन्तोषजनक नहुनु।
- विकास निर्माणका कार्य गर्दा हेभी इकुप्मेन्टको प्रयोगमा सजकता नअपनाउँदा भूक्षय हुने र पानिका मुहान पनि जोखिममा रहेको।
- जलवायु परिवर्तनको असरबाट वच्न अनुकुलन योजना बनाउन नसक्नु।
- व्यवस्थित खालको ल्यान्डफिल्ड साइटको निर्माण गर्न नसक्नु।
- परम्परागत सोँच, सामाजिक संरचनामा सचेतना ल्याउनु।
- सडक, बिजुली, पानी जस्ता पूर्वाधार विकासलाई वातावरण अनुकूल बनाउनु।
- स्थानीय स्तरमा विपद् प्रतिकार्यका लागि दक्ष जनशक्ति उत्पादन र परिचालन गर्नु।
- दक्ष जनशक्ति विकासका साथै बेरोजगार युवालाई रोजगार प्रदान गरी विदेश पलायन हुनबाट रोक्नु।
- गुणस्तरीय पूर्वाधार निर्माण र व्यवस्थापनका लागि श्रोत व्यवस्थापन, क्षमता अभिवृद्धि र समनन्वय कायम गर्नु।

१२. अवसर :-

- जनप्रतिनिधिमूलक संस्था सहितको स्थानीय सरकार भएकाले विपद् प्रतिकार्य सम्बन्धी स्थानीय परिवेश बमोजिमको योजना निर्माण गर्न सकिने।
- भौतिक पूर्वाधारको विकासको चरणमा रहेकाले विपद् संवेदनशील विकासमा जोड दिन सकिने।
- संघ, प्रदेश र अन्य स्थानीय तहसँगको साझेदारीमा विपद् जोखिम न्यूनिकरण सम्बन्धी समस्यासँग जुध्न सकिने।
- भवन संहिता, पूर्वाधार संहिता कार्यान्वयनको सुरुवात गर्न सकिने।

अन्त्यमा

वातावरण तथा विपद् व्यवस्थापन समितिले प्रत्येक वडा, गाउँ टोलमा आफ्नो लक्षित कार्यक्रम सञ्चालन गर्दै आम नागरिकहरुलाई जोखिमको त्रासबाट मुक्त हुदैँ मेरो साथमा स्थानीय सरकार छ र म एउटा सुन्दर सफा वातावरणमा बाँचिरहेको नागरीक हुँ भन्ने अवस्थाको सिर्जना गर्ने लक्ष्य राखिएको छ।

थ) पञ्जिकरण तथा सामाजिक सुरक्षा उपशाखा

- सामाजिक सुरक्षा भत्ता निकासा तथा परिचयपत्र नवीकरण
- प्रथम त्रैमासिक भत्ता निकासा जम्मा रकम रु. ३,०९,३४,२६८/-
- दोस्रो त्रैमासिक भत्ता निकासा जम्मा रकम रु.३,१०,६१,९०६/-
- तेस्रो त्रैमासिक भत्ता निकासा जम्मा रकम रु. ३,१०,५७,५३३/-
- चौथो त्रैमासिक भत्ता निकासा जम्मा रकम रु. ३,०९,१०,१६८/-
- जम्मा: १२,३९,६३,८७५/-
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको वायोमेट्रिक भेरीफिकेशन
- जनप्रतिनिधी तथा कर्मचारीहरुका लागि सामाजिक सूरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखिकरण कार्यक्रम समपन्न।

ध) गरिवी निवारणका लागि लद्यु उद्यम विकास कार्यक्रम

- वडा स्तरीय अभिमुखीकरण कार्यक्रम -२ वटा वडामा ३ र ६मा
- सहभागितात्मक ग्रामिण लेखाजोखा कार्यक्रम -२ वटा वडामा ३ र ६ मा
- ८ दिने उद्यमशिलता विकास तालिम -२ वडामा ३ र ६ मा
- ३ नं. वडामा – २६ जना
- ६ नं. वडामा -१२ जना

प्राविधिक सीप विकास तालिम

- ३ नं. वडामा १ महिने बाँसका सामाग्री बनाउने तालिम -२४ जना
- ६ नं.वडामा ३ महिने अल्लो प्रशोधन तथा ढाँका बुनाई सम्बन्धित तालिम -१२ जना

प्रविधि हस्तान्तरण

- नयाँ उद्यमी तर्फ ३ महिने अल्लो प्रशोधन तथा ढाँका बुनाई तालिम लिएका उद्यमी समूह वा लाभग्राहीलाई प्रविधि हस्तान्तरण कार्यक्रम रहेको हुँदा उक्त मेशिन औजार गा.पा को जिन्सी शाखा बाट खरिद गरि उद्यमी समूहलाई हस्तान्तरण गरियो।
- गरिवी निवारणका लागि लद्यु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि २०८२ अनुसार छनौटमा परेका २ वटा फर्मलाई सिलाई कताई सम्बन्धित इलेक्ट्रोनिक ठुलो खालको मेशिन हस्तान्तरण गरियो।
- १ वटा समूहलाई सिलाई मेशिन र झोला तथा सल बुन्ने टान्न हस्तान्तरण गरियो।

स्तरोन्नति तर्फ

- गरिवी निवारणका लागि लद्यु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि २०८२ बमोजिम उद्यमीको स्तरोन्नतिको आवश्यकता पहिचानको आधारमा एडभान्स सीप विकास तालिम वडा नं १ का मौरीपालन तालिम १२ जना उद्यमी समूहलाई तालिम दियौ।

न) बहुक्षेत्रिय पोषण कार्यक्रम

- कूल विनियोजित बजेट रु.४०,००,००० /-
- कूल खर्च रु. २२,२५,१२१/-

- खर्च नभएको रकम रु. १७,७४,८७९/-
- वित्तीय प्रगति ५५.६२%

सम्पादित मुख्य/मुख्य योजना /कार्यक्रम

- पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक बसि सुनौलो हजार दिनका महिलाहरुको लागि आयआर्जन कार्यक्रमको लागि वडा नं. ५ छनौंट र पोषणसँग सम्बन्धित काम गर्ने ७ वटा विषयगत शाखाहरुलाई ३ लाख बराबरको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।
- छनौंट भएको वडा (५ नं वडा) का २५ जना सुनौलो हजार दिनका आमाहरुलाई बाख्रापालन व्यवसाय सञ्चालन गर्नको लागि प्रति व्यक्ति रु. २५,०००बराबर को अनुदान उपलब्ध गराइयो।
- छनौंट भएको ५ नं वडाका २५ जना सुनौलो हजार दिनका आमाहरुलाई बाख्रा पालन सम्बन्धि १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो।
- पालिकामा स्तनपान कक्ष निर्माण, पोषण कर्णर स्थापना, नर्सरी स्थापनाको लागि तालिम र सामग्री वितरण, नश्ल सुधारका लागि ९ वटा बोयर बोका वितरण,पोषिलो खाना प्रदर्शनी,सरसफाई सम्बन्धि सचेतनामूलक कार्यक्रम गरिएको।

प) सुरक्षित आप्रवसन कार्यक्रम

पृष्ठभूमिः

- वैदेशिक रोजगारी जिवीकोपार्जनको एक प्रमुख माध्यमको रुपमा रहेको छ।
- बैदेशिक रोजगारीले गरिवी न्यूनिकरणमा महत्वपूर्ण भूमिका खेलेको छ।
- प्राप्त विप्रेषणले परिवार तहमा मात्र नभई राज्यको समग्र आर्थिक सुचकलाई समेत सन्तुलन गर्न ठुलो टेवा दिईरहेको छ।
- बैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धिमुलक एंवम शोषण रहित वनाउन नेपाल सरकार र स्वीस सरकारको द्विपक्षिय सम्झौता अनुसार युवा,श्रम तथा रोजगार मन्त्रालय र स्थानीय सरकारको नेतृत्वमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालनमा रहेको छ। यस कार्यक्रमले वैदेशिक रोजगारमा जानकालागि कसैलाइ प्रेरित गर्दैन तथा नजानकालागि हतोत्साहित पनि गर्दैन।

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम- बारे संक्षिप्त जानकारी

सामी कार्यक्रम- चौथो चरणः

- तीनै तहका सरकार (संघ, प्रदेश र स्थानीय) को समन्वय, सहकार्य र लागत साझेदारीमा कार्यक्रम सञ्चालन।
- स्वीस सरकार विकास सहयोग एसडीसीले कार्यक्रमको गुणस्तरीयता र क्षमता अभिवृद्धिको निम्ति प्राविधिक सहयोग प्रदान।
- हेल्भेटास नेपालले स्वीस सरकारको तर्फबाट प्राविधिक सहयोग प्रदान।


व्यक्तिगत
संस्थागत
सरकार देखि सरकार


वडा नम्बर
घरधुरी
वैदेशिक रोजगारीमा गएको संख्या

सकारात्मक प्रभाव

- देश भित्र पर्याप्त रोजगारीको अवसर उपलब्ध नभएको अवस्थामा धेरै युवाहरुको लागि अल्पकालीन रुपमा रोजगारीको विकल्पको रुपमा रहेको ।
- २०८०/८१ मा १७ खर्व २३ अर्व २७ करोड विप्रेषण भित्रिएको (GDP सँग तुलना गर्दा करिब २८.२२ प्रतिशत हिस्सा हुन आउछ ।)
- विदेशी मुद्रा आर्जन गर्ने प्रमुख श्रोत रहेको,
- ७६.८ % परिवारले विप्रेषण प्राप्त गर्ने गरेको र लुम्बिनी प्रदेश ८९.६ %
- गरिबी न्यूनिकरणमा महत्वपूर्ण योगदान,
- शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा पहुँच वृद्दि, भूमिकामा परिवर्तन (घर व्यवहारमा महिलाको नेतृत्व विकास)

चुनौती तथा उत्पन्न समस्या हरु

स्वदेशमा हुने चुनौतीहरु

- रकम भुक्तानी गरिसके पछि लामो समय सम्म गन्तव्य मुलुकमा जान नपाउने, साथै रकम तिरेको अभिलेख/प्रमाण नपाउने ।
- मेनपावर कम्पनी तथा कथित एजेन्टको चलखेलले गर्दा वढी रकम तिरेर वैदेशिक रोजगारीमा जानु पर्ने वाध्यता ।
- सुचना तथा जानकारी अभावले गर्दा वैदेशिक रोजगारी वारे जनकारी नहुनु (स्वास्थ्य परिक्षण, अभिमुखिकरण तालिम, वीमा, सम्झौता, लागत, कम्पनि, देश, मेनपावर कम्पनी)

गन्तव्य मुलुकमा हुने चुनौतीहरु

- गन्तव्य मुलुकको भाषा, हावापानी, आधारभुत कानुन, धर्म/संस्कृति वारे जानकारी नहुनु ।
- काम, दाम, कम्पनी फरक, कम्पनी वन्द भई अलपत्र पर्ने अवस्था, सप्लाई कम्पनीमा पर्दा गर्नुपर्ने कामको सुनिश्चितता नहुने । अलेखवद्व हुँदा स्वदेश फर्किन समस्या ।
- स्वास्थ्य उपचार तथा कानुनी उपचारमा समस्या
- सीप अभावमा 3 D काम गर्नु पर्ने बाध्यता



मनोसामाजिक परामर्श

- **३० जना व्यक्तिहरुलाई प्रत्यक्ष रुपमा घरभेट गरी व्यक्तिगत रुपमा परामर्श सेवा दिएको**
- **२ वटा वित्तिय साक्षरता तथा मनोपरामर्श समुहमासामुहिक रुपमा परामर्श गरियो । खुङ्ग्री र तेवाङ**

मनोसामाजिक परामर्श सेवा

विवरण	महिला	पुरुष	जम्मा
ब्यक्तिगत मनोसामाजिक परामर्श सेवा	२०	१०	३०
समाधान भएका केशहरु	२०	५	२५
मृत्यु	०	१	१
सेवा पुरा नगरेको (defaulter)	०	४	४

फ) १ नं वडा कार्यालय

कार्यविवरण

- दैनिक प्रशासनिक कार्य
- सामाजिक सुरक्षा सम्वन्धि कार्य
- पञ्जिकरण घटना दर्ता कार्य
- अभिलेख व्यवस्थापन ,सिफारिस तथा प्रमाणिकरण कार्य
- स्थानिय राजस्व संकलन कार्य

- वडाका विकास निर्माणका योजनातर्जुमा, कार्यान्वयन, अनुगमन तथा कार्यक्रम सञ्चालन
- मेलमिलाप तथा न्यायिक निरुपण कार्य
- विपद व्यवस्थापन कार्य
- चेतनामुलक अभियानात्मक कार्य
- वडा स्तरिय तथ्याङ्क संकलन तथा अध्यावधिक

जनशक्ति विवरण

नामथर		पद
१.मेनका घर्ती		वडा सचिव (सि अ हे व पाचौ)
२.अशोक के सी		फिल्ड सहायक
३. गिर बहादुर खत्री		कार्यालय सहयोगी

संकलित राजश्वआ.व. २०८२/०४/०१देखी२०८३/०३/३२सम्म

विवरण	जम्मा
कुल संकलित राजश्व	रु ३,३३,४८७.२०/-
१.भुमि कर/मालपोत	रु ६०,१४०/-
२.सम्पति कर	रु २६,३२२.२०/-
३.अन्य कर	रु १३,९००/-
४.विद्युत सेवा शुल्क	रु २,५७५/-
५.न्यायिक दस्तुर	रु १००/-
६.अन्यदस्तुर	रु ११,४५०/-
७.सिफारिस दस्तुर	रु १,०४,७००/-
९.नाता प्रमाणित दस्तुर	रु १६,०००/-
१०.ब्यक्तिगत घट्ना दर्ता दस्तुर	रु ८१,२००/-
११. अन्य प्रशासनिक सेवा शुल्क	रु ३,०००/-
१२ अन्य राजश्व	रु १४,१००/-

पञ्जिकरण घटना दर्ता को विवरण

जन्म दर्ता:९०
मृत्यु दर्ता:४३
विवाह दर्ता:५५
सम्वन्धविच्छेद दर्ता:११
वसाईसराई दर्ता:१०
चलानि:९८९
नागरिकता सिफारिस: २४९

कुल विनियोनित रकम र योजना

- २०८२/०८३ को कुल रकम ४२,००,०००/-
- जम्मा योजनाको संख्या २३ (सम्पन्न २०)
- गाउँपालिका बाट विनियोजित ४ (सम्पन्न ४)
- जम्मा कार्यक्रम ८ (सम्पन्न ८)
- खरिद योजना ४ (सम्पन्न ४)
- लुम्विनी प्रदेश बाट विनियोजित योजना १७

सम्पन्न भएका योजना तथा कार्यक्रम

- प्लाष्टिक होमपाईप खरिद
- उमखोला टाकुरा सिंचाई पाईप खरिद
- भेटनरी औषधि खरिद
- खेलकुद विकास कार्यक्रम
- जातिय विभेद न्यूनिकरण कार्यक्रम
- नारी दिवस कार्यक्रम
- बालविवाह बालश्रम न्यूनिकरण सम्वन्धि सचेतना मुलक कार्यक्रम
- खेलकुद विकास कार्यक्रम
- घोडागाउँ स्वास्थ्य चौकी व्यवस्थापन तथा सामाग्री खरिद
- कक्षा ५ को परीक्षा सञ्चालन
- नि शुल्क ल्याव सेवा संचालनको लागी सामाग्री खरीद
- मानसिक स्वास्थ्य सम्वन्धि सचेतनामुलक कार्यक्रम
- वडामा भएका विकास निर्माण तथा कार्यक्रमको डकुमेन्ट्रि निर्माण
- सुनौलो हजार दिनका आमा तथा शिशुलाई पोषण प्याकेज
- महिला सामुदायिक अधुरो भवन निर्माण भलवाङ
- तुसारपानि बड्डाँडा मोटरबाटो
- कल्लेरी सिंचाई कुलो निर्माण
- गौमतिखोला –तल्लोटोल- ढिकपुर- ओवाङ सिंचाईकुलो
- नेवारखोला- गोलवाङ सिंचाईकुलो
- भित्ता प्यूपा स्याउलिचौर सिंचाईकुलो निर्माण
- रिजालटोल भेदिटोल पोखराडाँडा सिंचाई कुलो निर्माण
- सेकाति खेत सिंचाई कुलो
- सरङधारा सिंचाई कुलो
- सल्लिपिपल सिंचाई कुलो
- आलेपानि खानेपानि योजना पञ्चिकोट
- उर्लिखोला मलकुनि ठुलपोखरी खानेपानि योजना

- कोरिभित्ता र चौपारि खानेपानि योजना
- धारवाङ खानेपानि योजना
- लेख दलित वस्ति खानेपानि योजना
- घोडाकोट खानेपानि रिजर्भ ट्याङकि मर्मत
- घोडाकोट देविस्थान क्रियापुत्रि घर निर्माण
- थुम्पाकि लाखुरिडाँडा प्रतिक्षालय
- पञ्चिकोट वालविकास भवन मर्मत
- मसलन्द तथा कार्यालय सञ्चालन

लुम्विनी प्रदेश बाट विनियोजन भएका योजनाहरु

- रेड स्वायल पार्क भौतिक पुर्वाधार निर्माण
- कोछापखोला सिम सिर्से सिंचाई कुलो निर्माण
- झाक्रिखोला सेरपाटा सिंचाई कुलो निर्माण
- विकासी कुलो सिंचाई योजना र कोछापखोला सिम सिर्से सिंचाई योजना
- घोडेखोला तटबन्धन योजना
- कोछाप खोला सिम तटबन्धन योजना
- किमिचौर घोडागाउँ माडिचौर सडक
- किमिचौर घोडागाउँ सडक
- भलवाङ खानेपानि आयोजना
- दाङचोट तुसारपानि घोडाकोट खानेपानि आयोजना
- सिध्दमुल खानेपानि आयोजना
- थम्पाकी वस्ति विकास योजना
- घोडागाउँ वस्ति विकास
- देविभक्त आ वि थुम्पाकि भौतिक पुर्वाधार निर्माण
- प्यूपा खोला गाँड खोला तटबन्धन
- वडा कार्यालय घेरावार तथा भौतिक निर्माण
- थुम्पाकी स्वास्थ्य ईकाई घेरावार तथा भौतिक पुर्वाधार

वित्तिय प्रगति

- जम्मा योजनाको संख्या २३ (सम्पन्न २०) ८६.९५प्रतिशत
- गाउँपालिका बाट विनियोजित ४ (सम्पन्न ४) १०० प्रतिशत
- जम्मा कार्यक्रम ८ (सम्पन्न ८) १०० प्रतिशत
- खरिद योजना ४ (सम्पन्न ४) १०० प्रतिशत
- लुम्विनी प्रदेश बाट विनियोजित योजना (सम्पन्न १७)१०० प्रतिशत

आर्थिक वर्ष २०८२/८३मा सम्पादित मुख्य मुख्य कार्यक्रमहरु

- गर्भवती तथा सुत्केरी महिलालाई निशुल्क क्यालिसयम चक्कि वितरण घोषणा

- घोडागाउँ स्वास्थ्य चौकीमा निशुल्क ल्याव सेवा निरन्तरता
- मानसिक स्वास्थ्य सम्वन्धि सचेतना मुलक कार्यक्रम सञ्चालन
- वडामा भएका विकास निर्माण तथा कार्यक्रमको डकुमेन्ट्रि निर्माण
- गर्भवति तथा सुत्केरी महिलालाई पोषिलो सामाग्रि वितरण
- जातिय विभेद न्यूनिकरण सम्वन्धि सचेतना मुलक कार्यक्रम सञ्चालन
- बाल विवाह न्युनिकरण सम्वधि सचेतना मुलक कार्यक्रम सञ्चालन
- निशुल्क भेटेरिनरी ओषधि वितरण
- गर्भवती तथा सुत्केरी महिलालाई निशुल्क क्यालिसयम चक्कि वितरण घोषणा
- वडामा भएका विकास निर्माण तथा कार्यक्रमको डकुमेन्ट्रि निर्माण

कार्यक्रम सम्पादनको क्रम्मा आईपरेका समस्या तथा चुनौतिहरु

- प्राविधिक कर्मचारी लाई प्रशासनिक कानूनी झमेला बुझ्न गाह्रो भएको।

अपेक्षा

राष्ट्रसेवक कर्मचारिको मानसिक स्वास्थ्य लाई ध्यानमा राखी उत्प्रेरणामुलक तालिम भ्रमण तथा कार्यक्रमको अपेक्षा

ब) २ नं वडा कार्यालय

परिचय

- सुनिलस्मृति गाउँपालिको २ नं. वडा साविकको खुँग्री गा. वि. स. लाइ परिवर्तन गरी बनेको वडा हो। यस वडाको पुर्व तर्फ सुनिलस्मृति गाउँपालिको ४नं. वडा, पश्चिम तर्फ सुनिलस्मृति गाउँपालिको १ न वडा, उत्तर तर्फ रोल्पा नगरपालिको ३ नं. वडा र दक्षिण तर्फ स्वर्गदावारी नगरपालिको ५ र ३ नं. वडाको सिमानाले छोएको छ। यस वडामा मूख्यतया मगर, दशनामी,ठकुरी,दलित cflb जातजातीको वसोवास रहेको छ।

यस वडाको घरधुरी तथा जनसंख्या विवरण

घरधुरी संख्या	**९१०**
महिला	**१७५७**
पुरुष	**२४११**
जम्मा	**४१६८**

कार्यबिबरण

